एमालेमा न नीति, न नेतृत्व | आतंकवादको जालो

आइतबार • २३ माघ २०७३ • मूल्य रु. २५

नेपाल

nepal.ekantipur.com
ष्ट्रिय साप्ताहिक

नेकपा (परिवारवादी)

KATHMANDU CANCER CENTER

Advanced Care, Better Result

सुरुवात हामीबाट

क्यान्सर उपचारका लागी विश्वस्तरिय रेडियोथेरापी

Introducing the modern **Elekta Synergy Linear Accelerator (LINAC)** manufactured in the UK, which treats cancer patients with high precision radiation.

Radiotherapy | Chemotherapy | Palliative Care | Second Opinions | Lab | CT Scan | Patient Transport

Tathali-2, Nala Road, Bhaktapur
P. O. Box: 19561
Tel: 01-5091629, 5091644
Email: info@kccrc.org

w w w . k c c r c . o r g



नेपाल गुणस्तर प्रमाण चिन्ह
ने.गु.४९

HI-TECH CEMENT

हरेक निर्माण मजबुतीको प्रमाण

हाई-टेक ओ.पि.सि. सिमेन्ट

बदलिंदो निर्माण प्रविधिसंगै सिमेन्ट छनोट प्रकृयाबारे पनि गहिरेर सोच्नुपर्ने स्थितिको सृजना भएको छ । त्यसैले रोजौं गुणस्तरीय **HI-TECH ओ.पि.सि.** सिमेन्ट जसले आफ्नो मजबुत एवं अदम्य साहसद्वारा तपाईंको हरेक निर्माणलाई गुणस्तरीयताको प्रमाणस्वरुप प्रस्तुत गर्दछ ।

A QUALITY PRODUCT OF
अम्बे सिमेन्ट प्रा.लि.
पर्सा, नेपाल

Corporate Office:
Ambe Complex, 6th floor, Teku, Kathmandu, Nepal
Ph: 977-1-4225027, 4212642: Fax: 977-1-4257737
Email: ambecementktm@gmail.com

Made in Nepal
O.P.C.
SUPER FINE

ISO 9001:2008 CERTIFIED COMPANY

अब नवरत्न को गुणका साथै
हल्का सुगन्ध अनि बदाम को पोषण ।

भित्र

आइतबार, २३ माघ २०७३ (वर्ष १७, अंक २५)
NEPAL National Weekly, 5 Feb 2017 (Vol. 17, No.25)

नेपाल
www.nepal.ekantipur.com

परिवारवादी पार्टी

आवरण ३२

१६ संवाद
'अक्षम र अयोग्यबाट के हुन सक्छ र ?'
- मार्सलजुलुम शाक्य

२० पुस्तक अंश
'ज्ञानेन्द्रजस्ता लोभी राजा सायदै संसारमा होलान्'

२४ सुरक्षा
आतंकवादको नयाँ स्वरूप

२८ एमाले
मधेसबारे नीति र नेतृत्वहीनता

उहिले हात्ती, अहिले फुस्रा	१४
विचार : फ्राङ सुबिन	१५
दृष्टिकोण : हस्त गुरुङ	१८
सन्दर्भ : मेघराज पोखरेल	२६
टिप्पणी : श्रेय पौडेल	३१
खुकुरीको बेथा	३९
खेलाडीजति चीनतिर	४४

५४ झल्याकझुल्लुक
घैंटोमा घाम लागेपछि...
'ट्र्याक चेन्ज'

४० व्यक्तिचित्र
गुरु पत्रकार

स्थायी स्तम्भ >>

पाठकको पत्र (६), सोझै (९), परिहास (१०), झटारो (११), स्मरण (१३), पुस्तक (४६), साहित्य (४८), सूचना/प्रविधि (५०), चित्रपट (५२), झल्याकझुल्लुक (५४), सहरमा (५६), नोटबुक (५८)

कान्तिपुर पब्लिकेसन्सका लागि अध्यक्ष तथा प्रबन्ध निर्देशक : कैलाश सिरोहिया । **निर्देशक** : स्वस्तिका सिरोहिया । **प्रधान सम्पादक** : प्रशान्त अर्याल

साहित्य/कला : रमण घिमिरे, **प्रमुख उप-सम्पादक** : सन्तोष आचार्य, **विशेष प्रतिनिधि** : सीताराम बराल, **वरिष्ठ संवाददाता** : राजकुमार बानियाँ, रामबहादुर रावल, बाबुराम विश्वकर्मा
सहायक वरिष्ठ संवाददाता : माधव बस्नेत, **संवाददाता** : मनबहादुर बस्नेत, प्रदीप बस्याल, गोकर्ण गौतम, **अर्थ** : सुरेशराज न्यौपाने

कपी डेस्क : ईश्वरी ज्ञवाली, विमल आचार्य, **तस्बिर** : रवि मानन्धर (संयोजन), भास्वर ओझा
सज्जा : चन्द्रकुमार प्रजापति (संयोजन), घनश्याम डंगोल, यमन मानन्धर, सुनीता अधिकारी, **कार्टुन/ग्राफिक्स** : रवीन्द्र मानन्धर, **मार्केटिङ** : असुरारी ज्ञवाली

कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि., सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौं, पो.ब.नं. ८५५९, फोन नं : ५१३५००० (एक्सटे. २१०७),
फ्याक्स : ५१३५०२५, विज्ञापन : ५१३५००० (एक्सटे. ११०७), ग्राहक सेवा : ५१३५००० (एक्सटे. १२१३), इमेल : nepalmag@kmg.com.np
पृथ्वी प्रिन्टिङ प्रेस (प्रा.) लि. काठमाडौँमा मुद्रित, प्रकाशन मिति : १६ माघ २०७३, का.जि.द.नं. १०४/०५६/५७ म.क्षे.हु.नि.का.द.नं. २/०५७/५८

nepalpatra@kmg.com.np

कारबाही गर्न ढिला नहोस्

विदेशमा ६ वर्ष दुःख गरेर कमाएको रकमबाट ५० ग्राम सुन ल्याउँदा पनि राजस्व तिर्नुपर्ने तर त्रिभुवन विमानस्थलबाट राजनीतिक संरक्षणमा किलोका किलो सुनचाहिँ त्यत्तिकै भित्र्याउन पाइने *(तस्करीको सुनले ढुकुटीमा धक्का, १६ माघ)* ? यो त अलिक हजम नहुने कुरा भयो । अवैध ढंगले सुन भित्रियो भन्ने कुरासँग सहमत हुन सकिँदैन । किनभने, त्रिभुवन विमानस्थलको वैधानिक बाटो भएर नेपाल भित्रिएको सुन कसरी अवैधानिक हुन्छ ? बरू, राजनीतिक नेता/समूहको संरक्षणमा जे पनि गर्न छूट छ भनेको भए हजम हुने थियो । अवैधानिक हो भने भन्सारका कर्मचारी या नेता जसको दोष हो, उनीहरूलाई कारबाही गर्न किन ढिलाइ ? त्रिभुवन विमानस्थलका कर्मचारीलाई जागिरबाट बर्खास्त गर्नुको साटो सरकार चुपचाप रहँदा यो घटनामा सरकारकै विशिष्ट व्यक्तिको संलग्नता रहेको आशंकालाई बल पुऱ्याइरहेको छ । जनताको विश्वास आर्जन गर्ने हो भने दोषीलाई कारबाही गर्न ढिला नहोस् ।

● **मिलन तुलाधर**
इन्द्रचोक, काठमाडौं

मुलुक नै असफल नेतृत्वको कब्जामा

मधेस आन्दोलनको १० वर्ष पूरा भएका बेला मधेसकै अभियन्ता तुलानारायण साहको दृष्टिकोण सन्तुलित र पठनीय लाग्यो *(मधेस विद्रोहका दस वर्ष : अलोकप्रिय नेतृत्वको कब्जामा, १६ माघ)* । साहले मधेस आन्दोलनको वस्तुनिष्ठ समीक्षा गरेका छन् । मधेसको समस्यालाई राजनीतिक मात्र देख्नु ठूलो समस्या हो । सडक, बजार, शिक्षालय, स्वास्थ्यालय धेरै कुराको सुविधा पहाड र हिमालभन्दा बढी छ मधेसमा तर मधेसी जनतामा शिक्षा र चेतनाको स्तर भने ज्यादै कमजोर छ । मधेसका नाममा राजनीति गर्नेहरूले यो समस्या समाधान नै गर्न चाहँदैनन् । किनभने, जनता शिक्षित, चेतनशील र रोजगारी प्राप्त भए भने आन्दोलन गर्न आउँदैनन् । मधेसपछि पर्नुमा मधेसबाट पटकपटक सांसद र मन्त्री भएका महन्थ ठाकुर, हृदयेश त्रिपाठी, विजय गच्छदार, जेपी गुप्ताहरूले जिम्मेवारी नलिने ? पञ्चायत, लोकतन्त्र र गणतन्त्रमा नेता उनै हुने अनि मधेस उस्तै छ भनेर उनीहरू नै ठूलठूलो स्वरले कराउनुको के अर्थ ? यो त झन् मधेसी नेतृत्व नै कमजोर भएको स्वीकारोक्ति हो । साहले मधेसी नेताहरू, राज्यका कमजोरी, मधेसी दलका कमजोरी र दलहरूले गर्नुपर्ने कुरा उठान गरेर जुन आलेख पस्किएका छन्, ज्यादै बेजोड लाग्यो । यसलाई यसरी पनि भन्न सकिएला, मधेस मात्र होइन, पूरै देश पनि अलोकप्रिय र असफल नेतृत्वको आलोपालो कब्जामा छ ।

● **रामस्वरूप महतो**
गौर, रौतहट

सधैं युद्ध मात्रै ?

फेरि युद्ध लड्ने मोहन वैद्यको घुर्की सुनेर निराश भइयो *(फेरि 'जनयुद्ध' !, १६ माघ)* । देशमा आमूल सुधार गर्ने नाममा भएको १० वर्षे माओवादी युद्धका घाउ अझै थुप्रैकामा आलै छन् । आमजनताले दैनिक जीवनमा महसुस गर्ने खालका सुधार र विकास त भएकै छन् । राजनीतिक उपलब्धिको पनि अझै सुनिश्चितता देखिन्न । यी सबैले दिने पाठ युद्धले कहिल्यै समाधान दिन्न भन्ने हो । तर, किन मोहन वैद्यको दिमागमा हिंसाबाहेक अरू कुरै फुर्दैन हँ ?

● **रमेश कक्षपति**
नयाँ बानेश्वर, काठमाडौं

भाषण मात्र गरेर नेता बन्न असम्भव

जुनसुकै भए पनि राष्ट्रवाद नक्कली हुँदैन *(ओलीको राष्ट्रवाद आस्था वा आदर्श होइन, १६ माघ)* । तर, मलाई आदर गर भन्दैमा कोही पनि आदरणीय हुनै सक्दैन । सच्चा देशभक्तले राष्ट्रको समग्र उन्नतिबाट यसको गरिमालाई उँचो पार्न सक्नुपर्छ । भाषणबाट नेता हुने प्रवृत्तिलाई अन्त्य गरी भिजनमार्फत नेतृत्व लिने परिपाटीको विकास हुन जरुरी छ ।

● **विश्वराज भण्डारी**
काठमाडौं

- केपी ओली राष्ट्रवादी हुन् कि होइनन् भन्ने विषयमा बहस हुन सक्ला। समयक्रममा उनको असलियत देखिँदै पनि जाला। तर, उनको राष्ट्रवादबारे प्रमाणपत्र दिने अख्तियारी राधाकृष्ण मैनालीलाई छैन। राजाको प्रत्यक्ष शासनकालमा दरबार छिर्ने, जनताको आन्दोलन दबाउने, कुनै राजनीतिक दल, दर्शन र संगठनमा अड्न नसक्ने, प्रजातान्त्रिक आन्दोलनप्रति नै घात गर्ने स्खलित पात्रहरूले केपी ओलीको राष्ट्रवादमा औंला उठाउनु कुनै नयाँ कुरा होइन।

● **रामचन्द्र भट्टराई**
चाबहिल, काठमाडौं

- केपी ओलीका बारेमा उनकै राजनीतिक सहयात्रीले गरेका टिप्पणी रोचक छन्। वास्तवमा महाकाली सन्धिलाई बिर्सेर केपी ओलीलाई अहिले देवत्वकरण गर्नुको कुनै अर्थ छैन। आफूलाई फाइदा हुँदा नेपालका जुनसुकै शक्तिले विदेशीहरूसँग उठबस गरेका छन्। र, आफू शक्तिमा टिक्ने अवस्था नभएपछि विदेशी प्रभुप्रति धारेहात लगाउने गरेका छन्। कुरा धेरै र थोरैको मात्र हो।

● **राजकुमार रानामगर**
ट्राफिकचोक, बुटवल, रुपन्देही

आज पनि उत्तिकै सान्दर्भिक

मेरा सदाबहार प्रिय लेखक हुन्, भैरव अर्याल *(भैरव दुःखान्त, १६ माघ)*। उनको लेखनीमा हास्य मात्र होइन, गहन व्यंग्य चेत पनि हुन्छ। समाजमा विद्यमान तर ख्याल नगरिएका तथ्यलाई आफ्नो लेखनीमा उधिन्न खप्पिस थिए उनी। त्यस्ता प्रतिभाशाली लेखकले आत्महत्या गरेका हुन् भन्ने मात्र थाहा थियो। विस्तृत जानकारीको इच्छा थियो, जुन यसपटक पूरा भयो। उनको सुसाइड नोट पढ्दा त मुटु छियाछिया भयो। समाचार सामग्रीमा समेटिएका विवरणले पनि भैरवको क्षमता र लेखनीको विषयलाई उजागर गरेको छ। उनको लेखनी आज पनि उत्तिकै सान्दर्भिक लाग्छ तर नयाँ पुस्तामाझ उनी बिरानो बनिरहेका छन्। यस्तो बेला आएको यो समाचारले आजको पुस्तालाई भैरव र उनको लेखनीप्रति रुचि जगाउन अवश्य पनि सफल हुनेछ।

● **सुन्दर चौलागाईं**
निजगढ, बारा

शाख गुम्ने खतरा

पुराना भ्रष्टाचारका मुद्दा जहाँको त्यहीँ छोडी विभिन्न पार्टी चहारी हिँड्ने विवादास्पद व्यक्ति ल्हारक्याल लामाको मुद्दामा चाहिँ विशेष अदालतले तदारुकता देखाएर सफाइ दिन हतारो गरेको रहस्य बुझ्न सकिएन *(किन हतारियो विशेष अदालत ?, १६ माघ)*। विसं ०६९ मा दर्ता भएका मुद्दासमेतलाई थाँती राखी माओवादी केन्द्रका सांसद रहेका लामाको मुद्दा किनारा लगाउन उच्च राजनीतिक तहबाटै दबाब परेकामा शंका रहेन। यसरी अदालतलाई समेत प्रभावमा पारी मुद्दा किनारा लगाउँदै जाने हो भने स्वतन्त्र अदालतको हाम्रो अवधारणा माटोमा मिल्ने निश्चित छ।

● **तारानाथ सिंह**
पाटनढोका, ललितपुर

विदेशबाट

सार्क तङ्ग्र्याउन काठमाडौं बैठक

गत वर्ष पाकिस्तानमा हुने तय भएको सार्क शिखर सम्मेलन सरेयता पहिलोपटक सदस्य राष्ट्रका उच्च तहका कूटनीतिज्ञहरू १९-२० माघमा काठमाडौंमा छलफलका लागि जुट्दै छन् । सार्कको उद्देश्यपूर्तिमा स्थापनायताको तीन दशकमा देखिएका अवरोधबारे भारतले बैठकमा कुरा उठाउने बताइएको छ । अध्यक्ष राष्ट्रका रूपमा नेपालले डाकेको बैठकमा १९औं सम्मेलनका लागि उठेका अवरोध हटाउनेबारे समेत छलफल हुनेछ । भारतले भने माहोल बनाउने काम पाकिस्तानकै सोचमा निर्भर हुने बताइरहेको छ ।

भारतले 'आतंकरहित' वातावरणमा मात्र सार्कको अर्थ रहने बताइरहेको छ । भारतीय दैनिक पत्रिका *इकोनोमिक टाइम्सले* पाकिस्तानले सार्क मोटर तथा रेल सम्झौताजस्ता कनेक्टिभिटीको प्रयास र सीमापार आतंकवादविरुद्धको सहकार्यका लागि नचाहेको लेखेको छ । जसकै कारण भुटान, बंगलादेश, भारत र नेपाल इनिसेटिभ (बीबीआईएन)मा यो अवधारणालाई लैजानु बाध्यता भएको बताइएको छ । 'बीबीआईएन फर्मुला'का रूपमा त्यसको सांकेतिक अभ्यास दिन दिल्ली-ढाका ट्रक सेवा र भारतबाट नेपाल र बंगलादेशलाई बिजुली दिने काम भइसकेको पत्रिकाले लेखेको छ । ◆

सुर-बेसुर

"प्रधानमन्त्रीज्यू, तपाईं पनि गरिबी (घटाउन)का लागि सशस्त्र क्रान्ति गरेर आउनुभयो । क्रान्तिमा लाग्दा टाउकाको मूल्यसमेत तोकिएको थियो । म पनि गरिबीका लागि लड्न खोज्दै छु । तर, मन्त्रालय एकातिर छ, कार्यक्रम अर्कैतिर । कसरी गरिबी निवारण हुन्छ ?"

हृदयराम थानी,
मन्त्री, सहकारी तथा गरिबी निवारण
कान्तिपुर

तस्बिरमा इतिहास

दनदनी सिंहदरबार: २५ असार ०३० मा सिंहदरबारमा आगलागी भएको थियो । यस घटनापछि कीर्तिनिधि विष्टले राजीनामा दिएका थिए ।

तस्बिर : रीच पिफाउ

सोझै

तथ्यचित्र

घटेन भ्रष्टाचार



■ नेपालको स्थान
■ सूचकांकमा समावेश कुल मुलुक

स्रोत : ट्रान्सपरेन्सी इन्टरनेसनलको भ्रष्टाचार अवधारणा सचकांक २०१६ | इन्फोग्राफिक्स : यमन मानन्धर

सातका चर्चित

अनुराधा कोइराला
सामाजिक अभियन्ता

सामाजिक क्षेत्रमा महत्त्वपूर्ण काम गरेबापत भारत सरकारबाट पद्मश्री सम्मानको घोषणा भएकाले ।

मीरा राई
धाविका

नेसनल जोग्राफीबाट 'एड्भेन्चर अफ दी इयर-२०१७' घोषित भएकाले ।

चियर्स !

विश्व सम्पदामा सूचीकृत वसन्तपुरस्थित दरबारक्षेत्रको माजु देगः मन्दिरलाई भूकम्पले के देखिसहन्थ्यो ? मन्दिर पुनःनिर्माणको पहिलो चरणमै ठेकेदारले आफ्नो प्रतिभा देखाएछन्, मन्दिर छेकबारका लागि गाडिएको पोलको जगमा बियर बोतल प्रयोग गरेर । सिमेन्ट, बालुवा र छडको ठाउँमा बियर बोतलको उपयोगबाट ठेकेदारले आवश्यकता नै अविष्कारको जननी हो भन्ने प्रमाणित गरेका छन् । अफ, धन्यवाद काठमाडौं महानगरपालिका, जसले बियरको बोतलबाट मन्दिर निर्माण गर्न सक्ने ल्याकत भएका ठेकेदारको खोजी गरेर मुलुकलाई ठूलो गुन लगाएको छ । यही खुसीयालीमा आउनुस्, तपाईं-हामी पनि चियर्स गरौं !

■ **बाटरगेट उपाध्याय**

एक–दुई सिटे टुटफुट

जब-जब सरकारमा मन्त्री थपिने सु-समाचार आउँछ, बाहिरफेर जुटेजस्ता देखिएका दलमा धाँजा फाट्न थाल्छन् । ठूला दलमा उकुसमुकुस हुन थाल्छ, एक सिटे, दुई सिटे साना दल त फुट्छन् नै । जस्तो : एक सिटे नेपाः राष्ट्रिय पार्टीले एक्ला सांसद लक्ष्मण राजवंशीलाई नै निकालिदियो । पार्टीको मानार्थ सदस्य मात्र रहेका माननीयलाई ८२ वर्षको उमेरमा बौद्धिक जनतान्त्रिक परिषद् नामको पार्टी खोल्नुपर्ने आपत् आइलाग्यो ।

अर्को रमाइलो काण्ड पनि भयो

अजीवको आशा

भूकम्पपीडितले दुई वर्षायाम चुहिने त्रिपालमुनि बिताए, हिउँद पनि कठ्यांग्रिएरै काट्नुपर्‍यो । राहतमा हदैसम्म कन्जुस्याइँ गरेको आरोप सरकारलाई लाग्यो । त्यसपछि घर बनाउन किस्ताबन्दीमा रकम बाँड्दा पनि सरकारको खेदो खन्नेको कमी भएन । अब सरकारले आफ्नो नाक बचाउन गजबको कदम चालेको छ । जसको कारण पीडितमा अजीवको आशा र उत्साह प्रवाह भएको छ ।

भएको के हो भने शीतल निवास प्राङ्गणको २० रोपनीमा ६२ करोड रुपियाँको लागतमा राष्ट्रपतिका लागि बुलेटप्रुफ भवन बनेको रहेछ । राष्ट्रपतिको बुलेटप्रुफ घरको खबर आएपछि भूकम्पपीडितमा अखबार किन्न तँछाडमछाडै भएछ । यस्तो खबर लेख्ने अखबार कम्तीमा पनि चिसोप्रुफ, गर्मीप्रुफ, पानीप्रुफ, शीतप्रुफ वा बतासप्रुफ त कसो नहोला ? त्यसैले पो आफ्नो थोत्रा टहराका मक्किएका छाना टाल्न यति मरिहत्ते गरेका रहेछन्, भूकम्पपीडितले ।

■ **छुल्याहा गुरु**

६ सय एकमा एक

अर्थशास्त्री कौटिल्य उर्फ चाणक्यले इतिहासमा सुनेथ्यो, फ्रान्सेली राजा लुई चौधौंले भने रे, 'म नै राज्य हुँ ।' इतिहासमा त्यसो सुनेको चाणक्यले वर्तमानमा हिजै फेरि उही सुन्यो, नेपालमा एक मन्त्रीले भने रे, 'म नै राज्य हुँ ।'

भएजतिका सबै दल चाखिसकेका प्रेमबहादुर सिंह भनिने उनलाई बहादुर सिंह होइन, बहादुर मुसा भनेर बढी चिनिन्छ । आफ्नो पार्टीका अध्यक्षदेखि साधारण सदस्यसमेत सबै उनै हुन् । ६ सय एकमा उनी केवल एक हुन् । संसद्‌मा उनको दलको एक सिट छ । तर, उनी यस्ता शक्तिशाली मुसा हुन् कि सदाबहार मन्त्री । मन्त्री पनि चानचुने हो र ? दुई-दुईपल्ट नै सरसफाइ पो ! प्रेमको सरसफाइ प्रेम अचम्म छ । तर, उनै गुहेमुसाको सफाइ गर्ने 'थ्रेसहोल्ड' नामक विषादी किन्नुपर्ने बेला संविधानको कार्यान्वयन गर्न उनी मन्त्री बनेका रे !

राज्यले पहिले कर्णालीमा 'एक घर : एक रोजगार' अवधारणा ल्याएको थियो । चाणक्यले बल्ल बुझ्यो, यो भनेको त कर्णालीकै बहादुर मुसालाई 'एक सांसद : एक मन्त्री' बनाएर रोजगार दिने भनेको पो रहेछ !

■ **चाणक्य नेपाली**

यो नेपाली पासपोर्ट उचाली...

अचेल नेपाली युवा ओसार्न हवाईजहाजलाई भ्याइनभ्याइ छ । किन बसून् त युवाहरू यहाँ ? देश हाँक्ने प्रधानमन्त्री यति गरिब छन् कि सम्पत्तिको नाउँमा जम्मा तीन तोला सुन छ । लौ यति मात्र भए पनि सहन्थे होला । यहाँ देश चलाउन मुख्य भूमिका रहने अर्थ मन्त्रालय भुरा माछाले चलाएका छन् । लौ यो पनि सहलान् रे ! तर, स्वयं स्वास्थ्य मन्त्रीका मन्त्री-ससुरा औषधीको अभावमा स्वास्थ्य खराब हुँदा दालचिनी चपाउन थाल्छन् । अनि, यस्ता देशमा को बसोस् ? त्यसैले अचेल 'यो नेपाली शिर उचाली संसारमा लम्किन्छ, जूनकिरीझैं ज्योति बाली अन्धकारमा चम्किन्छ...' भन्ने गीत भन्दा त राजा राजेन्द्रको प्यारोडी गीत 'यो नेपाली पासपोर्ट उचाली विदेशतिर लम्किन्छ, लोडसेडिङमै ज्योति बाली अन्धकारमा चम्किन्छ...' बोलको गीत सुपरहिट छ ।

■ **सुर्जे नेवाः**

संसद्मै । दुई सिटे थरूहट तराई पार्टीले पनि सांसद गंगा चौधरीलाई बर्खास्त गरिदियो र ३० वर्षे उमेरमै उनले नयाँ दल खोल्नुपर्‍यो, थरूहट तराई पार्टी लोकतान्त्रिक । 'ओभर मेकअप गरेर नहिँड' भन्ने सांसद गोपाल दहितलाई उनले नयाँ दल खोलेर देखाइदिइन् । देख्यौ त ? माननीयले मनपसन्द क्रिम, पाउडर र लिपिस्टिक लगाउन नपाउनुको करामत ? महाभियोग, संविधान संशोधन आदि त सब भन्ने कुरा न हुन् !

■ **लाल कुमाल**

महान्यायाधिवक्ता कि महाभिजिलान्ते ?

लत परेपछि छुटाउन गाह्रो हुन्छ । फिल्म *छक्का-पन्जाका* नायकलाई नै हेरौं । उनी सुहागरातमै श्रीमती कुट्न तम्सिन्छन् । नेपाल राज्यका महान्यायाधिवक्ता रमण श्रेष्ठलाई त्यस्तै अनौठो लत रहेछ । त्यो हो, भिजिलान्ते लत । भिजिलान्ते यस्तो एउटा लत हो, यो लत परेको मान्छे सरकारी मानो खान्छ तर भीडमा गएर सरकारतिरै ढुंगा हान्छ । राज्यको ओहोदामा बस्छ अनि राज्यतिरै वाण तेर्स्याउँछ । अराजकतालाई उक्साउँछ । न्याय, कानुन सब मरिसक्यो भनेर घोषणा गर्छ ।

श्रेष्ठ महान्यायाधिवक्तामा के नियुक्त भएका थिए, उनले हतारहतार सर्वोच्च अदालतविरुद्ध आन्दोलन घोषणा गरे । उच्च अदालतमा न्यायाधीश नियुक्तिको विरोधमा आफूमातहतका सरकारी वकिल र कर्मचारीलाई उकासे । ट्रेड युनियनको झन्डा बोकाएर अरूलाई अघि सारे, आफू युनियनको प्रवक्ताजस्तै जोडतोडले कराउन थाले, 'अन्याय भो ! सहन सकिन्नँ ।'

राज्यको मानो खाएर, प्रधानमन्त्रीका प्रमुख कानुनी सल्लाहकार नै मुलुकको न्यायपालिकाविरुद्ध यसरी उत्रिएपछि उनलाई बरू महान्यायाधिवक्ता नभनेर महाभिजिलान्ते पो भन्ने कि ?

■ **रुन्चे राइँलो**

झटारो | ■ **लक्ष्मण गाम्नागे**

आफ्नै हात जगन्नाथ

सहकारीको क्षेत्रमा भएका विकृति र विसंगति कम गरी त्यसलाई नियन्त्रणमा ल्याउन भन्दै सरकारले पेस गरेको सहकारी ऐनमा आफू अनुकूल संशोधन गर्न त्यो क्षेत्रमा संलग्न माननीय सांसदहरूले हजार ठाउँमा टाटेपाटे पारे भन्ने समाचार आयो । यसबाट माननीयहरू आफ्नो पेसा-व्यवसायप्रति कति चिन्तित र सजग रहेछन् भन्ने थाहा हुन्छ ।

सडकमा नारा जुलुस नगरी शान्तिपूर्ण र वैधानिक तरिकाले भित्रभित्रै आ-आफ्नो दुनो सोझ्याउने यो काइदालाई लोकतन्त्रको एउटा सुन्दर पक्ष मान्नुपर्छ । केही समयअघि स्कुल-कलेजका साहू माननीयहरूले शिक्षा ऐनलाई आफू अनुकूल पारेर संशोधन गराए । बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐनमा बैंकर माननीयहरूले त्यसै गरे । मेडिकल माननीयहरूको चर्चा पनि त्यत्तिकै छ । हाम्रो संसद्लाई त्यत्तिकै समावेशी बनाइएको हो त ? आ-आफ्नो क्षेत्रको हितमा माननीयहरूले यसै गरी कलम घोट्नू भनेरै विभिन्न क्षेत्रको प्रतिनिधित्व गराइएको हो । अनि, सहकारी सञ्चालक माननीयहरूले ऐनलाई आफ्नो हित अनुकूल बनाउन खोजे भनेर कसैले किन टाउको दुखाउनू ? डाडु-पन्यू हातमा पर्‍यो कि आफ्ना भागमा स्वाट्टै चोक्टा पारिहाल्ने हाम्रो स्थापित परम्परै हो ।

हाम्रो समावेशी संसद् व्यावसायिक माननीयहरूले भरिभराउ छ । कोही सहकारीका सञ्चालक माननीय छन्, कोही बैंकर माननीय छन् । त्यस्तै शिक्षा व्यवसायी माननीय, स्वास्थ्य उद्यमी माननीय, यातायात व्यवसायी माननीय, सेयर बजारका खेलाडी माननीय छन् । हुँदाहुँदा भ्रष्टाचारी माननीय, ठग माननीय, यौन दुराचारी माननीय, दलाल माननीय, अपहरणकारी माननीय, अवैध बजारी माननीय, नक्कली पासपोर्टधारी माननीय, नक्कली नागरिकताधारी माननीय आदिको संख्या पनि त्यहाँ उल्लेख्य छ । ती माननीयहरूले पनि आ-आफ्नो क्षेत्रसँग सम्बन्धित ऐन-कानुनलाई आफू अनुकूल बनाउन पक्कै पनि परिश्रम गरिरहेकै हुनुपर्छ ।

यातायात व्यवसायी माननीयहरूले सिन्डीकेट जोगाइराख्ने वा गाडीले मान्छे मार्दा वा घाइते बनाउँदा वा ट्राफिक नियम उल्लंघन गर्दा सकेसम्म सजाय हुन नहुने, भए पनि नाम मात्रको हुने गरी संशोधन गर्न खोज्नु, व्यापारी व्यवसायी माननीयले कर वा भ्याट छल्न मिल्ने गरी ऐनमा संशोधन गर्न खोज्नु सामान्य कुरा हुन् । सहकारी राम्ररी चलोस्, खुब नाफा होस्, बचतकर्तालाई राम्रो बोनस दिन पाइयोस् भन्ने लाग्दालाग्दै पनि नोक्सानमा गयो भने के गर्ने ? जनताको लगानी फिर्ता गर्नै नसकेर अफिस बन्द गरेर भाग्नुपर्‍यो भने के गर्ने ? त्यस्तो भवितव्य परेमा सजाय कम होस्, छोटो समय जेल परेर कमाइ पचाउन पाइयोस्, सहकारी नै खोलेर बसिसकेपछि इच्छा लागेका ठाउँमा लगानी गर्न पाइयोस्, आफन्त नातागोतालाई ऋण दिन पाइयोस्, आफ्नै इच्छा अनुसार ब्याज तोक्न पाइयोस्, सरकारले अनुगमन नगरोस्, राष्ट्र बैंकले आँखा नलाओस्, ऐनमा यस्तै उस्तै प्रावधान राखेर संशोधन गर्न खोजेको होला माननीयज्यूहरूले ! ठीकै त हो नि, त्यो पद र हैसियतमा भएका माननीयले पनि आफ्नो हात जगन्नाथ गर्न नपाउने हो भने देशमा लोकतन्त्र आएको के अर्थ ? लोकतन्त्रका लागि वीर सहिदहरूले गरेको बलिदानको के माने ?

सहकारीहरूले आफ्नै खुट्टामा उभिएर आफूखुसी काम गर्छौं भन्नु राम्रो कुरा हो । जनताको लगानी जोखिममा पर्छ भने त्यो त लगानी गर्नेले जान्नुपर्‍यो । सहकारी चिनेर मात्रै लगानी गर्नुपर्‍यो । त्यसैले माननीय सहकारी सञ्चालकज्यूहरूले ऐनमा गर्न खोजेको सुधारप्रति कसैले कुनै आपत्ति प्रकट नगरौं । गरिखान दिऊँ ।

kathmandupost.ekantipur.com
KMG
KANTIPUR MEDIA GROUP
BRANDING
THERE ARE "WAYS" TO DO IT...
AND THERE IS THE RIGHT WAY TO DO IT.
What makes a good Brand? What attracts people?
What can companies do to establish their message? Can we find a balance?
Find all you need to know about Branding.
the kathmandupost
escalate
BRAND
The Kathmandu Post brings you Escalate. A perfect set of tools in the form of cutting edge information, analytical knowledge and expert insight on LEADERSHIP, MANAGEMENT, BRANDING, HUMAN RESOURCE...
escalate
IT'S ALL ABOUT THE BRAND
EVERY MONDAY
IN THE KATHMANDU POST
ANS-16

सहिद काण्डपूर्वको सन्त्रास

बुबा जागिर यात्राका क्रममा विसं १९८४ मा गोरखा सरुवा हुनुभयो । साहिँलो छोराका रूपमा पाटेचौर, गोरखामै म जन्मेँ । त्यसपछि बुवा प्यूठान सरुवा हुनुभयो । मेरो बाल्यकालीन केही समय प्यूठानमा बित्यो । त्यहीँ मैले गुरु कृष्णप्रसाद अधिकारीको सानिध्यमा नेपाली भाषा पाठशालामा *हितोपदेश, अमरकोश*जस्ता पुस्तक कण्ठस्थ गर्ने मौका पाएँ । *लघुकौमुदी* पढाउने क्रममा बुबाले अब नेपाली र संस्कृत मात्र पढेर हुँदैन, अंग्रेजी पनि पढ्नुपर्छ भनेर काठमाडौँ पठाउनुभयो । काठमाडौँ आएर करिब एक वर्ष १ देखि ५ कक्षासम्मका अंग्रेजी र गणितका पुस्तक घरमै शिक्षक राखेर पढेपछि विसं १९९६ मा जुद्धोदय पब्लिक हाई स्कुलमा कक्षा ६ मा भर्ना भएको थिएँ ।

७ कक्षामा पढ्दाको कुरा हो । गंगालाल श्रेष्ठका साहिँला भाइ देवीलाल र म ज्यादै मिल्ने साथी थियौँ । हामी साहिँला-साहिँला भएर मात्र होइन, एकार्काको भावना पनि बुझ्थ्यौँ । मेरो पुर्ख्यौली घर गणेशस्थान, मरुटोलबाट उनको घर नजिकै पर्थ्यो । उनकै घर भएर सँगै स्कुल जान्थ्यौँ । त्यतिबेलाका हाम्रा सहपाठीमा षडानन्द गिरी, पुष्करनाथ उपाध्याय, हरिचरण श्रेष्ठ, गजसुन्दर प्रधान, साम्बभक्त पन्त, शारदाभक्त पन्त, अर्जुन केशरी, रमेशप्रसाद उपाध्याय र हिक्मतसिंह भण्डारीहरू थिए ।

मेरा अत्यन्तै मिल्ने साथी देवीलाल मसँगै पढ्थे भने उनका दाजु गंगालाल त्रि-चन्द्र कलेजमा आईएस्सी पढ्थे । गंगालालका अगाडि हामी ज्यादै फुच्चे देखिन्थ्यौँ । उनको व्यक्तित्व आकर्षक थियो । दौरा-सुरुवाल लगाएर स्टाइलिस ढंगले निधारसम्म आएको जुल्फी काइँयोले माथि फर्काउँदा बेग्लै देखिन्थ्यो उनको व्यक्तित्व । सबैसँग उनी आत्मीय व्यवहार गर्थे । 'राम्रोसँग पढ है, पढाइभन्दा ठूलो कुरा केही छैन' भनेर हामीलाई बारम्बार सम्झाउँथे । उनी तीनवटा पुस्तक दाहिने हातले छातीमा च्यापेर घरको माथिल्लो तलाबाट टक्टक् तल ओर्लिएको र त्रिचन्द्र कलेजको बाटो लागेको दृश्य अहिले पनि झल्झली आँखाअगाडि आइरहन्छ । पर पुगुन्जेलसम्म हामी उनलाई हेरिरहन्थ्यौँ । 'यसरी हिँड्ने हाम्रा दिन कहिले आउलान् ?' भनेर मनमनै सोच्दै हामी पनि स्कुलतिर लाग्थ्यौँ ।

१९९७ साल कात्तिक पहिलो साता उनको घरमा पुग्दा गंगालाललाई देखेनौँ । सधैँ हामी स्कुल जान लाग्दा उनी कलेज जान ठीक्क परेका हुन्थे । त्यस दिन नदेखेपछि मैले देवीलाललाई सोधेँ, "गंगालाल दाइ खोइ त ?" उनले शिर झुकाएर जवाफ दिए, "दाइलाई त २ कात्तिकमै राणाका पुलिस आएर समाएर लगे ।" म तर्सिएँ । त्यति राम्रो कुरा गर्ने, हामीलाई माया गर्ने त्यस्ता व्यक्तिलाई किन समाएर लगेका होलान् भन्ने मनमा लागिरह्यो ।

माघ पहिलो साता । सधैँझैँ हामी स्कुलमा थियौँ । ४ बजे छुट्टी भएको घन्टी बजेपछि हामीहरू हुरुरु बाहिर निसक्न खोज्यौँ तर निस्कन दिइएन । राणा सरकारका आठ पहरियाले स्कुल घेरा हालेका रहेछन् । एक हुल प्रहरी स्कुल हाताभित्र प्रवेश गरे अनि प्रधानाध्यापक तीर्थराजसिंह सुवाल र शिक्षक दमनराज तुलाधरलाई हत्कडी लगाएर लिएर गए । हामी हेरेको हेर्‍यै भयौँ । त्यसपछि हामीलाई लाइन लगाएर खानतलासी गर्न थाले ।

राणा परिवारका विद्यार्थीलाई एकातिर र हामी दुनियाँ (सर्वसाधारण)का छोराछोरीलाई बेग्लै लाम लगाएर खानतलासी गरियो । 'बाबुसाहेब केही छ कि झोलामा ?' भनेर राणा परिवारका केटाकेटीलाई बाहिरबाट यसो छामछुम गरेजस्तो गर्थे भने हाम्रा झोला भने पूरै टकटकाउँथे । करिब दुई घन्टा स्कुल हाताभित्रै हामीलाई बन्दीजस्तो बनाइयो । घर पुगेपछि पनि यो सब केका लागि गरिएको होला भन्ने बालसुलभ जिज्ञासा मनमा रहिरह्यो । बुबाबाट थाहा पाएँ, काठमाडौँमा राणाविरोधी क्रियाकलापमा संलग्न भएको आशंकामा सबैजसो स्कुल र व्यक्तिका घर-चोटामा त्यसरी नै खानतलासी गरेका रहेछन् । एक किसिमले अभियान नै चलाइएको रहेछ । सरकारी जागिरेहरूका घरमा त्यसको ठूलो असर परेको कुरा बुबाबाट थाहा पाएँ । किनभने, राणाविरोधी अभियानमा सरिक हुनेमा धेरैजसो जागिरेकै छोराछोरी थिए । हाम्रो बुबालाई पनि यस कुराले धेरै सताएको रहेछ । उहाँको कुराकानीबाट यस्तै बुझिन्थ्यो ।

माघ दोस्रो साता राणा सरकारकाले आफ्नो विरोधमा आवाज उठाएको र राणाविरोधी आन्दोलनको बिगुल फुक्ने चेतावनी दिएको आक्रोशमा शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द र गंगालाल श्रेष्ठलाई मृत्युदण्डको सजाय सुनायो । १० माघमा शुक्रराज शास्त्रीलाई टेकु-पचली र १३ माघको मध्यराती धर्मभक्त माथेमालाई सिफलमा झुन्ड्याएर मृत्युदण्ड दिइयो भने १५ माघ बिहान २ बजे गंगालाल श्रेष्ठ र दशरथ चन्दलाई शोभा भगवतीमा गोली हानेर हत्या गर्‍यो राणा सरकारले । गंगालालले शुक्रराज र धर्मभक्तलाई झुन्ड्याएर मारेको थाहा पाएपछि 'हिम्मत भए जुद्ध सरकार ! गोली ठोकेर मार' भनेकाले चन्दका साथ उनलाई बाँसको एउटै घारोमा दुईतिर फर्काएर बाँधी चार-चारवटा गोली हानेर हत्या गरिएको थियो ।

कलिला बालबालिकालाई पढ्नुपर्छ, पढाइभन्दा ठूलो कुरा अर्को छैन भनेर सम्झाउने त्यस्ता व्यक्तिलाई कायरतापूर्वक हत्या गरिएको थाहा पाउँदा राणा शासकप्रति मेरो बाल मस्तिष्कमा पनि आक्रोश बढेर गयो । १ सय ४ वर्षे निरंकुश राणाविरोधी अभियानमा प्रत्यक्ष सहभागी हुन मलाई सायद यस घटनाले नै प्रेरित गर्‍यो ।

(पूर्वप्रशासक प्रधान पहिलो विद्यार्थी संगठन नेपाल छात्र संघका संस्थापकमध्येका एक हुन् ।)

॥ प्रस्तुति : **ईश्वरी ज्ञवाली**

श्रीमतीका साथ
मोतीलाल राजवंशी

तस्बिर : पर्वत पोर्तेल

उहिले हात्ती, अहिले फुस्सा

कुनै बेला हात्ती पाल्ने पूर्वी नेपालका राजवंशीहरूलाई अहिले गाई पाल्न पनि धौधौ

पर्वत पोर्तेल/बिर्तामोड

झापा, गरामनी-६, का भीमप्रसाद राजवंशीलाई आफ्नो विलासी बाल्यकाल सम्झिँदा अचेल सपनाजस्तो लाग्छ । कहिलेकाहीँ उनी विगत सम्झिएर चकित बन्छन् । "हाम्रो घरमा हात्ती पनि पालेका थियौँ भनेर सम्झँदा होइन कि जस्तो लाग्छ," भीमप्रसादले सुनाए, "कहाँ गए ती दिनहरू ?"

पहिले-पहिले झापामा राजवंशी समुदायका सीमित मान्छेको जीवन साह्रै विलासी थियो। हात्ती र घोडा पाल्ने हैसियतमा थिए उनीहरू। तिनैमध्ये एक थिए, विष्णुका बुबा सताल सिंह पनि ।

सताल सिंह त्यसबेलाका चर्चित 'देउनिया' थिए । राजवंशी भाषामा धेरै जग्गा-जमिन र सम्पत्ति भएका पुँजीपति महाजनलाई देउनिया भनिन्छ। "हात्ती पाल्नु चार जना मान्छे पाल्नु बराबर थियो," विष्णु भन्छन्, "हाम्रामा दुइटा हात्ती थिए ।"

सताल सिंहले पहिलोपटक ल्याएको हात्ती त्यसबेलाका मन्त्री भूपालमानसिंह कार्कीलाई बेचेका थिए । दोस्रो हात्तीचाहिँ सताल सिंह आफैँले पाले, विसं ०४६ मा प्रजातन्त्र पुनःस्थापना हुनुअघिसम्म । पछि बहुलाएर मर्‍यो त्यो हात्ती । सताल सिंहले भारत, बिहारको किसनगन्जमा लाग्ने खगडा बजारबाट चार हजार भारुमा किनेर ल्याएका थिए। खगडामा हात्ती, घोडाको बजार नै लाग्थ्यो। "हात्ती किनेर चढ्नु त्यसबेला ठूलो इज्जत थियो," विष्णु भन्छन्, "जसरी अहिले गाडी किनेर चढ्ने चलन छ ।" जो पायो त्यसले हात्ती किन्न सक्ने ल्याकत राख्दैनथ्यो । सयौँ बिघा जमिनका महाजन राजवंशीहरू हात्ती मात्र किन्न सक्थे ।

त्यो समय हात्ती पाल्ने, हजारौँ बिघा जमिनमा मालिक राजवंशीहरूको अवस्था अहिले उस्तै छैन । हात्ती पाल्ने उनीहरूलाई अहिले गाई पाल्न पनि हम्मे छ । "पहिला आँखाले हेर्न भ्याएसम्मको जमिन थियो हाम्रो," विजयकुमार राजवंशी भन्छन्, "अहिले त्यत्रो जमिन कहाँ गयो होलाजस्तो लाग्छ ।" धान राख्ने भकारी मात्रै बडेमानको थियो । त्यो भकारी सताल सिंहका कान्छा छोरा प्रदीपकुमारको अंशमा परेको छ ।

राजगढका देउनियाहरू रुपतलाल राजवंशी, छविलाल राजवंशी, डाँगीबारीका सामा राजवंशी, घेराबारीका विष्णुपथ राजवंशी, भद्रपुरका सुन्दरलाल राजवंशी, कुमरखोदका चतुरसिंह राजवंशी, महेशपुरका गोपाल चन्द्रसिंह राजवंशीहरूले हात्ती पालेका थिए। पहिले हात्ती पाल्ने डाँगीबारी-१, का तारानाथ राजवंशीको परिवारिक स्थिति अहिले सुकुमबासीको जस्तै छ । सयौँ बिघा जमिन बिरिङ नदीले कटान गरेपछि त यो परिवार सुकुमबासी नै बन्यो । अहिले सानो झुप्रो र केही जमिन छ ।

सामाले विसं ०१८ देखि हात्ती पालेका थिए। पर्याप्त जमिन भएकाले धान पनि मनग्य फल्थ्यो। पाटा र सुर्तीको उत्पादन पनि मनग्य थियो। "हात्तीका लागि मात्रै पाँच बिघा जमिनमा केरा खेती लगाइएको थियो," तारानाथले सुनाए, "हजारौँ मन धान फल्थ्यो ।" धान बेच्न सामा राजवंशी शनिश्चरेदेखि भद्रपुरसम्म पुग्थे हात्ती चढेरै। "धान फल्ने खेत बाढीले बगाएपछि छाक टार्ने समस्या हुन थाल्यो," तारानाथ सुनाउँछन्, "हात्ती पाल्न त सकिने अवस्थै भएन ।" अन्ततः जनकपुरका एक व्यक्तिलाई २ लाख ३५ हजारमा हात्ती बेच्नुपर्‍यो ।

राजगढका देउनिया छविलाल राजवंशी घोडा किन्न भनेर किसनगन्जको खगडा बजार पुगेका थिए । तर, कसैको उक्साहटमा लागेर हात्ती किनेर ल्याएछन्। "हात्ती हुनु त राम्रै हो तर पाल्न गाह्रो थियो," छविलालकी पत्नी केशववती सुनाउँछिन्, "पाँच-सात वर्ष पाल्यौँ, थेग्न नसकेर पछि बिक्री गर्‍यौँ ।" केशववतीको घरमा हात्ती बाँध्न बनाइएको फलामको साङ्लो अझै छ । ◆

झाङ सुबिन

समस्या नेपालमै छ

नेपालले आफ्नो अर्थतन्त्रलाई चीनको 'वान बेल्ट वान रोड' (ओबीओआर)सँग जोडेर धेरै फाइदा लिन सक्छ । यसबाट दक्षिण एसियाका सबै देश लाभान्वित हुन सक्छन् । हामी मतभेदमा मात्र गहिरियौँ भने कहीँ पुग्दैनौँ । आर्थिक उन्नतिका लागि साझा सम्भावनामै ध्यान दिनुपर्छ । चीनले काठमाडौँका लागि रेल र सडक मार्गसहितको कार्गो सेवाको सुरुआत लान्जाओ र ग्वान्जाओबाट सुरु गरिसकेको छ। बेइजिङ-ल्हासाबीचमा पर्ने सिजाजुङ सहरबाट त्यसै गरी तेस्रो रेल-रोड कार्गो सुरु गर्न हामी पहल गरिरहेका छौँ। तर, नेपालतर्फ रेल नबनेसम्म खास लाभ भने उठाउन सकिँदैन । ओबीओआर फ्रेमवर्कमा प्रवेश गर्नका लागि समेत यो महत्त्वपूर्ण छ ।

चितवनमा बीपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा डाक्टरहरू हुन् या काठमाडौँ विश्वविद्यालयको कन्फ्युसियस सेन्टरमा शिक्षकहरू, चीनबाटै आएका छन्। यी प्रयासले हामीलाई धेरै अर्थमा जोडिरहेको छ। मेरो आफ्नै प्रान्त हवे सोलार प्यानलका लागि चिनिएको ठाउँ हो । नेपालमा भने लोडसेडिङबाट तपाईंहरू मुक्त हुनुभएको धेरै भएको छैन । रेल भएको भए तपाईंहरू कति सहजै तिनको उपभोग गर्न पाउनुहुन्थ्यो होला ? चीनमा कारहरू उस्तै सस्तो र राम्रा छन्। प्रश्न पुनः रेलमै आएर जोडिन्छ।

राष्ट्रपति सी जिनपिङ ब्रिक्स सम्मेलनमा जाने क्रममा नेपाल आउन चाहनुभएको थियो। किन आउनुभएन भन्ने प्रश्नको जवाफ नेपाल सरकारको कमजोर तयारी नै हो । त्यसैको पृष्ठभूमिमा प्रधानमन्त्रीका रूपमा केपी ओलीको चीन भ्रमणको एउटा ठूलो उपलब्धि व्यापार तथा पारवहन सन्धि भएको थियो। जसमा तेस्रो मुलुकबाट सामान ल्याउँदा अब चीनको तेन्जिन बन्दरगाह प्रयोग गर्न पाउनु थियो, जुन नेपालका लागि ठूलो अवसर हो तर रेल बनाए मात्र । हाम्रोतिर बेइजिङदेखि सिगात्सेसम्म रेल चलिसकेको छ, केरुङसम्म बन्दै छ। मैले चीनका लागि नेपाली राजदूत लीलामणि पौड्याललाई भनेको थिएँ, 'यदि काठमाडौँदेखि केरुङसम्म रेल निर्माणको माहोलको प्रत्याभूति गर्न सक्नुहुन्छ भने सी जिनपिङ अवश्य नेपाल आउनुहुन्छ ।'

चीनको रुचि सधैँ नै रेल, द्रूत मार्ग र हवाई कनेक्टिभिटीमा छ। काठमाडौँ उपत्यकामा त्यसै गरी मेट्रो रेल बनाउने कुरा चलिरहेको छ। यी खर्चिला परियोजना हुन्। चीनसँग अहिले मुद्रा सञ्चिती उच्च छ, उसले न्यून ब्याजदरमा नेपाललाई ऋण दिन सक्छ। तर, तपाईंहरू अस्वीकार गर्नुहुन्छ वा कसैको डरले लिन खोज्नुहुन्न । राष्ट्रपति सी आउने भनेको केवल काठमाडौँ घुम्न होइन । तपाईंहरूले ठूला 'प्रोडक्ट'हरू देखाउन सक्नुपर्छ। राष्ट्रपति स्वयं आउन उत्सुक हुनुहुन्छ। विदेश मन्त्रालयलाई बारम्बार तयारीका गर्न भनिरहनुभएको छ। तर, नेपालतर्फ सरकार परिवर्तनबाहेक केही हुँदैन। सरकार फेरिनेबित्तिकै चीनसँगको १० बुँदे सम्झौता कमजोर भइसकेको छ। नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले बारम्बार ओलीले हस्ताक्षर गरेका सम्झौता कार्यान्वयन गर्ने दोहोऱ्याइरहनुभएको छ तर काम भने केही हुँदैन । त्यस्तै सम्झौताहरू भारततर्फ हुँदा भने काम सुरु भइहाल्छ । प्रधानमन्त्री प्रचण्ड भारत भ्रमणमा जाँदा त्यहाँको सरकारले नेपालसँग पाँचवटा रेलवे लिंकहरू बनाउने बतायो। चीनतर्फ त केवल एउटा हो, जसमा दुई चिनियाँ कम्पनीले मोटो रकम खर्चेर सम्भाव्यता अध्ययनसमेत गरिसकेका छन्। जब मन्त्रालयसम्म कुरा पुग्छ, उनीहरू बजेट छैन भन्दै पन्छिन्छन् । पोखरामा चिनियाँ कम्पनीले एयरपोर्ट बनाउने भन्यो, शिलान्यास भयो तर काम अगाडि बढ्न सकिरहेको छैन। समस्या कहाँ छ ? समस्या नेपालकै सरकारमा छ। नेपाली कर्मचारीतन्त्रमा थुप्रै समस्या छ।

नेपालको पर्यटनबारे चीनमा प्रचार गर्न थुप्रैतिरबाट सीधा हवाई सम्पर्क विस्तार हुनु जरुरी छ । उत्तरी चीनबाट धेरै जना नेपाल आउन चाहन्छन् तर जब ग्वान्जाउ वा अन्यत्र एक रात बस्नुपर्ने सोच्न थाल्छन्, झस्किन्छन् । यो काम तत्काल गर्न सकिन्छ । हामीले अहिलेसम्म कुरा धेरै काम कम गरेका छौँ। म काठमाडौँमा बसेर काम गर्दा चिनियाँ कम्पनीले पश्चिम सेती जलविद्युत् परियोजनामा लगानी सम्झौता गरेको थियो । अझैसम्म पनि यसमा काम अगाडि बढेको छैन ।

चिनियाँ कम्पनीहरूमा अहिले नेपालमा लगानी गर्नु भनेको पैसा गुमाउनु मात्र हो भन्ने छाप परेको छ । चीनमा वैदेशिक लगानीलाई आकर्षित गर्न र उनीहरूका काम सहज बनाउन एउटा छुट्टै अख्तियारीप्राप्त निकाय छ। उसले जनस्तरमा अनुकूल माहोल बनाउँछ। नेपालले चीनबाट त्यो पक्ष सिक्दा हुन्छ।

नेपाली राजनीतिक दलहरूले आफ्नो अर्थतन्त्र उकास्न एउटा साझा समझदारी मात्र बनाए भने पनि केही वर्षमै नेपाल दक्षिण एसियाको स्वीट्जरल्यान्ड बन्न सक्छ।

र, अन्त्यमा भारत र चीन मिलेर नेपालका जनताका लागि शान्ति र समृद्धि ल्याउनु आवश्यक छ । नेपालमै पनि भारतले सहयोग नगरीकनै मधेसी मोर्चाले त्यति लामो नाकाबन्दी गर्नै सक्दैनथ्यो । तर, भारतले पनि मधेसी मोर्चालाई 'युज एन्ड थ्रो' गरिरहेको छ । यदि साँच्चिकै भारतले नेपालको भलो चाहेको हो भने मधेसीहरूको उचित मागको सम्बोधन गर्नुपर्छ। स्थिर नेपालको फाइदा चीनलाई मात्र होइन, भारतलाई पनि उत्तिकै छ।

(चीनको हवे युनिभर्सिटी अफ इकोनोमिक्स एन्ड बिजनेसका सह-प्राध्यापक सुबिनले काठमाडौँमा आयोजित ओबीओआर-नेपाल सम्मेलन २०१७ मा दिएको मन्तव्यको सम्पादित अंश ।) ◆

'अक्षम र अयोग्यबाट के हुन सक्छ र ?'

विसं ०१७ मा बीपी कोइरालाले नेतृत्व गरेको कांग्रेस सरकारलाई राजा महेन्द्रले अपदस्थ गरेर प्रजातन्त्र हरण गरे । त्यसको विरूद्धमा तत्काल प्रतिरोधमा ओर्लिए, **मार्सलजुलुम शाक्य**, ७७ । प्रजातन्त्र पुनःस्थापनाको राजनीतिक संघर्षमा पटक-पटक गरी शाक्यले झन्डै डेढ दशक जेलमा बिताए । पाँच दशकदेखि निरन्तर नेपाली कांग्रेसमा सक्रिय शाक्य पार्टी नेतृत्वले प्रजातन्त्र, समाजवाद र राष्ट्रियताका तीनखम्बे विचारधारालाई भत्काएको आरोप लगाउँछन् । शाक्यसँग **सन्तोष आचार्य**को संवाद :

तपाईंको यो बैठक कक्षमा बीपी कोइरालादेखि सुवर्णशमशेरसम्मका तस्बिर छन् तर गणेशमान सिंहको तस्बिर भने छैन, आदर गर्नुहुन्न ?

आदर नभएर होइन । गणेशमानजी सम्मानित व्यक्ति नै हो । तर, उहाँको जीवनमा धेरै 'ड्र व्याक' छ । उहाँ र मेरोबीचमै धेरै 'डिफरेन्ससेज' आयो ।

तपाईंमाथि त गणेशमानजीले भ्रष्टाचारको गम्भीर आरोपै लगाउनुभयो नि ?

विसं ०४६ को जनआन्दोलन सफल भएपछि कृष्णप्रसाद भट्टराईको नेतृत्वमा गठन भएको सरकारमा म क्याबिनेट मन्त्री रहें । त्यो सरकारको उद्देश्य संविधान निर्माण गर्ने थियो । त्यही संविधान अन्तर्गत आमनिर्वाचन गराउने र जुन पार्टी बहुमत लिएर आउँछ, त्यसलाई सत्ता हस्तान्तरण गरेर हामी सरकारबाट बाहिर आउने म्यान्डेट थियो । अनि, त्यहाँ भ्रष्टाचार गर्ने कुनै गुन्जायस नै थिएन । अर्को कुरा, मार्सलजुलुम शाक्य भ्रष्टाचार गर्नकै लागि १४ वर्ष जेल बसेको हो कि प्रजातन्त्र स्थापनाका लागि ?

तपाईंमाथि भ्रष्टाचारको कुनै मुद्दा त लागेको थिएन, एक जना नेताले भन्दैमा तपाईंको राजनीतिक जीवन कसरी समाप्त भयो ?

हो, गणेशमानजी पार्टीको कुनै औपचारिक पदमा हुनुहुन्थेन । 'सर्वमान्य नेता' भनेर थन्क्याइएको थियो । कुनै पसलेले भीमसेनलाई सात दिनको बासी लड्डु ख्वाएर राखेजस्तो गरी पार्टीमा उहाँलाई राखिएको थियो । यसैले उहाँले आरोप लगाउँदैमा मेरो राजनीतिक जीवन नै समाप्त भएको होइन । तर, मलाई 'कर्नर' गर्ने प्रयासमा गणेशमानजीको त्यो अभिव्यक्तिले केही काम भने गऱ्यो ।

गणेशमानजीले किन प्रहार गर्नुभयो त ?

उहाँले श्रीमती र सन्तानलाई राजनीतिमा स्थापित गराउन मलाई विस्थापित गर्ने प्रयास गर्नुभएकै हो । ममाथि झूटो आरोप लगाइयो ।

गणेशमानजीलाई त आदर्श राजनीतिज्ञ मान्ने कांग्रेसभित्र मात्रै होइन, बाहिर पनि धेरै छन् नि ?

उहाँलाई नजिकबाट नचिन्नेहरूले मात्र सम्मान गर्ने हो । नजिकबाट जसले चिनेको छ, कसैले पनि श्रद्धा गर्दैनन् ।

तस्बिर : भास्वर ओझा

तपाईंजस्तै पीडित अरू पनि छन्, कांग्रेसभित्र ?

मलाई जसरी गणेशमानजीले अन्तर्घात गर्नुभयो, त्यसै गरी सुशील कोइरालाले नेपालगन्जका विजय गुप्ताको राजनीतिक जीवन सिध्याउने प्रयास गर्नुभयो । विजयजी कांग्रेस छाड्न बाध्य हुनुभयो । नेतृत्वबाटै सताइएका यस्ता धेरै व्यक्ति छन् कांग्रेसमा ।

तपाईंले त बीपी कोइरालादेखि कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, सुशील कोइरालासँग काम गर्नुभयो । अहिले शेरबहादुर देउवा नेतृत्वको पार्टीमा उहाँ, रामचन्द्र पौडेललगायत नेताहरूको कार्यशैली तपाईंलाई चित्त बुझेको छ ?

पटक्कै चित्त बुझेको छैन । पार्टीको आदर्श र सिद्धान्त नै यिनीहरूले सिध्याए । भन्ने बेलामा प्रजातान्त्रिक पार्टी तर के कांग्रेसभित्र प्रजातन्त्र छ ? पटक्कै छैन । समाजवादको नारा लगाइन्छ तर कांग्रेसभित्रको समाजवाद त रामचन्द्र पौडेलले नै सिध्याउनुभयो ।

राष्ट्रियताका बारेमा नि ?

भारतले हजारौँ हेक्टर नेपालको जग्गा कब्जा गर्दा गिरिजाप्रसाद, सुशील, शेरबहादुर, रामचन्द्रले कहिले बोले ? त्यसको विरुद्धमा बोल्ने म मात्र हो । भोलि हामी गोर्खालीले लखनउ कब्जा गऱ्यौं भने भारत चुप लागेर बस्छ ? त्यसैले प्रजातन्त्र, समाजवाद र राष्ट्रियता सिध्याउने नै यिनीहरू हुन् । म कसरी सन्तुष्ट हुन सक्छु, पार्टीका यस्ता नेताबाट !

कांग्रेसमा आफ्नो नेता कसलाई मान्नुहुन्छ ?

बीपी कोइराला, कृष्णप्रसाद भट्टराई र सुवर्णशमशेर नै हुन् मेरा आदर्श नेता । अरू सबै नेता भनेका नालायक नै हुन मेरो अनुभवमा । यिनीहरू व्यक्तिगत स्वार्थमा डुबे ।

सैद्धान्तिक रूपमा विचलनमा परिसकेको हो भने कांग्रेस अहिले कसले चलाइरहेको छ त ?

जसले पार्टीको सिद्धान्त र आदर्श नै बुझेको छैन, त्यस्ताको हातमा कांग्रेस छ ।

कांग्रेसभित्र धर्मनिरपेक्षताको विरोध हुन थालेको छ । हिन्दुराष्ट्र कायम गर्नुपर्ने भन्ने एकथरी सडकमै ओर्लिएका छन् । पार्टीले एउटा लाइन लिन्छ अनि पार्टीका पदाधिकारीसमेत त्यसको विरोधमा नारा लगाइरहेका हुन्छन्, किन होला ?

जतिबेला नेपालको संविधानमा धर्मनिरपेक्षता र गणतन्त्र ल्याइयो, त्यतिबेला विरोध नगर्नेहरू अहिले विरोधमा ओर्लिएका छन् । अहिले आएर विरोध गर्ने को भन्दा कांग्रेसका महामन्त्री शशांक कोइराला, केन्द्रीय सदस्य शेखर कोइराला । दक्षिणबाट दबाब आएपछि विरोध गरेका हुन्, आफ्नो बुद्धिले होइन । तर, उनीहरूले विरोध गर्नेबित्तिकै २४ घन्टाभित्रै धर्मनिरपेक्षता र गणतन्त्र परिवर्तन हुन्छ त ! असम्भव ।

तपाईंले जता संकेत गर्दै हुनुहुन्छ, त्यो शक्ति नेपालमा हिन्दु राष्ट्र र राजतन्त्रको पक्षमा छ र ?

अहिले दक्षिणमा हिन्दुवादी सरकार छ । यसैले ऊ नेपाल हिन्दु राष्ट्र होस् भन्ने चाहन्छ । राजतन्त्रको नारा तत्काल सम्भव नदेखेकाले हिन्दु राष्ट्रको कार्ड अघि सारेको हो । हिन्दु राष्ट्र कायम भएमा हिन्दु राजा पनि चाहिन्छ भन्ने अभियान सुरु हुन्छ । यसैले अहिले भूमिका बाँधेको हो ।

तपाईं पनि यही पक्षमा हो ?

म छैन । धर्म निरपेक्षताको वकालत गर्नेहरू तागाधारी ब्राह्मण नेताहरू नै हुन् । गिरिजाप्रसाद कोइरालादेखि प्रचण्ड, बाबुराम भट्टराई, केपी शर्मा ओली, माधव नेपाल, वामदेव गौतम आदिले आपसमा सहमति गरेर अन्तरिम संविधानमा धर्म निरपेक्ष राखेर हिन्दु राष्ट्र हटाएको होइन ?

फेरि हिन्दु राष्ट्र कायम हुन सम्भव छ र ?

अब सम्भव छैन । किनभने, वाग्मतीमा धेरै पानी बगिसक्यो । हिन्दु राष्ट्र चाहिन्छ भन्नेहरूमा कुनै दम पनि छैन । यो त अरूले नै सिकाएको भरमा यिनीहरूले बोलेका हुन् ।

प्रसंग बदलौँ, तपाईंले त १ पुस ०१७ मा प्रजातन्त्र अपहरण भएको देख्नुभएको छ । एकथरी मानिसहरू त्यही नियति दोहोरिन सक्छ भन्ने अड्कल गर्छन् नि ?

प्रजातन्त्रको विकल्पमा मुलुक जान सक्दैन । हामी अघि बढ्ने प्रजातान्त्रिक विचारधारालाई अघि सारेर नै हो । तर, व्यवस्था जतिसुकै राम्रो भए पनि हाँक्ने मान्छे नालायक भयो भने त्यसको केही माने रहँदैन ।

जसले पार्टीको सिद्धान्त र आदर्श नै बुझेको छैन, त्यस्ताको हातमा छ कांग्रेस ।

हाम्रो नेपाली सेनाले दुईपटक ब्यारेक छोडिसकेको छ, एक्सनमा आइसकेको छ ।

अझै पनि संकटकाल हटेकै छैन ।

गणेशमानजीको जीवनमा धेरै 'ड्र ब्याक' छ ।

हाम्रो नेपाली सेनाले दुईपटक ब्यारेक छोडिसकेको छ, एक्सनमा आइसकेको छ । राजा महेन्द्रको पालामा १ पुस ०१७ मा र १९ माघ ०६१ मा राजा ज्ञानेन्द्रको पालामा । याद राख्नुपर्ने कुरा के हो भने मुलुकबाट अझै पनि संकटकाल हटेकै छैन ।

मतलब संविधान संशोधनको मुद्दाले निकास पाउँदैन, निर्वाचन हुँदैन र संविधान पनि कार्यान्वयन हुँदैन भन्ने तपाईंको आशय हो ?

कुवाको पानी जति बढी समय कुवामा रहन्छ, त्यो त्यति नै गन्हाउँदै जान्छ । मुलुकले राजनीतिक निकास पाएन भने पनि गन्हाएको पानीजस्तै हुन्छ । मुलुकले तत्काल राजनीतिक निकास पाउन सक्दैन । किनभने, अक्षम र अयोग्य मान्छेको हातबाट के हुन सक्छ र ? ◆

॥हस्त गुरुङ

एल्डर ब्रदर सिन्ड्रम

विश्वविख्यात साहित्यकार जर्ज अरवेलले सन् '५० को दशकमा लेखेको उपन्यास *1984* मा दासतालाई नै स्वतन्त्रता मानिने राजनीतिक खेलमा मानिसहरू पर्नेछन् भन्ने सन्देश दिएका थिए । विश्वमा 'बिग ब्रदर'को त्रास फैलाएर मानव स्वतन्त्रताको हरण हुने र दासताको साम्राज्य कायम हुने उनको आकलन थियो । 'बिगब्रदरले निगरानी राखिरहेको छ' भन्ने त्रास फैलाएर मानिसलाई मानसिक रूपमै नियन्त्रण गरिने उपक्रम चल्ने संकेत पनि दिएका थिए ।

उनका उपन्यासका पात्र विन्स्टन स्मिथ, बेलायतको शान्ति मन्त्री, त्यस्तै त्रासबाट पूर्णतः ग्रस्त थिए । सहरभरि टाँगिएका 'बिगब्रदर इज वाचिङ यू' भन्ने पोस्टर देखेर उनी यति त्रस्त हुन्थे कि घरको रेडियो र टेलिभिजन तथा टेबलका पत्रपत्रिका देखेर पीठ फर्काउँथे । किनभने, मिडियामार्फत बिगब्रदरका विचार र शब्दले उनको मस्तिष्कलाई आक्रमण गरिरहेका थिए ।

त्यसैले अरवेलले विन्स्टनमार्फत चेतावनी दिँदै लेखे-एकान्त र बन्द कोठामा पनि तपाईंले शान्ति पाउनुहुने छैन । तपाईंले सुस्तरी मधुरो आवाज निकाले पनि उसले सुन्नेछ । तपाईंका प्रत्येक गतिविधिमा उसका दृष्टि पर्नेछन् । तपाईंलाई बिगब्रदरले पछ्याइरहनेछ, तपाईं उम्कन पाउनुहुने छैन ।

ठीक यही स्थिति हामी भोगिरहेका छौं । विश्व राजनीतिमा बिगब्रदर सिन्ड्मको जुन त्रास थियो/छ, त्यसै गरी 'एल्डर ब्रदर सिन्ड्रम'ले नेपालीलाई त्रस्त पारेको छ । हाम्रा बुद्धिजीवी, राजनीतिकर्मी, अधिकारकर्मी र नागरिकहरूको मन-मस्तिष्कमा 'एल्डर ब्रदर इज वाचिङ यू' भन्ने त्रास छ । त्यही भएर आफूले चाहेको काम गर्न र मनमा लागेका बोली बोल्न नेपालीले हिम्मत देखाउन सकेका छैनन् ।

पूर्वसभामुख सुवास नेम्वाङले कतै भनेछन्, 'दलहरूकै सहमतिले आएको संविधान अहिले संकटमा परेको छ । यहाँ दलहरूबीचको सहमति पनि टिक्न सक्ने अवस्थामा छैन ।' नेम्वाङले त्यसको कारण खुलस्त गरेनन् तर नागरिक तहमा त्यसको खास कारण खोज्ने गलफत्ती चलिरहन्छ । मिडियाले भने 'संक्रमणकालीन राजनीति यस्तै हो' भन्ने वकालत गरिरहन्छ । देशका प्रमुख राजनीतिक दलहरू आज सहमतिमा पुग्नु र भोलि नै 'त्यस्तो सहमतिको औचित्य छैन' भनेर उड्कन्छन् भने मिडियाले त्यसलाई गम्भीरतापूर्वक लिएर खोजबिन गरी वास्तविकता बताउनुको साटो हल्का रूपमा लिनु विडम्बना हो । त्यसैले कोठामा झुन्ड्याइएका टेलिभिजन र रेडियो सेट तथा टेबलमा सजाइएका पत्रपत्रिकाबाट, विन्स्टन स्मिथले जसरी नै, हामीले पनि पीठ फर्काउनुपर्ने अवस्था आएको छ ।

युद्ध र शान्तिको खेल

अरवेलको बिगब्रदरले तीनवटा नारा फैलाएको थियो । पहिलो, युद्ध नै शान्ति हो । दोस्रो, स्वतन्त्रता भनेको दासता हो र तेस्रो, थिचोमिचोलाई बेवास्ता गरेर बस्नु नै शक्ति सञ्चय गर्नु हो । यिनै तीन नाराले नेपालमा पनि प्रभाव देखाइरहेको छ ।

हामी पनि युद्ध नै शान्ति हो भन्ने भ्रममा छौं । नेताहरू युद्धकै रणनीति लिएर शान्तिका लागि युद्धरत छन् । यिनले आयोजना गरेका युद्धले ठूलठूला संहार गरिसके । तर, अझै पनि विद्रोह गर्ने धम्की आइरहेकै छन् । युद्धमोर्चाका शक्तिहरूलाई शान्ति स्थापना गर्ने जिम्मा लगाएर हामी गृहकलहमा फसेका छौं ।

नागरिक तहका असमझदारी र विवादलाई सुल्झाउने काम शान्ति मन्त्रालयको हो । हाम्रो शान्ति मन्त्रालयले शान्ति स्थापनाका लागि नागरिक तहमा आवश्यक पर्ने रणनीतिको रेखांकनसमेत गरेको छैन । शान्ति मन्त्रालय, देशमा शान्ति स्थापना गर्ने काम राजनीतिको हो भनेर पन्छिएको छ । राजनीतिक मोर्चाहरूचाहिँ एकपछि अर्को बहाना खोज्दै सडकदेखि सदनसम्म योद्धा परिचालन गरिरहेका छन् । फलतः जातीय र क्षेत्रीय कलहले उग्र रूप लिएका छन् ।

संक्रमणकाल लम्बिएर देश अराजकताको भूमरीमा छ । ४ माघ ०७४ भित्र गरिसक्नुपर्ने संघीय, प्रादेशिक र स्थानीय तहको निर्वाचन संकटमा पर्न लागेको छ ।

क्षेत्रीय राजनीतिमा एल्डर ब्रदरले लगातार भनिरहेकै छ- 'नेपालको राजनीतिक प्रक्रियालाई नजिकैबाट नियालिरहेका छौं ।' एल्डर ब्रदरको त्रासद निगरानीले यहाँको राजनीति किंकर्तव्यविमूढको अवस्थामा पुगेको छ । सरकारले संसद्मा पेस गरेको संविधान संशोधनको प्रस्ताव न झुन्ड्याइराख्न मिलेको छ, न झिक्न मिल्ने अवस्थामा छ । उसको निगरानी परेर, त्यो प्रस्ताव पनि भीरको चिन्डो भएको छ । यहाँ दलहरूले जे सल्लाह गरे पनि, त्यो उसले सुनिहाल्छ । जे गर्न खोजे पनि, उसले देखिहाल्छ । नेपाल पिँजडाको सुगाजस्तो भएको छ । पिँजडाभित्र छटपटाउनु यसको नियति बनेको छ । यसरी यहाँ युद्ध नै शान्ति हो भन्ने खेल चलिरहेको छ ।

दासता नै स्वतन्त्रता हो भन्ने अरवेलियन बिगब्रदरको दोस्रो सिद्धान्तले पनि यहाँ स्थान पाएको छ । नेपालीहरू स्वतन्त्रता खोज्दाखोज्दै दासताको भूमरीमा परेका छन् । देशको स्वतन्त्रता संकटमा छ । राजनीतिका अगुवाहरू, एल्डर ब्रदरको दासताको भारी बोक्न होडबाजी गरिरहेका छन् । देशभित्र सूक्ष्म व्यवस्थापनको प्रक्रिया चलेको राजनीतिक अगुवाहरू निर्धक्क स्वीकार्छन् । प्रधानसेनापतिको संरक्षण, प्रधानमन्त्रीको चयन र पदस्थापन, अख्तियार दुरुपयोग अनुसन्धान आयोगजस्तो उच्च प्रतिष्ठाको संवैधानिक संस्थाको प्रमुखको नियुक्ति र बर्खास्तगीजस्ता कार्यमा पनि उसैको हात रहेको सार्वजनिक चर्चा हुन्छ । यी सबै कुरा दासताको स्वीकारोक्ति होइन र ? हो, यो निखर

दासता हो । तर, तिनै स्वीकारोक्तिहरू नै हाम्रो स्वतन्त्रताको लक्षण हो कि भन्ने भ्रम पर्न थालेको छ ।

अरवेलले लेखेका छन्, 'बिगब्रदरले कुनै समस्यालाई बेवास्ता गर्ने रैथाने प्रवृत्तिलाई शक्ति सञ्चयको रणनीति मानिने भ्रम फैलाउनेछन् ।' हामीले पनि टाउकामा थुपारिएका अराजकता र दासताका घटना, परिघटनाहरूलाई पूर्णतः बेवास्ता गर्न थालेका छौं र त्यसो गरेर शक्ति सञ्चय गरेको भ्रम पाल्न थालेका छौं ।

घुसपैठिया विचारको बाहुल्य

कुन कारणले यस्तो रणनीति लिन बाध्य पार्छ त ? अरवेलले त्यसको संकेत गर्दै 'थट पुलिस' (घुसपैठिया विचार लाद्ने जमात)लाई जिम्मेवार ठहऱ्याएका छन् । रैथानेहरूले जे उपयुक्त हो भनी सोच्छन् वा बोल्छन्, ती सब कुराको खण्डन गर्ने काम घुसपैठिया थट पुलिसले गर्छन् । उनीहरूका खण्डन, विचार र तर्क सुनेपछि कतै हामी आफैं गलत त छैनौं भन्ने द्विविधा पर्छ ।

थट पुलिसका वाक् अतिक्रमणका कारण अहिले राष्ट्रवाद र राष्ट्रियताका विषय यस्तै द्विविधामा परेका छन् । नेपालीहरूले जे कुरा उचित हो भन्छन्, ती सबै कुरा उल्टा हुन् भन्ने प्रमाणित गर्न घुसपैठिया थट पुलिसहरू आउँछन् । तिनका आवाज र पहुँच विस्तृत छन् ।

पहाड वा मधेसका कुनै नेपालीले गैरनेपालीलाई नागरिकता दिनु हुँदैन भनेर बोल्नेबित्तिकै उसमाथि घुसपैठिया थट पुलिसले सहस्र आक्रमण गर्छ । गैरनेपालीलाई नेपाली नागरिकता दिनु हुँदैन भन्नासाथ, घुसपैठिया थट पुलिसहरूको जमातले त्यो विचार र भावना मधेसविरोधी छ भन्ने आरोप लगाएर उछितो काढ्छन् । मधेसीहरूको राष्ट्रियतामाथि शंका गरिँदै छ भनेर होहल्ला मच्चाउँछन् । वास्तवमा रैथाने मधिसेहरूलाई कसैले पनि गैरनेपाली भनेका छैनन् तैपनि गैरनेपालीहरूको कुरा उठाउनेबित्तिकै मधेसीहरूलाई उपेक्षा गर्ने मानसिकताले पहाडिया समाजलाई ग्रस्त पारेको आरोप लागिहाल्छ ।

नेपालीहरू यति कुरामा प्रस्ट छन् कि नेपालबाहिर मधेस छैन । र, गैरनेपाली मधेसी पनि होइनन् । तर, मधेसीको आवरणमा गैरनेपालीले नागरिकताको अधिकार खोज्नु मधेसीकै लागि हानिकारक छ ।

नेपालीहरू यति कुरामा प्रस्ट छन् कि नेपालबाहिर मधेस छैन । र, गैरनेपाली मधेसी पनि होइनन् । तर, मधेसीको आवरणमा गैरनेपालीले नागरिकताको अधिकार खोज्नु मधेसीकै लागि हानिकारक छ । तथापि, घुसपैठिया थट पुलिसहरू रोटीबेटीको सम्बन्धको दुहाई दिएर मधेसीसँग नाता पर्नेहरूको अधिकार खोज्न जमजमाएर लागिपरेका छन् । उनीहरूले नश्लवादी विभेद शब्दलाई उछालेका छन् । यस नाराले सत्यको छवि दिन खोजेको छ । यहींनेर राष्ट्रवाद र राष्ट्रियताका विषयले मधेसी र पहाडी समुदायबीच मतभेद बढाएको छ । तर, यी सब काम, त्रासको मात्रा बढाउन थट पुलिसले गरेका हुन् ।

न्युस्पिक वाक्धाराको प्रभाव

यस्ता कामहरू कसरी गरिन्छ ? अरवेलले त्यसको माध्यम बताएका छन्, 'न्युस्पिक' (नयाँबोली) । ओसिनिया क्षेत्रमा औपचारिक रूपमा प्रचलित यो शब्दको परिभाषा बृहत् छ । यो शब्द वामशक्तिलाई (यहाँ वामशक्ति भन्नाले कम्युनिस्ट मात्र हुन् भन्ने भ्रम नपरोस्) वैचारिक खुराक दिन सिर्जना गरिएको थियो ।

न्युस्पिकको प्रयोग तथ्यगत सूचना दिन होइन, जटिल शब्दमार्फत विचार लाद्नका लागि गरिन्छ । सञ्चार संयन्त्रमा त्यस्ता नयाँ शब्दहरू घुसाइन्छ, जसले 'ओल्डस्पिक' (पुराना बोली/शब्द)लाई विस्थापित गरिदिन्छ । न्युस्पिक सिर्जना गर्नुको प्रमुख उद्देश्यचाहिँ नयाँ र जटिल शब्दहरूमार्फत वाम वाक्धारालाई विकसित गरेर प्रचलित वाक्धारालाई निमोठ्नु थियो । नयाँ शब्द र बोलीमा लटपट्याएर राजनीतिक विषयलाई उठाउने समुदाय विकास गर्नु थियो ।

हामीकहाँ पनि न्युस्पिक वाक्धारा चलेको छ । मधेसकेन्द्रित थट पुलिसहरूले अहिले 'महेन्द्रीय राष्ट्रवाद', 'खस-नश्लवाद' र 'नश्लवादी विभेद' भन्ने नयाँ शब्द चलाएका छन् । जो यहाँका बुद्धिजीवी, राजनीतिकर्मी, अधिकारकर्मी र सञ्चारकर्मीहरूको जिब्रामा झुन्डिएका छन् । वाम राजनीतिकर्मीहरूले 'निशस्त्र र शान्तिपूर्ण प्रदर्शन'लाई निरर्थक शब्द बनाइदिएर, 'आन्दोलनको आँधीबेहरी' भन्ने नयाँ शब्द चलाएका छन् । हातहतियारसहित तोडफोड गर्ने प्रदर्शनीलाई आन्दोलनका आँधीबेहरी भन्ने गरिएको छ । त्यसै गरी 'नयाँ उचाइमा पुग्ने, छलाङ लगाउने, फ्युजन गर्ने, आलोचनात्मक समर्थन गर्ने, तार्किक निष्कर्ष निकाल्ने, उधारो सहमति गर्ने'जस्ता अनेकन् नयाँ शब्दहरू राजनीति र मिडियाका शब्दकोशमा छन् ।

आ-आफ्नो स्वार्थमा जसरी पनि व्याख्या गर्न सकिने जटिल शब्दहरूको प्रयोगलाई न्युस्पिक भनिएको छ । यसरी नयाँ र जटिल शब्द चलाउँदा वक्ताहरू बुद्धिजीवी ठहरिन पुग्छन् भने श्रोताहरूचाहिँ अवाक् हुन्छन् । यस्तो क्रमले स्वतन्त्रता र 'सार्वभौमसत्ता' जस्ता सरल शब्दलाई पनि जटिल बनाइदिएको छ । स्वतन्त्रता भन्ने शब्दको अर्थ अब लुतोको औषधि कुनचाहिँ किन्ने भन्ने खालको स्वतन्त्रतामा संकुचित हुन पुगेको छ ।

वैयक्तिक, बौद्धिक र राजनीतिक स्वतन्त्रता ओझेलमा परेका छन् । एल्डर ब्रदरले एयर मार्सल छिराउने प्रबन्ध मिलाएपछि, मिडियाले स्वतन्त्रता हरण भएको देखेनन्, त्यसविपरीत अन्य देशले पनि एयरमार्सल राख्न पाउने मार्ग प्रशस्त भएको समाचार लेखे । नेपालले आफ्नो अडान राख्न नसकेको वा सार्वभौमसत्तामा क्षति पुगेकामा मिडिया दुःखी भएनन् । बरू, 'एयरमार्सल राख्न पाउने मार्ग प्रशस्त भएको' नयाँ शब्दावली प्रयोग गरेर खुसीको सञ्चार गरे । हो, यसरी नै न्युस्पिकले भ्रमित पार्ने काम गर्छ ।

प्रकारान्तरले सार्वभौमसत्ता भन्ने शब्द पनि सत्ताको धुरीमा टाँसिन थाल्यो । सत्ता पाउनेले कुर्सीमै सार्वभौमसत्ता देख्छन् । तर, भूमिको लालपुर्जा (भौमस्वामित्व) हातमा भएको जमिनचाहिँ अर्को देशमा परेर जोत्न नपाएको किसानले सार्वभौमसत्ता गुमाउँदा त्यसको कुनै अर्थ लाग्दैन । सार्वभौम सोचबिना सार्वभौमसत्ता टिकाउन सकिँदैन । जब सार्वभौम निर्णय भन्ने कुरा नै आत्मनिर्णय (नेता, दल वा दलालहरूले जे बोले पनि, जे गरे पनि हुने) अर्थमा खुम्चिन पुग्छ, त्यसबेला सार्वभौमसत्ता खोजेर कहाँ पाउनु ?

अब हामीसँग के बाँकी रह्यो त ? त्रस्त मानसिकता, जटिल वाक्धारा र न्युस्पिक । तर, यो पनि टिक्ने छैन । हामी एकदिन पुनः स्वतन्त्र र सरल वाक्धारामा फर्कनैपर्ने हुन्छ । त्यस दिनको व्यग्र प्रतीक्षा छ । ◆

'ज्ञानेन्द्रजस्ता लोभी राजा सायदै संसारमा होलान्'

रहस्यमै दासढुंगा घटना

३ जेठ ०५० मा चितवनको दासढुंगामा भएको जिप दुर्घटना नेपाली राजनीतिक इतिहासमा पहेलीकै रूपमा छ । नेकपा एमालेका तत्कालीन महासचिव मदन भण्डारी र संगठन विभाग प्रमुख जीवराज आश्रित मारिएको उक्त घटना छानबिनका लागि सरकारदेखि आफ्नै पार्टी एमालेसम्मले आयोग बनाए । तर, कुनै पनि आयोगले सुनियोजित हत्या वा दुर्घटना के हो भन्ने किटान गर्न सकेनन् ।

नेकपा एमालेले केपी ओलीको अध्यक्षतामा गठन गरेको छानबिन आयोगले दासढुंगा काण्डबारे एक पेजको रिपोर्ट तयार गरेको थियो । अहिले त्यो रिपोर्ट कहाँ छ ? कसैलाई थाहा छैन । रिपोर्ट पार्टीलाई बुझाए/नबुझाएको पत्तोसमेत छैन । ०५१ को एमाले सरकारमा केपी गृहमन्त्री छँदा पनि दासढुंगा काण्डबारे केही भरपर्दा सूचना हात परेका थिए । सूचनाको एउटा दृश्य यस्तो थियो, 'मदन-आश्रित सवार गाडीको पछिपछि एउटा ट्रक आइरहेको थियो । त्यस ट्रकको चालकले मदनहरू सवार गाडी त्रिशूलीमा खसेको देख्यो । खसिरहेको गाडीबाट सुरुमै एक जना व्यक्ति बाहिरियो । त्यसपछि ऊ नदी किनारमा पुगेर आफ्नो जीउमा पानी छर्कँदै सडकतिर उक्लियो ।' मोरङका पार्टी कार्यकर्ताले केपीलाई यस्तो रिपोर्ट गरे पनि उनले ठाडो कान लगाएनन् ।

भारत, नक्सलबाडीमा डेरा गरी बस्ने एक जना व्यक्तिले भनेको कुरा उद्धृत गर्दै अर्का झापावासीले केपीलाई यस्तो रिपोर्ट दिएका थिए, 'हामीले नेपालमा ठूलो दुर्घटना गरायौं । तर, त्यसबापत पाउनुपर्ने जति रकम पाएनौं ।' केही समयपछि त्यो मानिस नक्सलबाडीबाट अन्यत्रै गयो रे ! सो व्यक्तिको थर, ठेगानै दिएका थिए, झापाका साथीहरूले । तर, कतैबाट चासो देखाइएन ।

•••

०५३ मा लोकेन्द्रबहादुर चन्द नेतृत्वको सरकारमा एमाले नेता वामदेव गौतम गृहमन्त्री थिए । दासढुंगा घटनाको खोजबिन गर्न सहयोग गर्ने व्यक्ति कोही छन् भनेर वामदेवले कुरा उठाए । अनि, मैले गुप्तचरी स्वभावका अवकाशप्राप्त प्रहरी इन्स्पेक्टर नरहरि संग्रौलाको नाम दिएँ । उनी केपीका सहपाठीसमेत हुन् । म, केपी र वामदेवकै सल्लाहमा नरहरिलाई प्रथम श्रेणीको सुविधा पाउने गरी राष्ट्रिय अनुसन्धान विभागको सल्लाहकारमा नियुक्त गरियो । खासमा नरहरि दासढुंगा घटनाको अनुसन्धान गर्ने गुप्त योजनासहित नियुक्त भएका थिए । दासढुंगा काण्ड अपराध हो वा दुर्घटना निर्क्योल गर्न उनलाई ल्याएका थियौं, हामीले । तर, यो नियुक्तिको उग्र विरोध भयो । नेपाली कांग्रेसले संसद् ठप्प पारिदियो । नरहरि प्रहरीमा छँदा उनीमाथि लागेका भ्रष्टाचारलगायतका जम्मै मुद्दा र आरोपहरू उछालियो । भलै ती आरोपबाट उनले पहिल्यै सफाइ पाइसकेका थिए । त्यसपछि २५ दिनमै उनको नियुक्ति रद्द गर्नुपर्‍यो ।

तत्कालीन राजा ज्ञानेन्द्रसँग शिक्षामन्त्री राधाकृष्ण मैनाली

•••

अर्को कुरा दासढुंगा काण्डका एक मात्र जीवित साक्षी अमर लामाको पाँच वर्ष जेल बसेर निस्किएपछि हत्या गरियो, ०६२ असारमा । अमरलाई तत्कालीन माओवादीले मारेको भनिए पनि त्यो कुरा माओवादीले आजसम्म स्वीकारेको छैन । सत्यतथ्य थाहा हुने अमरलाई लखेटी लखेटी गोली हानेर मार्ने शक्ति को थियो ? हत्या किन गरियो ? यी सबै घटनाक्रमले दासढुंगा योजनाबद्ध रूपमा भएको घटना हो भन्ने अनुमान लगाउन कठिन छैन । त्यो काण्ड राष्ट्रिय स्तरमा क्षति पुर्‍याउने गम्भीर षड्यन्त्र थियो ।

राजतन्त्र हटाउन माधवको प्रस्ताव

२०/२१ फागुन ०४६ मा जनआन्दोलन निरन्तर बढिरहेकै बखत पाटनको च्यासलमा नेकपा मालेको केन्द्रीय समिति बैठक बस्यो । महासचिवले बैठकमा एजेन्डा राखेपछि केन्द्रीय सदस्यहरूले थप

एजेन्डाबारे आ-आफ्ना धारणा राख्ने चलन थियो । महासचिव मदन भण्डारीले एजेन्डा पेस गरेपछि माधव नेपालले सुरूमै प्रस्ताव राखे, “यो आन्दोलनलाई उचाइमा पुर्‍याउन छिमेकी मित्रराष्ट्र भारतले यथेष्ट सहयोग गर्ने भनेको छ ।”

“के सहयोग ?” मदनले सोधे ।

“हतियारको सहयोग,” माधवले सगर्व भने ।

“हतियार चलाउन तालिम लिनुपर्‍यो । हामीसँग अनुभवी कार्यकर्ता छन् र ?” मदनले फेरि सोधे ।

“हतियार चलाउने मानिस पनि आउँछन्,” माधवले फरर उत्तर दिए । आन्दोलनलाई गणतन्त्रमा पुर्‍याउन सहयोग स्वीकार्नुपर्ने व्याख्यासमेत सुनाए, माधवले ।

म र सीपीले बोल्न समय मागेका थियौँ । मदनले चुप लाग्न इसारा गरे । र, आफैं बोले, “होइन विवेक (माधवको भूमिगत कालको नाम) कमरेड यो कस्तो प्रस्ताव हो ? पार्टीको केन्द्रीय कमिटी बैठकमा विदेशी सेना भित्र्याउने प्रस्ताव ल्याउन मिल्छ ? भारतीय सेना त के चिनियाँ लालसेना आए पनि हामी स्वीकार्दैनौं । इतिहासको विकासक्रममा राजतन्त्र स्थापित भयो । आफ्नै क्रियाकलापका कारण समयक्रममा नेपाली जनताको हातबाट यसको प्राण जान्छ । तपाईंको यस्तो प्रस्ताव कम्युनिस्ट पार्टीप्रतिको ठूलो अपमान हो । राष्ट्रको स्वाभिमान लुट्ने चाल हो । त्यसैले यसलाई फिर्ता लिइहाल्नोस् ।” माधवको प्रस्ताव माइन्युट त हुन पाएन नै, बोली नै फिर्ता लिन लगाए, मदनले ।

त्यसपछि चैत २ मा च्यासलमै मालेको केन्द्रीय कमिटीको अर्को बैठक बस्यो । अघिल्लो बैठकमा अस्वीकृत प्रस्ताव फेरि माधवले दोहोर्‍याए, “एकदम जिम्मेवार तहबाट भारतीय सहयोग आउने भएको छ । हतियार नेपालीहरूले नै प्रयोग गर्ने गरी ।”

“कसरी ?” मदनले सोधे ।

“भारतीय सेनामा कार्यरत नेपाली जवानहरूलाई छुट्टीमा नेपाल पठाइन्छ र उनीहरूले ती हतियार चलाउनेछन् । अब जसरी पनि गणतन्त्र ल्याउनुपर्छ,” माधवले निर्धक्क भने ।

यसपटक मदनले अघिल्लो पटकभन्दा बेस्सरी झपाँटेपछि माधवले फेरि त्यस्तो प्रस्ताव ल्याएनन् । मदनकै अडानले राष्ट्रघाती कदम रोकियो, त्यसबेला ।

खुलामञ्चमा चिर्कटो त्रास

त्यसबेला मबाहेक मालेका सबै नेता भूमिगत थिए । म टुँडिखेलको मञ्चमा बसिरहेको थिएँ । विजय जुलुस चारैतिरबार टुँडिखेलतिर सोहोरिरहेको थियो । मानव सागर उर्लेको देखेर एकतमासले रोमाञ्चित बनिरहेको थिएँ । झल्यास्स प्रदीप नेपालसँग मेरो आँखा जुध्यो । प्रदीप मञ्चबाट केही पर बसिरहेका थिए । उनी फिसिक्क हाँसे र केही लेखेजस्तो गरे । एकैछिनमा उनले लेखेको कागजको चिर्कटो मेरो हातमा आइपुग्यो । ‘तपाईंले स्टेज छोड्नुहोला ।’ चिर्कटोमा लेखिएको थियो । मलाई अचम्म लाग्यो । एकैछिनमा ईश्वर पोखरेलबाट त्यस्तै अर्को चिट आयो । छिनमै माधव नेपालले त्यही बेहोराको चिर्कटो पठाए । तीन जना नेताले छिनछिनमै उही कुरा दोहोर्‍याएर त्रस्त बनाए ।

यो सब के भइरहेछ ? मनमनै आफैंलाई सोधेँ ।

के थाहा ? आफैं उत्तर फर्काएँ र असमञ्जसमा अल्झिएँ ।

•••

वाममोर्चाको बहुमतले मलाई मालेका तर्फबाट वार्तामा राजदरबार पठाउने निर्णय गरेको खबर मैले नै भूमिगत साथीहरूलाई दिइसकेको थिएँ । कहिले मोदनाथ, कहिले सुशील प्याकुरेल त कहिले माधवले छिनछिनमा फोन गरेर सूचना माग्थे । मैले सुशील प्याकुरेलमार्फत सबै निर्णय नेताहरूलाई बताएको थिएँ । वाम घटककै प्रतिनिधि लीलामणि पोखरेलले भने आरके जबरजस्ती राजदरबार गयो भन्ने सूचना दिएका रहेछन् । सहाना सुरुदेखि नै मप्रति सकारात्मक थिइन् । यसर्थ पनि सहानासँगै म राजदरबार जाँदा आफूलाई सहयोग हुनेमा उनी ढुक्क थिइन् । सहानाकै चाहनाका कारणसमेत म राजदरबार जाने प्रतिनिधि बन्न सकेको थिएँ । तर, यही कुरालाई लिएर मेरै पार्टीभित्र गडबड भइसकेको रहेछ ।

२६ चैतमा राजासँग सहमति गरेर फर्किन नपाउँदै मालेका एकथरी नेताहरू मसँग रिसले चूर भइसकेका रहेछन् । आन्दोलनमा जनता थपिने क्रम बढिरहेकै थियो । २६ गते दिउँसोसम्म आइपुग्दा आन्दोलनकारीको संख्या ठूलै भइसकेकाले केही दिन यसरी नै अघि बढ्दा जनताले राजदरबार घेर्ने र गणतन्त्र आउने उनीहरूको विश्लेषण रहेछ । कांग्रेससँग आधिकारिक रूपमा निरंकुश राजतन्त्र समाप्त पार्ने सहमति भए पनि जनता सडकमा उर्लिएमा गणतन्त्र घोषणा गर्ने कुरामा पार्टीभित्र एकमत थियो । तर, मेरो मूल्यांकन फरक थियो । कांग्रेसको समेत सहमतिमा आन्दोलनले उचाइ छोएकाले उसले खुट्टा झिकिदिएमा आन्दोलन अघि नबढ्ने मेरो बुझाइ थियो । करिब ५० दिनको आन्दोलनको समीक्षाले यही देखाउँथ्यो । चैत २६ सम्म आइपुग्दा आन्दोलनकारीको संख्या बढ्नुमा कांग्रेसको भूमिका पनि ठूलो थियो ।

देशभित्र कांग्रेसको प्रभाव वामपन्थीहरूको भन्दा कम भए पनि कमजोर भने थिएन । यही वस्तुगत यथार्थका कारण मैले कांग्रेस पछि हट्दा आन्दोलन चोटिलो ढंगले अघि नबढ्ने निष्कर्ष निकालेको थिएँ । मेरो निष्कर्षलाई ठूलो कमजोरी ठाने सहयोद्धाहरूले ।

मालेभित्र मदन भण्डारीलगायत केही कमरेडहरूको बुझाइ आरके मैनाली खुला मोर्चाबाट नहोमिएको भए आन्दोलन यहाँसम्म आइपुग्न मुस्किल थियो भन्ने पनि थियो । हुन पनि त्यसबेला मानिसहरू माले भन्नासाथ आरके, सीपीलाई नै बुझ्थे । त्यसैले भूमिगत नेताहरूलाई दरबारसँगको वार्तामा माले सहभागी छैन भन्न अप्ठ्यारो थियो । म पार्टीकै निर्णयानुसार वाम मोर्चाको सदस्य र त्यसपछि कार्यवाहक अध्यक्ष भएको थिएँ । यही हैसियतले राजदरबारमा वार्ता गर्न गएको थिएँ ।

•••

पार्टीभित्रका केही नेताहरूले आरकेले आन्दोलनलाई गणतन्त्रमा जान दिएन भन्ने अवस्तुवादी मूल्यांकन गर्न भ्याइसकेका रहेछन् । आन्दोलन वामपन्थीहरूको मात्र थिएन । साथै, गणतन्त्रका लागि लक्षित पनि थिएन । निरंकुशताविरोधी मात्र थियो भन्ने उनीहरूले भुलेछन् । तर, जति उपलब्धि प्राप्त हुँदै थियो, त्यो पनि म र सहानाजीको जोडबलबाट थियो । हामी दुई जना राजदरबार नगएको भए राजा वीरेन्द्रले पञ्चायत पूरै विघटन नगरी बहुदलीय पञ्चायत मात्र दिन लागेका थिए । कांग्रेस सभापति र महामन्त्रीले त्यसमा समर्थन जनाइसकेका थिए । गणेशमान सिंह, सहाना प्रधान र मेरो प्रयत्नका कारण मात्र राजा क्रमशः पञ्चायत विघटन गर्न राजी भएका थिए । तर, यथार्थ नबुझी सहयोद्धाहरूले मलाई स्टेजबाट हट् भनिरहेका

थिए । पार्टीका पक्षमा इमानदार पहल गरेकाले यस्तो विरोध होला भन्ने मैले कल्पनै गरेको थिइनँ ।

...तर, सहकर्मीहरूले आरकेको एकसूत्रीय मिसन निरंकुश राजतन्त्रको अन्त्य नै हो भन्ने बुझिदिएनन् । कतिसम्म दबाब आयो भने मञ्चबाट हट्नुभएन भने जनताले प्रतिकार गर्नेछन् भनेर चिट पठाउन थाले । सायद मलाई मञ्चबाट हटाउन मदन भण्डारीको पनि सहमति थियो । मदन र मेरो लामो समयदेखि भेट हुन सकिरहेको थिएन । अन्य सहकर्मीहरूले मेराविरुद्ध कुरा लगाएर उहाँलाई विरोधी बनाइसकेका थिए । तर, मदनको सबभन्दा सबल पक्ष के थियो भने उनी एकोहोरो कुरा कमै सुन्थे ।

•••

आमसभाको त्यो दिन ममाथि कोही जाइलागे त्यो जनलहरमा एक वचन 'यो मण्डले हो' मात्रै भन्दिएमा उनीहरू कोही पनि बच्दैनथे । किनभने, उनीहरूलाई मालेका नेता भनेर सार्वजनिक रूपमा कसैले चिनेका थिएनन् । म आन्दोलनकारी रापताप भएको नेताका रूपमा स्थापित भइसकेको थिएँ । मेरा कुरा जनसमुदायले सजिलै पत्याउँथे । त्यही सभामा गिरिजाप्रसादले 'यो कांग्रेसको पनि जित, पञ्चायतको पनि जित' भनेर भाषण गर्दा आन्दोलनकारीले ढुंगामुढा गरेका थिए भने मजत्तिको क्रान्तिकारीले मण्डले भनिदिँदा हुने परिणाम जोकोहीले आकलन गर्न सकिन्छ । मालेका केही भूमिगत नेताहरूले मञ्चबाट बाहिर निकाल्नेसम्मको अपमान गरे पनि मैले संयम गुमाइनँ । टुँडिखेलमै पार्टीको विवाद गाईजात्रे शैलीमा देखाउनु जेल/नेल भोगेर निस्किएको मजस्तो व्यक्तिका लागि शोभनीय विषय थिएन ।

पार्टीमाथिको प्रतिबन्ध फुकुवा भएको १८ घन्टा नबित्दै मारामार हुँदा अपाच्य सरम हुन्थ्यो । यथार्थ नबुझेरै मलाई पार्टीले कारबाही गर्न सक्थ्यो । यसले राष्ट्रिय राजनीतिक मोडमा नकारात्मक प्रभाव पार्न सक्ने विश्लेषणपछि व्यक्तिगत प्रतिष्ठाभन्दा पार्टीगत प्रतिष्ठा बचाउनु कर्तव्य ठानेँ र मञ्चबाट बाहिरिने निधो गरेँ ।

...बेलुकी थाहा भयो, सभामा मालेका तर्फबाट झलनाथ खनालले बोल्न खोज्दा जनताले हुटिङ गरेर विरोध गरेछन् । सहानाले 'झलनाथजी मालेकै नेता हुन्, आरके बिरामी परेर आउन नसकेकाले उनी आएका हुन्' भनेपछि मात्र झलनाथलाई बोल्न दिइएछ । मालेका साथीहरूले तेस्रो पर्चामा जे-जे लेखेका थिए, झलनाथले तिनै बुँदा पढेर भाषण गरेछन् ।

म मञ्चबाट अचानक हिँडेको बारे विभिन्न अड्कलबाजी भए । बेलुकासम्ममा प्रस्ट भयो, साथीहरूले मलाई वार्ताको जस नदिन मात्र चाहेका रहेछन् । म मञ्चबाट बाहिरिएपछि मालेका प्रतिनिधिका रूपमा सभामा सम्बोधनका लागि झलनाथलाई पठाउनुले यही संकेत गर्थ्यो ।

जालझेलको सिकार

मलाई मञ्चबाट हटाएको तीन दिनपछि अर्थात् ३१ चैतमा काठमाडौँको टोखामा केन्द्रीय कमिटीको बैठक बस्यो । पहिलो दिनको बैठकमा मलाई बोलाएनन् । त्यहाँ मलाई निलम्बन गर्नेदेखि जिम्मेवारीबाट हटाउनेसम्मका कुरा उठेछन् । बैठक सुरु भएको भोलिपल्ट महासचिव मदनले फोनमा भने, "तपाईंलाई लिन गाडी आउँदै छ, तुरुन्तै आउनु होला ।" "कहाँ आउनू ?" मैले सोधेँ । उनले गाडीले जहाँ ल्याउँछ, त्यहीँ आउनू भन्ने जवाफ फर्काए । केही बेरपछि केपी ओलीले फोन गरे । "गाडी लिन आउँदै छ भन्ने खबर पायौ होला । यहाँ आएपछि नम्र भएर सविस्तार प्रस्तुत हुनु । अररा कुरा नगर है," केपीले भने, "यहाँ तिम्राविरुद्ध षड्यन्त्र भइरहेको छ । साथीहरू साह्रै कठोर भएका छन् । हात छोड्न सक्छन् ।" "हातै छाडे भने त म पनि कहाँ कम हुँला र !" मैले फुर्ती जोड्दै भनेँ । आफूले आन्दोलनमा जे गरेँ, इमानदारीसाथ गरेकाले प्रतिरक्षा गर्न सक्छु भन्दै मैले केपीलाई चिन्ता नलिन सुझाएँ । त्यसपछि कैयन् कुरामा केपीसँग मतभेद भए पनि त्यस बेलासम्म उनी आत्मीय नै थिए ।

निर्धारित स्थानमा पुगेर बैठकमा सहभागी भएपछि मैले डेढ घन्टा आन्दोलनकालको यथार्थ भट्याएँ । सबालजवाफ कसैले गरेनन् । कांग्रेसलाई छाडेर आन्दोलन नउठ्ने, विदेशी हतियार ल्याएर पञ्चायत नढल्नेजस्ता मनमा लागेका तर्क प्रस्तुत गरेँ । आन्दोलन गणतन्त्रका लागि अघि बढोस् भन्ने साथीहरूको नियत असल भए पनि त्यो मनोगत भएको भन्दै यथार्थ व्याख्या गरिदिएँ । मेरो कुरा सुनेपछि मदनलाई सकस र अप्ठ्यारो भएछ । किनभने, मलाई निष्कासित गर्ने मोटामोटी सहमति अघिल्लो दिनको बैठकमै बनिसकेको रहेछ । मलाई कारबाही गर्दा देशव्यापी रूपमा गलत सन्देश जाने चिन्ता मदनमा उम्रिएछ । पार्टी खुला हुनेबित्तिकै नाम चलेको नेतालाई कारबाही गर्दा कार्यकर्तामा निराशा आउने, कांग्रेसमा पनि आफूप्रति नराम्रो छाप पर्ने यथार्थ मदनले बुझेका रहेछन् ।

> केपीले भने, "यहाँ तिम्राविरुद्ध षड्यन्त्र भइरहेको छ । साथीहरू साह्रै कठोर भएका छन् । हात छोड्न सक्छन् ।" मैले भनेँ, "हातै छाडे भने त म पनि कहाँ कम हुँला र !"

थप आन्दोलनमा कांग्रेससँगै गएर बहुदलीय व्यवस्था सुदृढ गर्न, संयुक्त सरकार बनाउन र संविधान जारी गर्दै निर्वाचनमा सहभागी हुने बाटो बाँकी थियो । मैले बैठकमा यही कुरा राखेँ । तत्काल गणतन्त्र स्थापना गर्ने नारालाई कार्यनीति बनाउँदा निस्कने अवस्तुवादी प्रभावबारे मदन सचेत रहेछन् । उनको बुझाइ र मैले राखेका तथ्यबीच मेल खायो । मेरो प्रस्तुतिले उनलाई घोचेछ । त्यसैले मदनले मलाई निलम्बन हुन दिएनन् । संयुक्त वाममोर्चामा मालेका तर्फबाट मेरो स्थानमा झलनाथलाई ल्याएर यसलाई नै मप्रतिको राजनीतिक कारबाही ठानियो । मलाई वाममोर्चाको दोस्रो प्रतिनिधि मात्र बनाइयो ।

वास्तवमा झलनाथको ध्येय संयुक्त वाममोर्चामा प्रतिनिधित्व गर्ने थियो । किनभने, उनलाई त्यसपछिको मन्त्रिपरिषद्मा सामेल हुनु थियो । मलाई लडाएपछि मात्र उनी त्यहाँ पुग्न सक्थे । मन्त्रिपरिषद्मा सहभागी हुने वातावरण बनाउनकै लागि उनले यस्तो जाल रचेका रहेछन् । यो दाउपेचको स्ट्राइकर प्रदीप नेपाल, ईश्वर पोखरेल र माधव नेपाल थिए । मदनलाई यसबारेमा धेरै जानकारी रहेनछ । त्यस बेलासम्म उनीहरूका भित्री योजना मदनले बुझेका रहेनछन् । यसर्थ, यस समूहले गरेको डिजाइनमा मदन सहमत भएछन् । मलाई पछाडि पार्दा सीपीलाई समेत साइजमा ल्याउन सक्ने उनीहरूको निचोड रहेछ । उनीहरू सीपीसँग पनि रूष्ट थिए । सीपीको दाजु भएकाले पनि मलाई उनीहरूले तारो बनाएछन् । दाजुभाइ मिल्छन् भन्ने भय उनीहरूलाई रहेछ ।

चार नेताले बनाएको 'डिजाइन' अन्तर्गत नै झलनाथ ६ वैशाख ०४७ मा कृष्णप्रसाद भट्टराईको नेतृत्वमा गठित अन्तरिम मन्त्रिपरिषद्मा सहभागी भए । संविधान सुझाव आयोगको सदस्य बन्ने माधवको दाउ पनि सफल भयो ।

प्रधानमन्त्री बन्न मानेनन्, गणेशमान

लोकेन्द्रबहादुर चन्दले ४ वैशाख राती पदबाट राजीनामा दिएपछि रिक्त पदमा दरबारबाट गणेशमान सिंहलाई प्रधानमन्त्री बन्ने प्रस्ताव आयो। गणेशमानले राजदरबारको प्रस्ताव स्वीकारेनन्। त्यो खबर संयुक्त वाममोर्चाको अध्यक्ष सहाना प्रधान हुँदै वाममोर्चा बैठकभित्र प्रवेश गऱ्यो। यसपछि सहाना र म गणेशमानलाई प्रधानमन्त्रीको जिम्मेवारीमा मनाउन उनको निवास चाक्सीबारी गयौँ। गणेशमानलाई मनाउन गएका हामी उनको तर्कसामु आफैँ नतमस्तक बन्यौँ। उनले मीठो तर्क गर्दै हामीलाई भनेको म अहिले पनि सम्झन्छु, "सहाना तिमीहरू कांग्रेसलाई चिन्दैनौ। कांग्रेस गज्जबको पार्टी हो।" सहानाले सोधिन्, "किन ?" गणेशमान भन्दै गए, "म काठमाडौँको नेवार। यहाँ अरू दुई जना वरिष्ठ बाहुन छन्, कृष्णप्रसाद र गिरिजाप्रसाद। यदि म प्रधानमन्त्री बनेँ भने यी दुई जना बाहुन मिल्छन् र प्रधानमन्त्री भएको दुई-चार दिनमै मलाई घिक्लिक्क लडाउँछन्। यसपछि कांग्रेसभित्र विवाद हुन्छ। राजदरबारले त्यही चाहिरहेको छ। संविधान पनि बन्दैन। संविधान बनाउनकै लागि म प्रधानमन्त्री बन्दिनँ।"

राजाको खाजा

...म मधुमेहको रोगी भएकाले खान्कीमा विशेष ध्यान दिनुपर्थ्यो। मन्त्रिपरिषद्को बैठकमा पानीसमेत नहुनु चरम दरिद्रताको उपज थियो। सानै कुरा सही, आफू बिरामी भएकाले यो कुरा राजा ज्ञानेन्द्रसँगै राख्नु उचित ठानेँ। मैले राजासँग मुख खोलेँ, "सरकार मन्त्रालयमा सेवाग्राहीले घेर्ने हुनाले म अरूजस्तो दिउँसै घर गएर खाजा खाएर आउन सक्दिनँ। फेरि मन्त्रालयको सचिवालयमा खाजा खाने रकम थोरै छ। आफू डाइबेटिज रोगी परेँ। बैठकमा खाजा, पानीको समेत व्यवस्था नहुने हो भने कसरी बैठकमा बस्ने सरकार ?" मेरो कुरा सुनेर टाउको हल्लाउँदै राजाले भने, "मन्त्री ! त्यस्तो हो भने केही पाकेट बिस्कुट किन्ने र गोजीमा राख्ने। बैठक कक्षको यसो छेउमा सानो पर्दा लगाइएको छ। त्यहाँ पानी राखिएको हुन्छ। त्यहीँ छिरेर स्वाट्ट पानी र बिस्कुट खाने।"



राजाको जवाफले म तीनछक परेँ। खासमा राजासँग मैले खाजा मागेको थिइनँ। मन्त्रिपरिषद्को बैठकको गरिमा र मर्यादा कुल्चिएको अवस्थाप्रति घुमाउरो ढंगले असहमति दर्ज गर्न खोजेको थिएँ। तर, यो तहको जवाफ आउला भन्ने सायदै कसैले कल्पना गर्ला। राजाको चिन्तनको तह र स्तर प्रस्ट भयो। आज सम्झँदा लाग्छ, त्यो सायद मन्त्रीहरूको अपमानभन्दा पनि राजदरबारकै हैसियतको अपमान हो। त्यसपछिका बैठकमा टेबलमा पानीका बोतल भने राख्न थालियो। राजाले भनेजस्तै अर्को बैठकदेखि एक छेउमा घेरेर बारेको ठाउँमा टेबल र कुर्सी राखेर दुई-तीन बोतल पानी पनि राखिएछ। यस्तो देखेभोगेपछि राजा ज्ञानेन्द्रको व्यवहारप्रति सरम लाग्यो। भोकले मरे पनि मरियोस्। तर, त्यहाँ गएर बिस्कुट नखानेमा आफूलाई प्रतिबद्ध बनाएँ।

आफ्नो पद र हैसियत कायम गर्न नजान्ने ज्ञानेन्द्रजस्ता लोभी राजा सायदै यो संसारमा होलान्! उनी कतिसम्म लोभी रहेछन् भन्ने उनको व्यवहार भोगेपछि उनीप्रतिको भरोसामा पनि पहिरो गयो। तर, गर्ने के ? नहुनु गल्ती भइसकेको थियो। राजा ज्ञानेन्द्रले गम्भीर र सरमलाग्दो धक्का दिइसकेका थिए। म उनको कुरा पत्याएर खुरुखुरु पछि लागिसकेको थिएँ। घरमा आएका पाहुनालाई मीठो-मसिनो जे छ, त्यही खुवाउनु नेपाली समाजको सांस्कृतिक विशेषता हो। तर, राजाले मन्त्रिपरिषद्मा सामान्य संस्कार पालना गर्न नसकेको देखेर बल्ड्याङ खाँदै आफैँ लज्जित भएँ।

पारस र दरबार हत्याकाण्ड

खानपिन र रसरंगमा मस्त हुने दरबारको 'संस्कार' रहेछ। किनभने, उनीहरू कानुनभन्दा माथि थिए। जसलाई जे भने पनि, जे गरे पनि हुने उनीहरूको संस्कार थियो। आफ्नै ज्ञानले, मनले जानेर स्वनियन्त्रण गरे रोकिन सम्भव थियो। नत्र, उनीहरूको उच्छृंखल क्रियाकलाप कसैले रोक्न सक्तैनथे। तसर्थ, रक्सी र युवती आकर्षणमा पारस बदनाम भए। संस्कारले नै उनलाई बदनाम बन्न प्रेरित गऱ्यो। श्री ५ लेखिने दरबारियाहरू प्रायः सबै यस मामिलामा मुछिएका छन्। दीपेन्द्रका बारेमा पनि अनेक किस्सा नसुनिएका होइनन्। तर, पारस अलि बढी खुला स्वभावका भएकाले सार्वजनिक भयो। बुबाको कदमबाट दिक्क भएर कहिलेकाहीँ पारस मसँगको भेटघाटमा भन्थे, "बुबा सरकारलाई सम्झाइदिनोस् न, यसरी कहीँ पुगिँदैन।"

कहिलेकाहीँ मण्डले तथा स्वार्थी पृष्ठभूमिका मानिसहरू आएर मलाई युवराज पारस सरकारबाट हुकुम भएको छ, मेडिकल कलेजको अनुमति दिनुपऱ्यो, नर्सिङ र एमबीबीएसका कोटा मिलाइदिनुपऱ्यो भनेर हैरान बनाउँथे। पारसले नै भनेको हो भने त सोच्नुपर्ने भयो भन्दै 'युवराजबाट नै मलाई फोन गराउनुहोस्!' भन्थेँ। उनको नाम बेचेर खान पल्किएकाहरूलाई यसै भन्नुपर्थ्यो। तर, पारसले कहिल्यै फोन गरेनन्। फेरि केही दिनपछि आएर उनीहरू उस्तै दबाब दिन्थे। आजित भएपछि एक दिनको भेटमा मैले पारससँग कुरा उठाएँ, "तपाईंको नाम लिएर मेडिकल र नर्सिङ कलेजको सम्बन्धनका लागि आएका थिए, कुरा के हो ?" यस्तो सुन्नासाथै पारस राँकिए, "यिनले डुबाउने भए। मैले तपाईंलाई केही भन्नु छ भने आफैँ भन्न सक्तिनँ र ! फेरि भन्न आए भने कोठाबाट घोक्रेठ्याक लगाएर निकालिदिनू।"

प्रजातान्त्रिक सोच राख्ने, जनाधार भएका लोकप्रिय अनुहार, विकास निर्माणमा चासो राख्ने व्यक्तिहरूलाई मन्त्रिपरिषद्मा समेट्नुपर्छ भन्ने पारसको बुझाइ थियो। भलै, मनमा जे भए पनि बुबाको कुरा काट्न सक्तैनथे। बुबाप्रतिको उनको असन्तुष्टि सांकेतिक भाषाबाट बुझ्नुपर्थ्यो।

•••

दीपेन्द्रको विवाहका सवालमा पारसको पूर्ण समर्थन थियो। पूरा दरबार दीपेन्द्रको विपक्षमा उभिँदा समेत पारस एकलव्य शैलीमा दाजु दीपेन्द्रको साथमा थिए। आफूले मन पराएकी केटी विवाह गर्न पाउनुपर्छ भन्ने सोचका कारण पारसले दीपेन्द्रलाई साथ दिएका हुन सक्छन्। सँगसँगै जस्तो हुर्किएकाले समेत पारसले दीपेन्द्रलाई धाप दिएका होलान्। १९ जेठ ०५८ रातीको त्रासद दरबार हत्याकाण्डमा सबैलाई गोली दाग्दासमेत पारसलाई नछुनुमा सायद दीपेन्द्रले आफूप्रतिको त्यही गुण सम्झिएर हो कि ? दीपेन्द्रले पारसलाई गोली नहान्नुमा यो 'फ्याक्टर'ले पनि काम गरेको हुन सक्छ। मैले जानकारी पाए अनुसार दरबार हत्याकाण्डमा गोली चलाउनेचाहिँ दीपेन्द्र नै हुन्। भलै, उनलाई उकास्ने दरबारिया, देशी/विदेशी तत्त्व को-को थिए, त्यो अर्को पाटो हो। ◆

(पत्रकारद्वय माधव बस्नेत र मनबहादुर बस्नेतद्वारा सम्पादित राधाकृष्ण मैनालीको संस्मरणात्मक पुस्तक *नलेखिएको इतिहासबाट*।)

नयाँ स्वरूपमा आतंकवाद

भारतीय रेल लाइनमा विस्फोट गराउने योजनाको खुलासा

मनबहादुर बस्नेत

गत १३ पुसमा हरैया गाउँ, बाराको जंगलमा दुइटा शव भेटिए । एउटा रूखमा बाँधिएर र अर्कोको हातखुट्टा बाँधेर घाँटी रेटिएको अवस्थामा । प्रहरी अनुसन्धानबाट दुवै जना भारतीय नागरिक भएको खुल्यो । हत्या गरिएका व्यक्ति थिए, चम्पारन लक्ष्मीपुर, बिहारका दीपक राम र अरूण राम । रामद्वयको हत्या अभियोगमा कलैया, बरेवाका मोजाहिर अन्सारी र उमेशकुमार पटेल समातिए । दुवैले आर्थिक लेनदेनमा कुरा नमिलेपछि हत्या गरेको बयान दिए । त्यही बीचमा कलैयाकै आशिष सिंहसमेत समातिए ।

लेनदेनका कारण मात्रै यति क्रूर हत्या हुन नसक्ने ठानेर यो घटनाको अनुसन्धानमा प्रहरीको विशेष ब्युरोसमेत सामेल भयो । लगत्तै आरोपितहरूले आफूलाई गिरी बाबाका नामले चिनिने कलैयाकै बृजकिशोर गिरीले हत्या गर्न लगाएको बयान दिए । त्यसपछि प्रहरीले २४ पुसमा गिरीलाई नियन्त्रणमा लियो । गिरी पक्रिएपछि भयानक योजनाको पर्दाफास भयो । हत्याको जालो आतंकवादसँग जोडिएको भेटियो । र, यस्तो जालो युनाइटेड अरब इमिरेट्स (यूएई), नेपाल र भारतसम्म फैलिएको प्रहरीको निष्कर्ष छ ।

दुबई (यूएई)बाट सञ्चालित गिरोहले नेपाल-भारत सीमा क्षेत्रका बासिन्दालाई उपयोग



तस्बिर : पीटीआई

पुखराया (कानपुर) रेल दुर्घटना

गरेर यस्तो आपराधिक सञ्जाल खडा गरेको थियो, जसले भारतीय रेल लाइनमा विस्फोट गर्ने योजना बनाएको प्रहरीको भनाइ छ। "यो योजना प्रहरीले बेलैमा थाहा नपाएको भए ठूलो क्षति हुने थियो," ब्युरो प्रमुख एवं प्रहरी नायब महानिरीक्षक (डीआईजी) बमबहादुर भण्डारी भन्छन्, "किनभने, उनीहरूले थुप्रै मानिसको चहलपहल हुने र यात्रारत रेलमा विस्फोटको योजना बनाएका थिए।"

यही योजनाको पोल खुल्ने डरले समूहभित्रबाटै उनीहरूको हत्या भएको प्रहरीको दाबी छ। उनीहरूले सीमा नजिकै भारतको घोडासन रेल ट्र्याकमा विस्फोट गर्ने योजना बनाएका थिए। सोही अनुसार रामद्वयलाई गिरीले खटाएका थिए। तर, १६ कात्तिक ०७३ मा रेल ट्र्याकमा राखिएको प्रेसर कुकर बम प्राविधिक गडबडीका कारण पड्किएन। तर, त्यस क्रममा भएको क्षतिले रेल ट्र्याकबाट बाहिरिएर दुर्घटनामा परेको थियो, जसमा दुई जनाको ज्यान पनि गयो। यो सूचना चुहिने डरले रामद्वयलाई नेपाल बोलाएर गिरीको समूहबाट हत्या भएको अनुसन्धानबाट पुष्टि भएको भण्डारी बताउँछन्। भन्छन्, "योजना असफल भएपछि गिरीले पैसा लिन नेपाल बोलायो दुवै जनालाई। त्यसपछि हत्या गराउन लगाएको देखिन्छ।"

१६ कात्तिकको विस्फोट सफल भए भारतमा त्यस प्रकारको आतंकवादी घटना अहिलेसम्मकै नयाँ खतरनाक हुन सक्थ्यो। पछि, कानपुर नजिकै पुखराया भन्ने ठाउँमा ६ मंसिरमा ठूलो रेल दुर्घटना भयो, जसमा १ सय ४३ जनाले ज्यान गुमाए। त्यहाँ रेलवे ट्र्याक उडाएर रेल दुर्घटना गराइएकोतिर अनुसन्धानको सुई घुमेको छ। र, प्रेसर कुकर बमबाट घोडासनमा रेल ट्र्याक उडाउने योजना र पुखरायाको दुर्घटना गराउने समूह एउटै भएको सूचना भारतीय प्रहरीले नेपाली पक्षलाई दिइसकेको छ। बिहारमा पक्राउ परेका तीन जनामध्ये एक जनाले यस्तो बयान दिएको प्रहरी स्रोतको भनाइ छ।

प्रहरीका अनुसार गिरीले नेपालमा बसेर भारत र दुबईमा दोहोरो सम्पर्क गरी योजना बनाएका थिए। अनुसन्धानबाट विस्फोट गराउन पाँच जना भारतीय 'फिल्ड'मा गएका थिए। यही सूचना भारतीय सुरक्षा संयन्त्रलाई ब्युरोले दिएपछि बिहार प्रहरीले मोती पासवान, उमाशंकर पटेल र मुकेश यादवलाई पक्राउ गरेको थियो। बाँकी दुई जना भने अझै फरार छन्। भारतमा पक्राउ परेकाहरूले समेत तीन लाख भारतीय रुपियाँ लिएर काम गरेको बयान प्रहरीसामु दिएका छन्। पहिलो योजना असफल भएपछि आफूले फेरि अर्को काम गर्न अह्राएको तर नमानेपछि रामद्वयको हत्या गर्नुपरेको प्रहरी बयानमा गिरीले खुलाएका छन्।

गिरीका नाममा दुबईबाट चार लाख नेपाली रुपियाँ हिमाल रेमिट्सबाट आएको प्रमाण प्रहरीले फेला पारेको छ। कलैयास्थित हिमालयन बैंकले यति धेरै रकम खाता नखोली भुक्तानी दिन नमानेपछि गिरीले त्यहीं खाता खोलेका थिए, जुन प्रहरीका लागि अनुसन्धानको थप आधार बन्यो। पक्राउ परेका अन्यले विस्फोटका लागि १५ लाख रुपियाँ आएको बयान दिएका छन्, जसको प्रमाण



घोडासन रेल दुर्घटना

भने फेला परेको छैन । तर, यसभन्दा बढी रकम आएको हुन सक्ने अनुमान प्रहरीको छ ।

गिरीलाई दुबईबाट रकम पठाउने व्यक्ति हुन्, कलैयाका समसुल होदा । होदाको पृष्ठभूमि र वर्तमान हैसियतले समेत प्रहरीलाई अचम्मित तुल्याएको छ । प्रहरीका अनुसार होदा सन् २००१ मा वैदेशिक रोजगारीका लागि मलेसिया पुगेका थिए । करिब एक दशक मलेसियामा बसेका उनी त्यहाँबाट फर्किएपछि बारा-पर्सा क्षेत्रमा बस्न थाले । त्यसपछि एकाएक उनी राजनीतिमा झुल्किए र ०७० को संविधानसभा निर्वाचनमा राष्ट्रिय मधेस समाजवादी पार्टीबाट उम्मेदवार नै बने, बारा-२ बाट । चुनावमा पराजित भएको चार

▲बाराको हरैयामा भेटिएको अपहृत दीपक र अरुण राममध्ये एकको शव

महिनापछि उनी दुबईतिर हानिए । त्यसको डेढ महिनापछि होदा पुनः नेपाल फर्किए र २० दिन बसेर दुबई गए ।

प्रहरीका अनुसार होदाले दुबईमा बसेर कुनै आपराधिक समूहका लागि काम गरेको देखिन्छ । तर, कुन समूहसँग आबद्ध छन् भन्ने खुलिसकेको छैन । भारतीय पक्षले भने पाकिस्तानी खुफिया एजेन्सी इन्टर सर्भिस इन्टेलिजेन्स एजेन्सी (आईएसआई)का लागि काम गरेको दाबी गरेको छ । यद्यपि, होदाले आर्थिक संकलन गर्ने र नेपाल-भारत सीमा क्षेत्रमा आफ्नो सञ्जाल निर्माण र परिचालन गरेको पाइएको छ ।

होदा आबद्ध समूह नखुले पनि प्रहरीले नक्कली भारतीय मुद्राको कारोबारीसँगको सम्पर्क भने केलाइसकेको छ । होदाको सम्पर्क पाकिस्तानी नागरिक सफी भन्ने व्यक्तिसँग देखिएको छ । नेपालमा रहेका गिरीसँग होदाकै टेलिफोनमार्फत सफीसँग कुराकानी हुँदै आएको र ती व्यक्ति ब्युरोले नै यसअघि अनुसन्धान गरेका नक्कली मुद्रा कारोबारमा पनि संलग्न थिए । ठोस सूचना र प्रमाणका अभावमा यो नाम प्रहरीले मिसिलमा राख्न सकेको थिएन । यद्यपि, यो नाम नक्कली भारतीय रुपियाँको कारोबारमा संलग्न भएकाहरूको सूचीमा भने टिपोट गरिएको छ । उनले सेख सफी, चाचा उर्फ सफी नाममा आफ्नो परिचय दिने गरेको प्रहरी विवरणमा छ । “यसअघिका केही घटनामा उसको नाम जोडिएको थियो,” डीआईजी भण्डारी भन्छन्, “उनी नक्कली भारुमा मात्रै केन्द्रित होलान् भन्ने थियो । तर, आतंकवादी गतिविधिमा समेत संलग्न भएको देखियो ।” ◆

न्यायपालिका

सामान्य रूपमा हरेक मान्छे स्वार्थको लेदो मिश्रित प्रवृत्तिद्वारा निर्देशित हुन्छ । राजनीतिज्ञहरू त त्यसका प्रबल अनुयायी हुने नै भए । उच्च अदालतका न्यायाधीशहरूको नियुक्तिको मैझारो त भयो तर प्रक्रियाबारे धेरै प्रश्न उठे । संयक मूल्यांकन गर्दा यो नियुक्ति प्रक्रिया राजनीतिक हस्तक्षेपको ऐतिहासिक उत्कर्षमा पुगेको प्रस्ट देखिन्छ ।

स्वाभाविक हो, राजनीतिज्ञहरू शक्तिमा रहँदा प्रतिफल प्राप्त हुने प्रत्येक ठाउँमा आफ्नो स्वार्थ पूरा गर्न लालायित रहन्छन् । तर, न्यायाधीश नियुक्तिमा राजनीतिक स्वार्थ हाबी हुन नदिनु र न्यायिक प्राधान्य कायम राख्नु परिषद्को अध्यक्षको हैसियतले प्रधानन्यायाधीशको कर्तव्य हो । राजनीतिज्ञहरूप्रति विनीत हुनु र नियुक्तिलाई उनीहरूको हातमा छोडिदिनु बिलकुलै उचित हुँदैन ।

हालसम्म सार्वजनिक प्रशंसा पाएकी र न्यायिक छविलाई उचाइमा पुर्‍याउन सफल प्रधानन्यायाधीश न्यायपरिषद्को न्यायाधीश नियुक्तिको निर्णयमा अध्यक्षता गरिरहँदा त्यो उचाइबाट अनपेक्षित रूपमा क्षयोन्मुख हुनु साँच्चिकै दुःखलाग्दो कुरा हो । यो नियुक्ति प्रक्रियाले न्यायाधीश नियुक्तिका बहुमत अन्तर्राष्ट्रिय मान्यता तथा राष्ट्रिय रूपमा स्थापित अभ्यासहरूलाई धुलाम्य बनाएको छ । यसबाट लाग्छ, न्यायपालिका कार्यपालिकामा विलयको क्रममा छ । त्यसकारण प्रधानन्यायाधीशको उज्ज्वल, स्फटिक र सपाट छविमा प्रश्नचिह्न लाग्नु चिन्ताको विषय हो । सरकारी वकिलहरूको संगठन, नेपाल बार एसोसिएसन तथा पूर्वन्यायाधीशहरूको संगठनसमेतले यो निर्णय प्रक्रियाले स्वतन्त्र न्यायपालिकाको मानमर्दन गरेको निष्कर्ष निकाल्नु यसैको संकेत हो ।

स्वतन्त्रतामाथि प्रश्न

न्यायपालिकासँग सम्बद्ध प्रधानन्यायाधीश मात्र नियुक्ति प्रक्रियामा रहनु, प्रधानमन्त्रीका प्रतिनिधि र न्याय तथा कानुनमन्त्रीको बहुमत बैठकबाट मध्यरातमा नियुक्ति प्रक्रिया टुंग्याइनु न्यायिक प्राधान्यबाट नियुक्तिलाई राजनीतिज्ञहरूको पोल्टामा सुम्पिदिनु हो । यस्तो प्रक्रियाबाट भएको नियुक्ति ती राजनीतिक दलका नेताको स्वार्थको लेदोबाट लेपित छैन भन्ने कुनै आधार भेटिँदैन ।

यसअघिका नियुक्ति प्रक्रियाले पनि राजनीतिक गन्ध फालेकै थिए तर राजनीतिक नेताहरूको प्रत्यक्ष हस्तक्षेप भने प्रत्यक्ष देखिएको थिएन । यसले प्रश्न जन्माएको छ, के न्यायाधीश नियुक्तिमा भविष्यमा न्यायिक प्राधिकार कायम रहला ? पाँच जनाको परिषद्मा तीन जनाको बहुमतले निर्णय गर्ने अभ्यासले अब कुनै दिन प्रधानन्यायाधीश र वरिष्ठ न्यायाधीशलाई बाहेक गरी अन्य तीन जना राजनीतिक प्रतिनिधिहरूको बहुमतले न्यायाधीश नियुक्ति सिफारिस गर्न सक्ने अवस्था आउला कि नआउला ? अनि, संविधानप्रदत्त स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकाको भविष्य कहाँ पुग्ला ?

सजिलै अनुमान गर्न सकिन्छ, न्यायाधीश नियुक्तिमा न्यायपरिषद्का सदस्यहरूलाई एक ठाउँमा ल्याएर एउटै धारणा

को मानमर्दन

बनाउनु प्रधानन्यायाधीशलाई फलामको चिउरा चपाउनुसरह थियो । एकातिर न्यायाधीश नियुक्ति गर्नुपर्ने सार्वजनिक दबाब तथा अर्कातिर परिषद्का सदस्यहरूको बहुरंगी स्वार्थका बीचबाट सर्वसम्मत निकास निकाल्नु किञ्चित सजिलो थिएन । प्रधानन्यायाधीशले यसका लागि भगीरथ प्रयास पनि गरेको होला । यस आलोकमा हेर्दा न्यायिक स्वतन्त्रताको निधि र विरासत थाम्न प्रधानन्यायाधीशलाई निकै गाह्रो भएको देखिन्छ । जे भए पनि न्यायाधीश नियुक्ति प्रक्रियाका सम्पूर्ण मान्यतालाई तिलाञ्जलि दिएर भएको यो कार्य स्वतन्त्र न्यायपालिकाविरुद्ध नमीठो सम्झौता हुन पुग्यो ।

न्यायपालिकाको प्राधिकार कायम राखेको छ । पछिल्लो नजिरबाट सर्वोच्च अदालतका प्रधानन्यायाधीश र अरू चार जना वरिष्ठ न्यायाधीश गरी पाँच जनाको कलेजियमले न्यायाधीश सिफारिस गरी राष्ट्रपतिकहाँ पठाउने प्रचलन कायम भएको छ । राष्ट्रपतिले कलेजियमको सिफारिसलाई तलमाथि गर्न सक्दैनन् ।

सन् २०१४ मा फेरि नरेन्द्र मोदी सरकारले न्यायाधीश नियुक्ति गर्न नेपालको न्यायपरिषद्जस्तै न्यायाधीश नियुक्ति राष्ट्रिय आयोगसम्बन्धी संविधान संशोधन विधेयक राज्यसभामा पेस गर्‍यो र संसद्ले ऐनको रूपमा पारित पनि गर्‍यो । तर, यसले स्वतन्त्र न्यायपालिकाजस्तो संविधानको आधारभूत संरचनामा प्रतिकूल असर पारेको भनी सर्वोच्च अदालतले खारेज गरिदियो । यो नजिरको निष्कर्ष के भने न्यायाधीश नियुक्तिमा न्यायपालिकाकै प्राधान्य रहनुपर्छ न कि राजनीतिको । यस

अन्तर्राष्ट्रिय मान्यता

न्यायिक नियुक्तिको पनि पक्कै राजनीतिक समकालीनता हुन्छ । समयसँगै केही राजनीतिक प्रभाव यसले स्वीकार्नुपर्छ । त्यति हुँदाहुँदै पनि प्रत्येक नियुक्ति राजनीतिभन्दा न्यायका अन्तर्राष्ट्रिय मान्यता तथा स्वतन्त्र न्यायपालिकाका मूलभूत अवधारणाबाट नै नियन्त्रित र निर्देशित हुनुपर्छ । नियुक्ति प्रक्रिया राजनीतिक विभाजनबाट ज्यादा निर्देशित हुनु विडम्बना हो ।

अन्तर्राष्ट्रिय मान्यता अनुसार न्यायपालिका मूलतः तीन कुराबाट स्वतन्त्र हुनुपर्छ । पहिलो, सरकारका अन्य अंगहरू कार्यपालिका, व्यवस्थापिका र राजनीतिबाट । दोस्रो, न्यायाधीश आफैँले धारण गर्न सक्ने राजनीतिक आस्था तथा अन्य सार्वजनिक दबाब, जातीय तथा साम्प्रदायिक झुकाव आदिबाट । तेस्रो, न्यायपालिकाभित्रकै उपल्लो पदाधिकारीबाट हुन सक्ने हस्तक्षेपबाट । यी हस्तक्षेपहरूबाट स्वतन्त्र हुन सकेमा मात्र न्यायाधीशले आफ्नो विवेक, कानुन, मान्य सिद्धान्त र मिसिलमा सीमित भएर निष्पक्ष न्याय निष्पादन गर्न सक्छ ।

भारतमै पनि जवाहरलाल नेहरुकै पालादेखि न्यायिक नियुक्तिमा राजनीतिक प्रभाव दिन खोजिएको हो । तर, त्यहाँको सर्वोच्च अदालतले कार्यपालिका र व्यवस्थापिकाका त्यस्ता प्रत्येक कदमलाई न्यायिक सक्रियताबाट रोकी नियुक्तिमा

मुद्दामा बहस गर्ने क्रममा वरिष्ठ अधिवक्ता तथा राज्यसभाका सदस्य राम जेठमलानीले गरेको तर्क हाम्रो सन्दर्भमा पनि सान्दर्भिक हुन्छ, 'भ्रष्ट सरकारलाई भ्रष्ट न्यायपालिका चाहिन्छ, त्यसैले उनीहरू भ्रष्ट न्यायाधीशहरू नियुक्ति गर्न नियोक्तालाई उकास्छन् ।'

न्यायपरिषद्को पुनःसंरचना

स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायपालिकाको संवैधानिक व्यवस्था केवल नाक-कान दुखाउने नक्कली गहना मात्र होइन । लोकतान्त्रिक व्यवस्था अपनाउने मुलुकहरूमा सदियौँदेखि विकसित भई भण्डारण गरिएका गहिरो र उच्च आदर्शका रूपमा संग्रहित मूल्य र मान्यताको खानी हो । लोकतान्त्रिक मुलुकमा यसको आफ्नै सार्थकता छ ।

हाम्रो अभ्यासबाट के स्थापित भयो भने न्यायिक नियुक्ति राजनीतिक हस्तक्षेपको जोखिमबाट सधैं प्रभावित रह्यो । यसको मूल कारण नियोक्ता न्यायपरिषद्को संरचना नै हो, जसमा न्यायिक भन्दा राजनीतिक प्राधिकार बढी छ । अतः यो संवैधानिक व्यवस्थामा पुनःविचारको आवश्यकता टड्कारो छ । अब राष्ट्रिय अभ्यास र अन्तर्राष्ट्रिय मान्यता अनुसार न्यायपालिकाको प्रधानता रहने संरचना निर्माण गर्नुपर्छ । ◆

न नीति, न नेतृत्व

मधेसकेन्द्रित दृष्टिकोणमा अस्पष्ट

रामप्रीत पासवान

लालबाबु पण्डित

सत्यनारायण मण्डल

विश्वेन्द्र पासवान

रामचन्द्र झा

बाबुराम विश्वकर्मा

नेकपा माओवादी केन्द्र र नेपाली कांग्रेसको सत्ता गठबन्धन तथा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चा/संघीय गठबन्धनबीच संविधान संशोधनको पूरक प्रस्तावबारे छलफल चलिरहँदा प्रमुख प्रतिपक्षी दल नेकपा एमाले भने मधेस झर्ने तयारीमा छ । ३ माघको स्थायी समितिको बैठकले २१ फागुन देखि ५ चैतसम्म मधेसका विभिन्न ३० ठाउँमा जनसभा गर्ने निर्णय गरेको छ । बैठकपछि जारी विज्ञप्तिमा एमालेले मधेसका गतिविधि र मधेसकेन्द्रित दलले अघि सारेका मागलाई सामाजिक सद्भाव खलबल्याउने प्रयासका रूपमा चित्रित मात्रै गरेको छैन, राष्ट्रिय अखण्डतामै आँच आउने कृत्यका रूपमा अर्थ्याएको छ ।

राष्ट्रिय राजनीति मधेस मुद्दामा घुमेका बेला एमाले भने मधेस झरेर सत्तारूढ दल र मधेसी मोर्चाविरुद्ध खनिन तम्सिनुमा मुख्यतः उसका दुईवटा रणनीतिले काम गरेको छ । पहिलो, एमालेले अहिलेसम्म मधेसका समस्या पहिचान गरेर तिनको समाधान गर्ने बाटो पहिल्याएको छैन । दोस्रो, पार्टीको निर्णायक तहमा मधेसी

जो छन्

रघुवीर महासेठ

जो बाहिरिए

जितेन्द्र देव

महेन्द्र राय यादव

नेताको उपस्थिति छैन । यिनै कारणले मधेस मामिलामा एमालेभित्र संकट देखा परेको छ ।

पार्टी नेतृत्वले मधेसका जायज समस्या सुन्न नचाहेको र मधेस मामिलामा प्रस्ट हुन नखोजेको आवाज पार्टीभित्रैबाट उठेको छ । असोज पहिलो साताको आठौँ केन्द्रीय कमिटी बैठकमा मधेस पृष्ठभूमिका नेताहरूले मधेस मामिला अध्ययन गरेर समाधानको बाटो पहिल्याउन र त्यसलाई पार्टी नीतिका रूपमा अवलम्बन गर्न नेतृत्वलाई सुझाव दिएका थिए । तर, त्यसको सुनुवाइ आजसम्म भएको छैन । पार्टी नेतृत्वलाई मधेसका समस्या पहिल्याएर मौलिक समाधान खोज्न झकझक्याउनेमध्येका केन्द्रीय सदस्य श्रीप्रसाद साह भन्छन्, "धेरैपटक ध्यानाकर्षण गरिएको छ, बैठक र व्यक्तिगत भेटघाटमार्फत । तर, मधेस अझै सुनिएको छैन, सुन्न खोजिएको छैन, त्यसैको परिणाम हो नीति र नेतृत्वविहीनता ।"

यस्तै गुनासालाई ध्यानमा राखेर नै पार्टीले मधेस अभियान सञ्चालन गर्न लागेको बताउँछन् एमाले सचिव योगेश भट्टराई । भन्छन्, "यो अभियानको मुख्य उद्देश्य संविधान कार्यान्वयनका लागि मधेसका जनतालाई अपिल गर्ने, तराई, पहाड र हिमालबीचको सामाजिक एकता र आपसी सद्भाव अझ सुदृढ र विस्तार गर्ने हो । यस क्रममा हामी एमाले सरकारका पालामा गरिएका जनमुखी काम र लोकप्रिय कार्यक्रमबारे पनि मधेसी जनतालाई बुझाउने छौं ।"

नीतिविहीनता

०४८ को चुनावमा मधेसबाट पार्टीले अपेक्षित सिट जित्न नसकेपछि तत्कालीन महासचिव मदन भण्डारीले मधेस समस्या अध्ययन गरी समाधान पत्ता लगाउन मोदनाथ प्रश्रितको संयोजकत्वमा तराई समस्या अध्ययन कार्यदल गठन गरेका थिए, ०५० मा । कार्यदलमा सीतानन्दन राय, जितेन्द्र देव, सलिममियाँ अन्सारी र योगेन्द्र साह सदस्य थिए । प्रश्रित कार्यदलले प्रतिवेदन दिन नपाउँदै महासचिव भण्डारीको दासढुंगा दुर्घटनामा निधन भयो र उनको त्यो प्रयासलाई पछिको नेतृत्वले त्यत्तिकै तुहाइदिएको थियो ।

कार्यदलले विराटनगरमा छलफल गर्ने क्रममा सीतानन्दन राय बोल्दै गर्दा 'एमालेमा नयाँ सद्भावना जन्माउन लागेको' भन्दै माइक नै काटिएको थियो । त्यसलगत्तै पाल्पामा भएको राष्ट्रिय परिषद् बैठकमा प्रश्रित कार्यदल विघटन नै गरियो । कार्यदलका सदस्यमध्ये सीतानन्दन राय र सलिममियाँ अन्सारीको मृत्यु भइसकेको छ भने योगेन्द्र साह नेकपा माओवादी केन्द्रमा छन् । धेरै पहिला नै एमाले छाडेका जितेन्द्र देव मधेसी जनअधिकार फोरम लोकतान्त्रिकमा छन् । त्यो कार्यदल नै विघटन गरेपछि एमालेमा मधेस मुद्दामा कसैले चर्को रूपमा बोल्ने आँट गरेनन् । त्यसकारण पनि मधेस मुद्दामा एमाले नेतृत्व प्रस्ट हुन नसक्नुको एउटा कारण हो । र, उसको मधेस नीति मधेसी दलका नेतालाई भारतपरस्त देखाउन र आफूलाई राष्ट्रवादी देखाउनमै सीमित छ ।

मधेस मामिलामा एमालेको अलमल उसका नीतिगत दस्तावेजहरूमा पनि प्रस्ट देखिन्छ । १९ असारदेखि १ साउन ०७१ मा काठमाडौँमा आयोजित नवौं महाधिवेशनले पारित गरेको राजनीतिक प्रतिवेदनमा भनिएको छ, 'तराई मधेसमा व्याप्त गरिबी, अभाव र अल्पविकासको समस्याको सम्बोधन, कुरीति र अन्धविश्वासको अन्त्य गर्न विशेष कार्यक्रम लागू गरिनेछ । सीमा अतिक्रमण, हिंसात्मक अपराध, प्राकृतिक विपत्ति र सामाजिक विभेदका कारण उत्पन्न समस्या समाधान गर्न विशेष ध्यानकेन्द्रित गरिनेछ ।' तर, त्यो विशेष कार्यक्रम के हो र विशेष ध्यान दिने भनेको कसरी हो भन्ने अझै खुलेको छैन । एमाले केन्द्रीय सदस्य श्रीप्रसाद साह भन्छन्, "त्यसैले अब पार्टीले विज्ञसहित मधेस मामिला अध्ययन कार्यदल बनाएर मधेसको समस्या पहिचान गरी त्यसको समाधान दिन ढिलो गर्नु हुँदैन । मधेसकेन्द्रित दलको विरोध गरेर मात्र मधेसमा स्थापित हुन सकिँदैन ।"

त्यसअघि ०७० को संविधानसभा निर्वाचनमा एमालेले सार्वजनिक गरेको चुनावी घोषणापत्र पनि यस्तै अमूर्त शब्दावलीले भरिएको थियो । 'तराईवासी मधेसी समुदायमाथिको सामाजिक-सांस्कृतिक विभेद, आन्तरिक उत्पीडन र शोषण अन्त्य गर्दै राष्ट्रिय मूलधारमा स्थापित गर्न ठोस कार्यक्रम अघि बढाइनेछ ।' पार्टीमा मधेस नीतिको अभावले गर्दा एमाले मधेसका समस्याबारे विशेष र ठोसजस्ता शब्दको सहारा लिन बाध्य हुनुपरेको हो ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली (बीचमा)का साथ झलनाथ खनाल र माधवकुमार नेपाल (दायाँ)

पदाधिकारी : १५
मधेसी : शून्य

स्थायी समिति : ३३
मधेसी : १ (सत्यनारायण मण्डल)

आयोग र परिषद् प्रमुख : ४
मधेसी : शून्य

पोलिटब्युरो : ५०
मधेसी : २ (लालबाबु पण्डित र रामप्रीत पासवान)

केन्द्रीय कमिटी : १५९
मधेसी : १ महिलासहित ६
(कमलादेवी महतो, श्रीप्रसाद साह, शत्रुधन महतो, योगनारायण यादव, वंशीधर मिश्र र जगदीशप्रसाद कुसियत)

निर्णायक तहमा शून्य

सम्भवतः नीतिगत कमजोरीले गर्दा खुला राजनीतिमा आएको तीन दशक पुग्न लाग्दा पनि एमालेले मधेसी समुदायका नेतालाई पार्टीको निर्णायक तहमा पुऱ्याउन सकेको छैन । मदन भण्डारीपछि १५ वर्ष पार्टीको नेतृत्व गरेका माधव नेपालले मधेसीबहुल जिल्लामा पनि मधेसी समुदायका कार्यकर्तालाई भन्दा बढी आफूनिकट कार्यकर्तालाई प्रोत्साहित गरे । सप्तरीमा दिवाकर देवकोटा, सिरहामा नरेन्द्र पोखरेल, लीला श्रेष्ठ, हीराबहादुर सुनुवार, रौतहटमा रामकुमार भट्टराई, कल्याणी खड्का, पर्सामा चिरञ्जीवी आचार्य, सर्लाहीमा रेवती पन्त, बारामा पुरुषोत्तम पौडेल जिल्ला तहको नेतृत्वमा स्थापित गरिनु यसैका दृष्टान्त हुन् । "१५ वर्ष पार्टी महासचिव भएका माधव नेपालले मधेसको सच्चा प्रतिनिधि आफैँलाई ठानेर मधेसी समुदायको नेतृत्व विकासमा खासै ध्यान दिनुभएन," एमाले पोलिटब्युरो सदस्य रामप्रीत पासवानको टिप्पणी छ, "उहाँकै कार्यकालमा भएजति सबै मधेसी नेताले पार्टी छाडे भने आफूलाई मन परेका व्यक्ति मात्र टिप्ने प्रवृत्ति झाँगियो ।" एमालेभित्र अहिले देखिएको मधेस संकटको बीउ नेपालले नै रोपेको आरोप उनको छ ।

नेपालको नेतृत्व शैली र व्यवहार चित्त बुझाउन नसकेकै कारण तत्कालीन केन्द्रीय सदस्य जितेन्द्र देवले उनी महासचिव भएको केही वर्षमै पार्टी त्यागे । त्यस्तै अर्का केन्द्रीय सदस्य महेन्द्र राय यादवले पनि नेपालकै पालामा एमाले छाडे । हाल उनी तराई मधेस सद्भावना पार्टीका अध्यक्ष छन् । नेपाल महासचिव हुँदा नै सिरहामा चमार समुदायविरुद्ध भएको अत्याचारविरोधी आन्दोलनको नेतृत्व गरेका विश्वेन्द्र पासवानलाई पार्टीले कारबाही गऱ्यो । पासवान अहिले बहुजन समाजवादी पार्टीका अध्यक्ष छन् । नेपालको पालामा पार्टी कारबाही भोगेका पासवानलाई केपी ओलीले भने आफू प्रधानमन्त्री हुँदा मन्त्री बनाए । एमाले केन्द्रीय कमिटी त्याग्ने पछिल्ला केन्द्रीय सदस्य रामचन्द्र झा पनि माओवादी केन्द्र हुँदै नयाँ शक्ति नेपालमा पुगेका छन् ।

एकातिर मधेस पृष्ठभूमिका पुराना नेतालाई एमालेले जोगाउन सकेन भने नयाँलाई निर्णायक हैसियत दिएन । पार्टीमा स्थायी समिति र सरकारमा मन्त्रीभन्दा माथिल्लो हैसियतमा एमालेले अहिलेसम्म मधेसी समुदायको कुनै नेतालाई पुऱ्याएको छैन । त्यसैको पछिल्लो शृंखला हो, पार्टी नवौं महाधिवेशनबाट एक जना पनि मधेसी पदाधिकारी नचुनिनु । सिरहाका धर्मनाथप्रसाद साह र लालबाबु पण्डितले उपाध्यक्षमा उम्मेदवारी दिएर पराजय बेहोरे भने सचिवमा उम्मेदवारी दिएका जनकपुरका रघुवीर महासेठ पनि हारे । महासेठ अहिले एमालेका २० वटा भ्रातृ संगठनमध्ये सबैभन्दा कान्छो संगठन लोकतान्त्रिक मधेसी संगठनका अध्यक्ष छन्, जसको गतिविधि मधेसमा शून्य छ । यो संगठन ०६८ मा बनाइएको थियो ।

केन्द्रीय कमिटीमा मधेसी अनुहार कम भएरै होला, एमालेले आसन्न चुनावलाई लक्षित गरेर केही मधेसी समुदायका कार्यकर्तालाई केन्द्रीय कमिटीमा मनोनीत गर्ने आन्तरिक तयारी गरेको छ । तर, केहीलाई केन्द्रीय कमिटीमा थप्दैमा मधेस मामिलामा एमालेमा देखिएको संकट नटर्ने बताउँछन् केन्द्रीय सदस्य साह ।

स्थायी समितिमा नपरेपछि मधेसी कोटाबाटै केन्द्रीय सदस्य बनेका राष्ट्रिय सभाका पूर्वउपाध्यक्ष रामप्रीत पासवानलाई र उपाध्यक्षमा पराजित लालबाबु पण्डितलाई पोलिटब्युरो सदस्य बनाइएको छ । पासवान एमालेको मधेस नीतिप्रति खुसी छैनन् । उनी मधेसीलाई पार्टीले प्रयोग मात्र गरेको गुनासो गर्छन् । हुन पनि राष्ट्रपतिको निर्वाचनमा एमालेले हार्ने बेलामा पासवानलाई उठायो, ०६५ मा । ०७२ मा जित्ने निश्चित भएपछि भने विद्या भण्डारीलाई अघि साऱ्यो । पासवान भन्छन्, "नेता र गुटले भनेको मान्ने र आफू अनुकूलको मानिसलाई तान्ने प्रवृत्तिले गर्दा नै एमाले नेतृत्वमा मधेसीको खडेरी लागेको हो ।"

नेता र नेतृत्व अभावले गर्दा सामाजिक सद्भावका नाममा २१ फागुनदेखि मधेसमा हुने एमाले सभा र ऱ्यालीमा पनि गैरमधेसी पुराना नेताकै अनुहार हेर्न मधेसी समुदाय बाध्य हुनेछन् । मधेसीलाई अपिल गर्ने नारा र नेतृत्व नभएकाले एमालेको मधेसकेन्द्रित अभियान पुराना नेताको अनुहार देखाउन र मधेसी मोर्चा तथा सत्तारूढ दललाई मधेसविरोधी चित्रित गर्नेमै केन्द्रित हुने निश्चित छ । पहिलोपटक स्थायी समिति सदस्य बनेका सत्यनारायण मण्डल, जो पार्टीका प्रदेश नम्बर २ संयोजक पनि हुन्, भन्छन्, "मधेसीलाई पार्टी नेतृत्वमा आउन सजिलो छैन, मलाई ५० वर्ष लाग्यो । पुराना टिक्न सकेनन्, नयाँलाई जसरी ल्याउनुपर्ने हो, ल्याइएको छैन ।" ◆

प्रतिनिधित्वको अनुपात

एमालेको नवौं महाधिवेशनबाट निर्वाचित केन्द्रीय कमिटीको जातिगत अनुपात अझ रोचक छ । केन्द्रीय कमिटीमा आठ महिलासहित ४६ जना (४० प्रतिशत) बाहुन छन् भने एक महिलासहित ६ जना (५.२१ प्रतिशत) मात्र मधेसी छन् । पाँच जना (४.३४ प्रतिशत) तराई जनजाति, दुई महिलासहित सात जना (६.०८ प्रतिशत) नेवार र ६ महिलासहित २१ जना (१८.२६ प्रतिशत) पहाडी-हिमाली जनजाति छन् । ६ जना (५.२१ प्रतिशत) पहाडी दलित, एक जना (०.८६ प्रतिशत) तराई दलित, तीन जना (२.६० प्रतिशत) मुसलमान, दुई महिलासहित १७ जना (१४.७८ प्रतिशत) क्षत्री/ठकुरी र तीन जना सन्यासी महिला (२.६० प्रतिशत) छन् ।



श्रेय पौडेल

नेपाली वामपन्थको बाटो

सन् १७८९ को फ्रान्सेली क्रान्तिपश्चात् त्यहाँको राज्यसभामा दुई खालका प्रतिनिधि थिए- राजा समर्थक र उनका विरोधीहरू । राजाको विरोध गर्ने गणतन्त्रवादीहरू त्यस सभाको देब्रेतिर बस्दा रहेछन् । कालान्तरमा ती गणतन्त्रवादी तथा तिनले जनाउने राजनीतिक संस्कृतिलाई 'लेफ्ट' भनियो । यही शब्द तथा राजनीतिक प्रवृत्ति भारतीय उपमहाद्वीपसम्म आइपुग्दा, त्यसलाई हामीले 'वामपन्थ' भन्यौं । समाजमा मानिस-मानिसबीच भेदभाव तथा अन्यायलाई अन्त्य गर्दै समानता, मुक्ति तथा भ्रातृत्वतिर उन्मुख विचारलाई वामपन्थ हो भनेर बुझ्दा गलत हुँदैन । तर, पहिचानको आन्दोलनसँगै नेपाली राजनीतिमा 'नयाँ वामपन्थ'को उदय भयो । र, 'पुरानो वामपन्थ'सँग यसको गहिरो विवाद देखापरेको छ । यो विवादबीच समग्र वामपन्थलाई अन्यायविरुद्धको अभियान भनेर बुझ्ने हो भने प्रश्न उठ्छ, अहिले नेपाली वामपन्थ कुन गोरेटोमा विचरण गर्दै छ त ?

जब जनता राणा शासनको मारमा थिए, तब प्रजातन्त्रका लागि ज्यान अर्पण गर्ने कसम खाएका पार्टीहरू, प्रजा परिषद्देखि नेपाली कांग्रेससम्म तत्कालीन समयमा वामपन्थी थिए । पञ्चायती व्यवस्थाका बेला जनताको आफ्नै प्रजातान्त्रिक शासन हुनुपर्छ भन्ने कांग्रेससहितका सबै शक्ति वामपन्थी नै थिए । तर, त्यही दौरान वामपन्थको अर्को सैद्धान्तिक हाँगो पनि नेपालमा अवतरित हुन पुग्यो- 'कम्युनिस्ट वामपन्थी'हरू, जो कालान्तरमा 'वामपन्थी'कै रूपमा चिनिए र त्यही विशेषणले चिनिन रुचाइए पनि । उता चारित्रिक दृष्टिकोणले नेपाली कांग्रेसले विसं ००७ देखि ०६३ सम्म खेलेको भूमिका वामपन्थी चरित्रको भए तापनि आफूलाई वामपन्थी भनेर चिनाउन खोज्ने कांग्रेसजन लगभग भेटिन्नन् । कांग्रेसले आफूलाई 'प्रजातान्त्रिक' विशेषणबाट चिनाउन रुचाएकाले यस्तो भएको हुन सक्छ ।

राणाकालमै सुरु भएको नेपाली कम्युनिस्ट वामपन्थले पञ्चायतको अन्त्यसम्म ठूलै जनमतका साथै वैचारिक स्पष्टता पनि बोक्यो । सामाजिक न्याय र आर्थिक समानताका लागि, उत्पादन गर्न सक्ने पुँजीमा मजदुरको हक हुनुपर्ने र त्यसो गरिएमा स्वास्थ्य, शिक्षा, अर्थ तथा सबै आर्थिक-सामाजिक कार्यमा धेरैभन्दा धेरै मानिसको पहुँच हुने मार्क्सवादी मूलमन्त्रलाई नेपालका कम्युनिस्ट वामपन्थीले सैद्धान्तिक रूपमा अंगीकार गरे । यस अर्थमा नेपाली कम्युनिस्टहरू धेरै हदसम्म गरिब पक्षधर वर्गवादी हुन पुगे, कम से कम सिद्धान्तको हकमा ।

नेपाली माओवादी आन्दोलनका हिंसात्मक तरिका अमानवीय र गलत भए तापनि पहिचानमार्फत दबिएका दुखेसोलाई राजनीतिक नाराका रूपमा उसले नै उठाएको हो । पछि मधेस तथा जनजातिको आन्दोलनले यसलाई विस्तृत रूपमा अघि बढायो । आखिरमा थारू, लिम्बू, मधेसी र दलितले भोगेका कटु सत्यको सार लगभग उही थियो- एकै जाति, भाषा, भेष, संस्कृति तथा धर्म मान्नेमध्येका पनि आभिजात्य वर्गले यो देशमा राज्य गरे । त्यो सांस्कृतिक-धार्मिक-भाषिक परिमितबाहिरका जनताले कहिल्यै राज्यलाई आफ्नो भन्न पाएनन् । यसमा सबै खस-आर्य दोषी छन् भनिएको कदापि होइन । तर, नेपाल राज्य बनेदेखि शासकहरू अधिकांश सबै खस-आर्य नै थिए । यसकारण खस-आर्य जनतालाई सांस्कृतिक-धार्मिक-भाषिक फाइदा भएकै हो । हिन्दु धर्मको चाड दसैं-तिहार 'सम्पूर्ण नेपालीको बडा-दसैं' बनाइएकै हो, शेर्पालाई नेपाली भाषामा लोकसेवा आयोगको जाँच दिन लगाइएकै हो र मधेसीलाई ढाका टोपी लगाएरै नागरिकताको फोटो खिच्नुपर्ने बाध्यता थोपरिएकै हो ।

तर, आश्चर्य के छ भने अचेल वर्ग भर्सेज पहिचानलाई एकथरी वामपन्थीले नै जोडदार रूपमा उठाएको देखिन्छ । हो, वामपन्थी राजनीति गरिब पक्षधर हुनैपर्छ । यदि वर्गीय राजनीतिलाई पहिचानको राजनीतिको विरोधमा उभ्याइन्छ भने त्यो वामपन्थको न्यायप्रेमी सारसँग गरिएको बेइमानी हो । गरिब बाहुनले नै दलितमाथि छुवाछूत गर्‍यो भने वा उसले मधेसीलाई भारतीय नै देख्यो भने त्यसको विरोध गर्नैपर्छ । र, यस्तो प्रवृत्तिलाई सकारात्मक रूपमा सुधारको दिशातिर अघि बढाउन खोज्नुपर्छ । तर, वामपन्थीहरू यस्ता प्रवृत्तिबीच पनि अचम्मसँग मौन रहे वा रक्षात्मक देखिए भने अर्को शक्तिले त त्यो आवाज उठाउँछ नै । हामीकहाँ पनि त्यही भएको हो । यसकारण सन् '६० को दशकमा अमेरिका र युरोपमा काला जाति तथा महिलावादी आन्दोलनलाई जस्तै नेपालका मधेसी तथा जनजाति आन्दोलनलाई पनि 'नयाँ वामपन्थ' (न्यु लेफ्ट)को मान्यता दिँदा अतिशयोक्ति हुँदैन ।

चाहे पुरानो वर्गवादी वामपन्थ होस् वा नयाँ पहिचानवादी वामपन्थ, दुवैको उद्देश्य र चाह समाजमा हेपिएका, दबिएका तथा कुनामा घचेटिएकाहरूको आवाज बन्नु हो । वास्तवमा यही नै दुई वामपन्थको मिलनविन्दु पनि हुनुपर्ने हो । नयाँ वामपन्थ त नयाँ नै भयो । यो किशोरावस्थाको त्यस्तो क्रान्तिकारी हो, जसलाई वर्गीय शास्त्रार्थको भारी बोक्न खासै चासो छैन । त्यसैले यहाँ परिपक्वता देखाउने जिम्मेवारी खासमा अनुभवप्राप्त पुरानो वामपन्थको नै हो ।

अग्रज पुराना वामपन्थीले के मनन गर्न जरुरी छ भने सन् '८० र '९० को दशकमा भएका पहिचान तथा क्षेत्र विशेषका आन्दोलनहरूको नेतृत्व भारतीय कम्युनिस्टहरूले जानीबुझी नगर्नाले बिहारजस्ता राज्यमा धेरै हदसम्म जातिवादी पार्टीहरूको वर्चस्व हुन पुग्यो । तसर्थ, नेपाली पुराना वामपन्थीले आफ्ना भारतीय समकक्षीबाट सिक्न सक्ने पाठ प्रशस्तै छन् । जब वामपन्थ नै अन्यायविरुद्धको अभियान हो भने ऐतिहासिक रूपमा हेपिएका-दबिएकाहरूको आवाज इलाम, वीरगन्ज र कैलालीबाटै आए पनि वामपन्थीहरूले सुन्ने र सहयोग गर्ने आँट गर्नुपर्छ । ◆

'जनयुद्ध'को पारिवारिकीकरण

प्रधानमन्त्रीको पार्टी केन्द्रीय समिति नेताका आफन्त र नातागोताले भरिभराउ

माधव बस्नेत

सिन्धुपाल्चोकका नेकपा माओवादी केन्द्रका ७० नेता-कार्यकर्ताले १२ माघमा केन्द्रीय समिति र पोलिटब्युरो सदस्यबाट सामूहिक राजीनामाको घोषणा गरे । पार्टी एकता घोषणाको नौ महिनापछि सदरमुकाम चौतारामा प्रथम एकता भेला गरी जिल्लाबाट केन्द्रीय समितिमा प्रतिनिधित्व गर्ने नेता-कार्यकर्ताले सामूहिक राजीनामा दिएका थिए ।

यस्तो घोषणा गर्नेमा पोलिटब्युरो सदस्य कृष्णप्रसाद सापकोटा, केशव नेपाल, दावा तामाङ, माधव सापकोटा, सरल सहयात्री पौडेल, राजकुमार श्रेष्ठ, अमृता नेपाललगायत थिए । राजीनामाको घोषणा गर्ने सापकोटाद्वय काका-भतिजा हुन् । माओवादी केन्द्रको केन्द्रीय समितिमा सापकोटाका पारिवारिक आफन्तहरूको उपस्थिति मात्रै कम्तीमा १६ जनाको छ ।

२ हजार ४ सय ८३ सदस्यीय केन्द्रीय समिति हुँदाको संख्या हो यो । पुस पहिलो साताको पार्टी सचिवालय बैठकले केन्द्रीय समिति विस्तार गरी ३ हजार ९ सय ९९ पुऱ्याउने निर्णय गरेपछि त यो संख्या अझ बढेको छ ।

त्यति बेलासम्म नेकपा माओवादी केन्द्रमा अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'का आफन्तजन १४ जना केन्द्रीय समितिमा थिए । पत्नी सीता दाहालदेखि माइली छोरी रेणु, कान्छी छोरी गंगा, छोरा प्रकाश, कान्छी बुहारी बिना, माइला ज्वाइँ अर्जुन पाठकसम्म । पछिल्लोपटक केन्द्रीय समितिको आकार बढाएर ३ हजार ९ सय ९९ पुऱ्याउने निर्णय गरेपछि प्रचण्डका कान्छा ज्वाइँ जीवन आचार्यलाई समेत केन्द्रीय सदस्य बनाइएको स्रोत बताउँछ ।

सशस्त्र संघर्ष सुरु हुँदा प्रचण्डका दुई छोरी रेणु, गंगा र छोरा साकार काठमाडौंमै अध्ययनरत थिए । उनीहरूमाथि राज्यका तर्फबाट असुरक्षा बढ्दै गएपछि असोज ०५३ मा भारत लगियो । त्यसको चार महिनापछि प्रचण्डले पार्टीकै पहलमा दुवै छोरीको एकै लगनमा विवाह गरिदिए । माइली रेणुको हरियाणा निवासी नेपाली मूलका अर्जुन पाठक र कान्छी गंगालाई सिलिगुडीका नारायणविक्रम प्रधानसँग विवाह गरिएको थियो । विवाहपछि रेणु पार्टी गतिविधिमा सामान्य रूपमा सक्रिय भए पनि गंगा पूरै गृहस्थीमा केन्द्रित थिइन् ।

माओवादी शान्ति प्रक्रियामा आएर प्रचण्ड परिवार काठमाडौंमा भित्रिएसँगै दुवै छोरी-ज्वाइँलाई काठमाडौं बोलाइयो, जसमध्ये रेणुसँगै ज्वाइँ अर्जुन पाठक यहीँ बस्न राजी भए । तर, कान्छा ज्वाइँ नारायणविक्रम प्रधान तयार भएनन् । गंगा भने यहीँ बसिन् । नारायणसँग छुट्टिएको केही समयमै प्रचण्ड दम्पतीले विराटनगरका जीवन आचार्यसँग उनको विवाह गरिदिए । उनीहरू राजनीतिक मञ्चमा खासै नझुल्किए पनि पदले भने केन्द्रीय समिति सदस्य छन् ।

कुरा गंगाको मात्र किन ? बाबुको सुरक्षामा खटिनुबाहेक प्रकाशको पनि माओवादी आन्दोलनमा उल्लेख्य भूमिका होइन । प्रचण्ड जहाँजहाँ पुग्छन्, सँगै गएर उनको दैनिकी व्यवस्थापन गरिदिनुबाहेक श्रीमती सीता दाहाल पनि संगठन निर्माणमा खटेकी होइनन् । उनीहरूले न त पार्टीको नीति र योजना तर्जुमामा उल्लेख्य भूमिका खेलेका छन्, न संगठन परिचालन, नेता-कार्यकर्तालाई प्रशिक्षण कतै दिएका छन् । तर, उनीहरू पार्टी केन्द्रीय समिति सदस्य छन् ।

केन्द्रीय समितिमा प्रचण्ड परिवार

सीता दाहाल
(श्रीमती)

प्रकाश दाहाल
(छोरा)

रेणु दाहाल
(माइली छोरी)

गंगा दाहाल
(कान्छी छोरी)

विना मगर
(कान्छी बुहारी)

अर्जुन पाठक
(माइला ज्वाइँ)

टेकबहादुर पाठक
(माइला सम्धी)

चूडामणि खड्का
(सम्धीका ज्वाइँ)

नारायणप्रसाद दाहाल
(भाइ, काकाका छोरा)

नन्दलाल दाहाल
(भाइ, काकाका छोरा)

दिनेश दाहाल
(भतिज, नारायण दाहालका कान्छा छोरा)

समीर दाहाल
(भतिजा, नारायण दाहालका छोरा)

कल्पना बिसुराल
(बुहारी, समीर दाहालकी श्रीमती)

जीवन आचार्य
(कान्छा ज्वाइँ)

"प्रचण्डसँगै हिँड्नुबाहेक माओवादी आन्दोलनमा प्रकाश दाहालको योगदान के छ ?" राजनीतिक विश्लेषक एवं सांसद श्याम श्रेष्ठ भन्छन्, "सँगै हिँडेका आधारमा पद दिने हो भने त बडीगार्ड, अर्दली पनि सँगै हिँडिरहेको हुन्छ। उसलाई कस्तो जिम्मेवारी दिने ?"

पोलिटब्युरो सदस्यबाट राजीनामा दिएको घोषणा गरेका कृष्णप्रसाद सापकोटाका अनुसार पार्टी भद्दा भयो र नेताका परिवार मात्रै जम्मा हुने ठाउँजस्तो पनि देखियो, त्यसैले पार्टीलाई सुदृढ बनाउन उनीहरूले सामूहिक राजीनामा दिएका हुन्। उनी पार्टीका प्रभावशाली नेता एवं पूर्वमन्त्री अग्नि सापकोटाका कान्छा भाइ हुन् । केन्द्रीय समितिमा प्रतिनिधित्व मात्र होइन, 'जनयुद्ध'मा एउटै परिवार र आफन्तबाट सबैभन्दा बढी 'बलिदान' गर्ने परिवार पनि सापकोटाकै हो । त्यस क्रममा उनका १० जना आफन्तले ज्यान गुमाएका थिए ।

परिवारलाई नै केन्द्रीय सदस्य बनाउनेमा उपप्रधान तथा अर्थमन्त्री कृष्णबहादुर महरा, पूर्वउपप्रधान तथा ऊर्जामन्त्री टोपबहादुर रायमाझी, बहालवाला ऊर्जामन्त्री जनार्दन शर्मा पनि कम छैनन् । उनीहरूले परिवारका थुप्रै सदस्यलाई केन्द्रीय समितिमा पुऱ्याएका छन् । माओवादीमा यस्ता नेता विरलै भेटिन्छन्, जसले आफूबाहेक परिवारका अन्य सदस्यलाई केन्द्रीय समितिमा सिफारिस नगरेका होऊन् ।

पछिल्लोपटक माओवादी केन्द्रले जम्बो केन्द्रीय समिति बनाएर चकित त बनाएको छ नै, त्यो केन्द्रीय समितिमा पारिवारिक सदस्य, नातेदार र विश्वासपात्रहरूको हुल जम्मा गरेर अर्को चर्तिकला देखाएको छ । केन्द्रीय समितिमा पारिवारिक सदस्यहरूको बथान देख्दा लाग्छ, माओवादी केन्द्र कतै पारिवारिक पार्टी त बनिरहेको छैन ? अवस्था कतिसम्म छ भने पार्टी नेताको पारिवारिक सदस्य तथा नेताहरूसँग प्रत्यक्ष पहुँच भएकाहरू सामान्य योगदान, क्षमता वा समर्थनकै आधारमा केन्द्रीय समितिमा पुग्न सफल भएका छन् । तर, नेताहरूसँग प्रत्यक्ष पहुँच वा नाता सम्बन्ध नभएकाहरू जम्बो हुलमा समेत तलै खुम्चिन बाध्य छन् ।

परिवारवादको प्रविष्टि

भदौ ०६१ सम्म तत्कालीन माओवादीको केन्द्रीय समिति छरितो त थियो नै, केन्द्रीय समितिमा भारी भरकम नातेदारहरू पनि थिएनन्। साउन-भदौ ०६१ मा रोल्पाको फुन्टीबाङमा बसेको केन्द्रीय समिति बैठकले ५७ सदस्यीय केन्द्रीय समितिलाई ९५ सदस्यीय बनायो । त्यसपछि ठूलो संख्यामा परिवारका सदस्यहरू केन्द्रीय समितिमा पुग्ने क्रम चल्यो । त्यतिन्जेल पार्टी राजनीतिसँग कुनै साइनो-सम्बन्ध नभएका तर नेताको नातेदार भएकै आधारमा पद दिने परम्परा बसिसकेको थिएन, योगदानकै आधारमा प्रतिनिधित्व गराइन्थ्यो ।

माओवादीमा नातेदारहरूलाई च्याप्ने क्रम ०६३ मा अन्तरिम संसद् हुँदै सरकारमा प्रवेश र २९ पुस ०६५ मा नारायणकाजी श्रेष्ठ नेतृत्वको एकता केन्द्रसँगको एकतापछि विकृतिकै रूपमा देखिएको हो । यसले आफू बलियो बन्ने र आफ्ना पक्षमा बहुमत पुऱ्याउनकै लागि नातेदार च्याप्ने गरेको प्रस्टै बुझ्न सकिन्छ । मानवशास्त्री सुरेश ढकाल सत्तासुखकै लागि नजिकका मान्छेको घेरा तयार पारिने बताउँछन् । भन्छन्, "एनजीओ/आईएनजीओमा त एउटै परिवारभित्रका सदस्य राख्न पाइँदैन भने एउटै परिवारबाट केन्द्रीय समितिमा हुलका हुल मान्छे पुऱ्याउनु दार्शनिक र व्यावहारिक दुवै दृष्टिमा गलत हो । हेर्दा माथि पुऱ्याएँ भन्ने त लाग्ला तर यस्तो प्रवृत्तिले स्वतन्त्र व्यक्तित्व निर्माण गर्न दिँदैन ।"

जनआन्दोलन–२ ताका प्रताप स्मृति ब्रिगेडका माओवादी लडाकूहरू

माओवादीमा एउटै परिवारका सदस्यहरू सँगै केन्द्रीय समितिमा पुगेका चाहिँ बाबुराम भट्टराई र हिसिला यमी दम्पती हुन् । ०६१ को विस्तारबाट देव गुरुङ, वर्षमान पुन, हितमान शाक्य र गणेशमान पुनका पत्नीहरू केन्द्रीय समितिमा उक्लिए भने प्रचण्डका भाइ नारायण दाहाल, अग्नि सापकोटाका भाइ कृष्णप्रसाद सापकोटा पनि केन्द्रीय समितिमा पुगे । भलै, उनीहरू ०५२ अघिदेखि नै माओवादीको पार्टी गतिविधिमा सक्रिय थिए ।

त्यसो त शक्ति बस्नेत-सत्य पहाडी, देव गुरुङ-यशोदा सुवेदी, हितमान शाक्य-अमृता थापा मगर, गणेशमान पुन-कमला रोकालगायतका जोडी नै सशस्त्र संघर्षमै सक्रिय हुन् । माओवादी आन्दोलनमा शक्तिको जति योगदान छ, उनकी श्रीमती सत्य मात्र होइन, ज्वाइँ सूर्यप्रकाश सुवेदीको पनि उत्तिकै रहेको मानिन्छ । "तर, त्यसैका आडमा परिवारका अरू पनि भएभरका सदस्यहरू जसरी केन्द्रीय समितिमा पुऱ्याइएको छ, त्यो भने नातावादबाहेक केही होइन," माओवादी केन्द्रकै एक स्थायी समिति सदस्य भन्छन्, "यो नातावादले नै हाम्रो पार्टीलाई सिध्याउने खतरा छ ।"

अभिमत

गुणराज लोहनी

परिवारवाद : कम्युनिस्ट मूल्य-

नेपालको कम्युनिस्ट आन्दोलनका ६७ वर्षका दौरानमा कम्युनिस्ट पार्टीकै नाममा दुईपटक हतियारबद्ध संघर्ष भइसकेका छन् । यी दुवै सशस्त्र संघर्षको एउटै उद्देश्य थियो, सर्वहारावर्गको अधिनायकत्व अन्तर्गत सत्ता स्थापना गर्ने । यसका लागि सही विचार, राजनीति निर्माण गर्न सक्ने सबल र क्रान्तिकारी नेतृत्वको आवश्यकता अनिवार्य बन्न जान्छ । क्रान्तिकारी नेतृत्वका लागि दर्शन, राजनीति, संगठनमा विशिष्ट क्षमता भएको हुनुपर्छ । साथै, त्याग, बलिदान, समर्पणमा पनि नेतृत्व अग्रभागमा रहेको हुनुपर्छ । विलक्षण प्रतिभा भएको नेतृत्व पद, पैसा, प्रतिष्ठा र परिवारबाट पूर्ण रूपले मुक्त हुनुपर्छ भन्ने मान्यता क्रान्तिकारी कम्युनिस्ट आन्दोलनको सर्त हो ।

नेता र परिवार

साम्यवादका प्रवर्तक कार्ल मार्क्स र फ्रेडरिक एंगेल्सले साम्यवादको परिकल्पना मात्र गरेका थिएनन्, आफ्नो जीवनकालमा व्यवहारमा लागू पनि गरेका थिए । मार्क्स र एंगेल्स दुवैले आफूसँग भएको परम्परागत पुँजी सक्दै गएर क्रान्तिकारी सर्वहारा हुँदै सच्चा साम्यवादी बन्न पुगेका थिए । यति मात्र होइन, उनीहरूले आफ्नो परिवारलाई पनि सर्वहाराकरण गरेका थिए । मार्क्सको बिहे धनाढ्य परिवारकी जेनी मार्क्ससँग भएको थियो । उनका सातवटा सन्तान थिए । र, ती सातै जना बाबुका अनुयायी भए । जेठी र माइली छोरी जेनी क्यारोलिन र जेनी लाउरा समाजवादी आन्दोलनका कार्यकर्ताका रूपमा विख्यात पनि थिए । जेनीले त ब्रिटिसको महिला आन्दोलनको नेतृत्व नै गरेकी थिइन् । तर, यी दुवै दिदी-बहिनीले बाबुको प्रख्याति वा प्रतिष्ठालाई कहिल्यै मोलमोलाइ गरेर सत्तामा पुगेनन् ।

विश्वमा पहिलोपटक मार्क्सवादका आधारमा वैज्ञानिक समाजवादको स्थापना गर्ने सफल क्रान्तिको नेतृत्व गर्ने भ्लादिमिर इलिच लेनिन हुन् । उनका दाजु अलेक्जेन्डर इल्यानोभलाई जार सरकारले हत्या गरेको थियो । उनले नादेज्दा क्रुप्सकायसँग बिहे गरेका थिए । लेनिन साइबेरियामा निर्वासनमा बस्दा नै प्रेमविवाह भएको थियो । उनी तत्कालीन रसियन कम्युनिस्ट पार्टी (बोल्सेविक)मा पूर्णकालीन कार्यकर्ता थिइन् । उनी साम्यवादी आन्दोलनको महिला मुक्ति र समाजवादी शिक्षामा विशेष दखल राख्थिन् । त्यसैले उनले शिक्षा क्षेत्रमा रहेर काम गरेकी थिइन् । उनीहरूका कुनै सन्तान थिएनन् । सोभियत सत्ता स्थापना भए पनि लेनिन र क्रुप्सकाय दुवैले कामदारकै हैसियतमा मासिक तलब बुझ्थे । दुवै आ-आफ्नो हैसियत राख्थे ।

विशाल भूभाग र ठूलो जनसंख्या भएको चीनमा माओको नेतृत्वमा २८ वर्षसम्म नयाँ जनवादी क्रान्ति भयो । यसबीचमा माओले आफ्नी जीवनसंगिनी याङकाई हुईलाई नाबालक दुई छोरा माओ एनिङ र माओ एकिङका सामु नै चरम यातना दिएर च्याङकाइ सेकको सेनाले हत्या गरेको थियो । युद्धकालमा नै यी दुवै छोरा पढ्न रुस गएका थिए । दोस्रो विश्व युद्धमा दुवै लालसेनामा भर्ना भएर जर्मनी साम्राज्यवादका विरुद्ध युद्ध लडेका थिए । जेठो छोरो माओ एनिङको अमेरिका-कोरियाको युद्धका लड्न जाँदा मृत्यु भएको थियो । माओले आफ्नो छोराको शव चीन ल्याउन चाहेनन् । उनले जसरी र जहाँ अन्य चिनियाँ जनमुक्ति सेनाको शवको अन्त्येष्टि गरिएको छ, त्यहाँ त्यसरी नै आफ्नो छोराको शवको पनि अन्त्येष्टि गरिदिन भनेका थिए ।

२८ वर्षसम्मको भीषण युद्ध र २७ वर्षसम्मको सत्ता सञ्चालन गरेको माओले नेतृत्व गरेको पार्टी र राज्यसत्ताको उनका सन्तान कुनै पदमा गएनन् । उनीहरूले बाबु-आमा, पद र प्रतिष्ठालाई आफ्नो हितमा प्रयोग गरेनन् । माओका सन्तानले क्रान्तिकाल र राज्यसत्ता प्राप्तिपछि दुःख नै बेहोरिरहेका थिए । उनीहरूको सामान्य जनताका छोराछोरीको जीवनभन्दा फरक थिएन । माओका सन्तानको जीवन अझ कष्टकर थियो भन्ने ली विन क्विआओद्वारा लिखित *माओ म्यान नट गडमा* पढ्न पाइन्छ ।

यहाँ मार्क्स, लेनिन र माओको नेतृत्व र उनीहरूको परिवारको प्रसंगले वास्तविक साम्यवादीको सिद्धान्त र व्यवहारलाई प्रतिविम्बन गर्छ । एउटा कम्युनिस्ट नेताले आफ्ना व्यक्तिगत चाहना, इच्छालाई तिलाञ्जलि दिनुपर्छ । उनीहरूका लागि 'गुमाउन हत्कडी र जित्नका लागि सारा संसार' हुन्छ । यसरी मार्क्स, लेनिन र माओ साम्यवादी आन्दोलनका विचारक, नेतृत्वकर्ता मात्र नभएर सिद्धान्त र व्यवहारलाई सँगसँगै लैजाने उदाहरण पनि हुन् । साथै त्याग, बलिदान, समर्पणमा पनि अग्रपंक्तिमा रहेका उपमा हुन् । सबैखाले जोखिम र खतरामा रमाउने पनि हुन् । त्यसैले यिनीहरूलाई साम्यवादी आन्दोलनका आदर्श मानिन्छ । यसरी मार्क्स, लेनिन र माओको जीवनशैलीलाई अनुसरण गर्नु नै सच्चा मार्क्सवादी बन्नु हो । एउटा साम्यवादीले परिवारलाई कस्तो बनाउने, सत्ता प्राप्तिपछि कसरी सञ्चालन गर्ने ? त्यस समयमा एउटा नेताको भूमिका कस्तो हुन्छ ? यस्ता कुरा मूल रूपमा लेनिन र माओबाट अनुसरण गरिनुपर्छ । त्यसैले अहिलेसम्म विश्वभरिका साम्यवादी आन्दोलनमा यी तीनवटा परिवारलाई आदर्श मान्ने गरिएको छ ।

नेपालको सन्दर्भ

विसं ०१० मा पश्चिम नेपालमा भीमदत्त पन्तको नेतृत्वमा सशस्त्र विद्रोह भए पनि साम्यवादी विचारद्वारा निर्देशित सशस्त्र संघर्ष ०२८ मा झापा विद्रोहका नाममा सीपी मैनाली, मोहनचन्द्र अधिकारी, राधाकृष्ण मैनाली, केपी ओलीहरूले सञ्चालन गरेका थिए । तर, त्यो लामो समय टिक्न सकेन । अहिले नेपाल कम्युनिस्ट पार्टी एमाले त्यही विद्रोहको उपज हो । उनीहरूले आन्दोलन त पूर्ण रूपले परित्याग नै

उपलब्धि नै निजीकरण !

खुम्चँदो सांगठनिक आधार, कमजोर जनमत र सत्तामा केन्द्रित हुने मानसिकताका कारण माओवादी नेतृत्वमा आफ्नो सीमित पारिवारिक घेरा बनाउने प्रवृत्ति हुर्किएको छ । सांसद एवं राजनीतिक विश्लेषक श्याम श्रेष्ठका शब्दमा माओवादी केन्द्रमा नातावाद हाबी हुनुका दुइटा कारण छन् । एक, आफ्नो कुर्सी खतरामा पर्छ कि भन्ने भयको मानसिकता ।

–मान्यताविरुद्ध

गरे । साथै, उनीहरूमा साम्यवादी नेताका कुनै विशेषता अहिले पाइँदैन । उनीहरू ०५१ देखि लगातारजस्तो सरकारमा गएका छन्, त्यहाँपछिका सबैखाले सत्तालाई स्वीकार गरेका छन् । जुन सत्ता उनीहरूले बोलेको विद्रोहको मान्यताभन्दा ठीक विपरीत छ । ती नेताले अहिले झापा विद्रोह र तत्कालीन मालेले सञ्चालन गरेका आन्दोलनका क्रममा बलिदान गर्नेका परिवारलाई पूर्ण रूपमा पाखा लगाउँदै नेताका सन्तान, नातागोता, आसेपासेलाई सत्ताको रसास्वादन गराइरहेका छन् । अहिले एमालेमा नेताका आफन्त, 'मनी' र 'मसल'वालाको बोलवाला छ । संख्याको गुणमा झापा विद्रोह त्यति ठूलो आयतनको नभए तापनि अहिले त्यो विद्रोहको नेतृत्व गरेका नेताहरूले त्यसको फल उपभोग गरिरहेका छन् । तर, त्यस समयमा दुःख गर्नेहरूलाई सत्ता र सरकार उपयोगबाट वञ्चित गराइएको छ ।

आकार, गुण र परिणामका हिसाबले झापा विद्रोहभन्दा कैयौँ गुणा विशाल दसवर्षे जनयुद्धले नेपालको राजनीतिमा युगीन परिवर्तन ल्याइदिएको थियो । आत्मोत्सर्ग, त्याग, बलिदान र समर्पणको जनयुद्धले ऐतिहासिक विरासत तोडिदिएको थियो । त्याग र बलिदानका क्षेत्रमा कैयौँ परिवेशमा नेताभन्दा कार्यकर्ता अगाडि थिए । कार्यकर्ताले नेताको अनुसरण गर्थे । नेतालाई नमुना मान्थे । त्यसैले नेताका प्रत्येक आदेशको पालना हुन्थ्यो । नेतादेखि कार्यकर्तासम्मका परिवारलाई पार्टीकरण गर्ने प्रक्रिया सुरु भएको थियो । 'जनयुद्धको अन्त्य'को घोषणा भएको एक दशक पुग्दै गर्दा नेपालको क्रान्तिकारी कम्युनिस्ट आन्दोलन कमजोर बनेको छ । साथसाथै कम्युनिस्ट मूल्य-मान्यतामा पनि ह्रास भएको छ । यसले गर्दा कम्युनिस्ट आन्दोलनभित्रको परिवार, सम्पत्ति र नेतृत्व निर्माण पनि असाध्यै विकृत हुँदै गएको छ ।

भ्रष्टीकरणको आयाम

जनयुद्धकालमा धेरैजसो नेताले परिवारलाई पार्टीकरण गरेका थिए । त्यसमा एउटा जनयुद्धको विकास, पुरानो राज्यले नेता र कार्यकर्ताका परिवारमाथि अपनाएको दमनकारी नीति पनि एउटा कारण थियो, केही नेताका परिवार आन्दोलनमा सहभागी हुनुको कारण । तर, धेरैजसो बुझेका, भावनात्मक र वैचारिक पक्षबाट भौतिक रूपमा नै जनयुद्धमा होमिएका थिए । त्यसैले कैयौँ नेता र उनको परिवारका सदस्यले पनि जनयुद्धमा बलिदान गरेका थिए ।

तर, अहिले आएर माओवादी आन्दोलनप्रति गद्दारी गर्ने तर आफूलाई अहिले पनि माओवादी नै भनिराख्ने पंक्ति, जो बेलाबेलामा सरकारमा सहभागी हुने, सत्ताको दुरुपयोग गर्ने, माओवादीले जनयुद्ध लडेर ल्याउन चाहेको सत्ता र संरचना यही हो भनी भ्रम छर्नेहरू, जो वास्तवमा प्रत्यक्ष युद्धमा सहभागी भएनन्, निश्चित सुरक्षा घेरामा आफ्ना अभिभावकसँग अघिपछि लागिरहे, तिनै अहिले सत्ताभोगमा अग्रपंक्तिमा छन् । उनीहरूले त्याग, बलिदान र समर्पणको मार्क्सवादी मान्यताको खिल्ली उडाएका मात्र छैनन्, यी ओजपूर्ण पदावलीलाई भ्रष्टीकरण गरेका छन् । हिजोका यी नेताले आफ्ना सन्तानलाई सहिद, बेपत्ता र घाइते योद्धाको उत्सर्गलाई पैसा र प्रतिष्ठामा बिक्री गरिरहेका छन् ।

०६३ पछि माओवादीका नाममा तीनपटक सरकार बन्दा र सरकारमा सामेल हुँदा यिनले राज्यको सम्पत्तिमा ब्रह्मलुट मच्चाएका छन् । केही नेताहरू, जसका आफन्त जो हिजो जनयुद्धमा सामेलै भएका थिएनन्, यहाँसम्म कि जनयुद्धविरुद्ध खुलेर लाग्नेहरू पनि नेताका नातापाता भएकै कारण अहिले हालीमुहाली गर्न सक्ने ठाउँमा छन् । उनीहरूले नै जनयुद्धलाई विद्रुपीकरण गरिरहेका छन् ।

यी नेताहरू जो माओवादीका नाममा शासन गर्न पुगेका छन्, उनका छोरा, छोरी, ज्वाइँ, बुहारी, भाइ-बहिनीहरूले पद, पैसा र प्रतिष्ठा कुम्ल्याएका छन् । उनीहरूको एक मात्र उद्देश्य 'जसरी आऊ, पैसा कमाऊ' हो । यसले गर्दा दस वर्षको जनयुद्ध बेकार थियो, नेता, कार्यकर्ता र जनताको बलिदान र समर्पणको मूल्य रहेन भन्ने भ्रम फिजाउने वातावरण तयार भएको छ ।

अहिले माओवादीका नाममा तेस्रोपटक प्रचण्ड एन्ड कम्पनीले सरकारको नेतृत्व गरेको छ । उनीहरूले देश र जनताका नाममा सिन्को भाँच्न नसक्नु, महँगी बढ्नु, भ्रष्टाचार र कालोबजारी खुलेआम हुनु, जनयुद्धमा सामेल हुँदा सामान्य आर्थिक अवस्था भएकाहरू अहिले सरकारमा पुग्दै गर्दा करोडपति बन्नु, उनीहरूका शाखा-सन्तानले लाजमर्दो आर्थिक चलखेल गर्नुले एकातिर साम्यवादी आन्दोलनमा भ्रम सिर्जना गरेको छ भने साम्यवादी मूल्य-मान्यतालाई भ्रष्टीकरण गरेको छ ।

साम्यवादी आन्दोलनका नेताहरूले पनि पुँजीवादी पार्टीमा जस्तै उत्तराधिकारी छनोट गरेका छन् । नेपालको कम्युनिस्ट आन्दोलनमा जोखिमपूर्ण घडीमा परिवार वा सन्तानलाई होम्ने समस्या देखिएको छ । जब आन्दोलनले निर्णायक रूप लिन्छ अनि परिवार वा सन्तानलाई पार्टीमा भर्ती गर्ने र पदोन्नति गर्ने गलत नजिर बनेको छ । कम्युनिस्ट नेता हुनका लागि विचार (दर्शन), राजनीति, संगठन, संघर्षमा विशेष दखल राख्नुका साथै त्याग, बलिदान, समर्पणमा पनि अग्रभाग रहेको हुनुपर्छ । मूल रूपमा कम्युनिस्ट पार्टीले अँगालेको सिद्धान्त र उक्त सिद्धान्तले माग गरेको व्यवहारबीच उचित तालमेल भएको व्यक्तिको मात्र सापेक्षतामा पदोन्नति हुँदै जानुपर्छ ।

पछिल्लो दस वर्षका दौरानमा यी मार्क्सवादी मान्यताबाट च्युत भएका कारण कम्युनिस्ट पार्टी एउटा पारिवारिक पार्टीजस्तो बन्न पुग्यो । जनवादको स्थान अराजकताले लियो भने केन्द्रीयताको स्थान नोकरशाही तन्त्र वा निरंकुशताले लिएको छ । अहिले माओवादीका नाममा जसरी सरकार चलाइएको छ, परिवारवाद लागू गरिएको छ, यो कम्युनिस्ट मूल्य-मान्यता र चरित्र होइन । ◆

दुई, भ्रष्ट चरित्र । "नेतृत्वमा क्षमतावान मान्छे आए आफ्नो कुर्सी ढल्ला भनेर बहुमत पुर्‍याउन परिवारकै सदस्यहरूलाई च्यापेका छन्," श्रेष्ठ भन्छन्, "जो भ्रष्ट चरित्रको हुन्छ, उसले मात्र नाता र आफन्त खोज्छ । स्वच्छ चरित्रले गल्ती खुट्याइदिने आलोचनात्मक चेत नै खोज्छ ।"

आफन्तहरूलाई केन्द्रीय समितिमा लैजाने क्रममा कतिसम्म चलाखी गरिएको छ भने एउटै परिवारबाट ठूलो संख्यामा केन्द्रीय समितिमा

पति-पत्नी केन्द्रीय सदस्य

चक्रपाणि खनाल	यमा बन्जाडे
लीलामणि पोखरेल	शशी श्रेष्ठ
विश्वभक्त दुलाल	बुद्धलक्ष्मी महर्जन
विश्वनाथ साह	सीता पोखरेल
गणेशमान पुन	कमला रोका
महेश्वर दाहाल	सीता अधिकारी
तेजबहादुर ओली	जूनकुमारी रोका
कृष्णध्वज खड्का	रेखा शर्मा
देव गुरुङ	यशोदा सुवेदी
हितमान शाक्य	अमृता थापा मगर
कुलबहादुर केसी	तारा घर्ती
कुमारी मोक्तान	दावा तामाङ
खगराज भट्ट	मञ्जु बम
गोविन्द आचार्य	सावित्री शर्मा
डीआर पौडेल	गंगा बेल्वासे
चन्द्रमान श्रेष्ठ	पार्वती थापा
अनिल योगी	चम्पा कार्की
शैलेन्द्र घिमिरे	संगीता खड्का
शिव डाँगी	सरस्वती पोखरेल
सरल सहयात्री	समिता कार्की
देवी खड्का	राजकुमार श्रेष्ठ
दीपक देवकोटा	लीला शर्मा
मातृका भट्टराई	भेषकुमारी राउत
वसन्त शर्मा	चेतना
जगप्रसाद शर्मा	सुनीता रोका
हरि दाहाल	गंगा पराजुली
पूर्ण घर्ती	सीता आचार्य
नेपबहादुर चौधरी	रूपा चौधरी
राजकाजी महर्जन	मञ्जली शाक्य
नारायणी शर्मा	लुमाकान्त न्यौपाने
भीमप्रकाश शर्मा	विमला केसी
राजकुमार शर्मा	प्रतिमा केसी
प्रगति महरा	रञ्जित बुढा

नाता-गोता केन्द्रीय नेता

राममाया बोगटी-निर्मल आचार्य	सासू-ज्वाइँ
शालिकराम जम्कट्टेल-भरत दाहाल	जेठान-ज्वाइँ
बोधमाया यादव-सुनीता यादव	दिदी-बहिनी
दिनानाथ शर्मा-कल्पना शर्मा	बाबु-छोरी
दिलीप महर्जन-रूपा महर्जन	बाबु-छोरी
जोखबहादुर महरा-रत्न महरा	बाबु-छोरा
गोपी अछामी-बुद्ध अछामी	दाजु-भाइ
वसन्त माझी-तुलबहादुर माझी	दाजु-भाइ
दीप सापकोटा-टोपनाथ सापकोटा	दाजु-भाइ
सुरेन्द्र बस्नेत-वीरेन्द्र बस्नेत	दाजु-भाइ
निमबहादुर बुढाथोकी-ध्रुव बुढाथोकी	दाजु-भाइ
गोपाल शर्मा-विशाल शर्मा	दाजु-भाइ
देवेन्द्र श्रेष्ठ-रूबी श्रेष्ठ	दाजु-बहिनी
गिरिराजमणि पोखरेल-एनके दाहाल	मामा-भान्जा

पुऱ्याइएको विषय हतपत कसैको ध्यानमा नपुगोस् भनेर प्रायः फरक-फरक स्थानमा नाम उल्लेख गरिएको छ। जस्तो कि, प्रचण्डको नाम त एक नम्बरमा हुने नै भयो, छोरी रेणुको २ सय ७४ र आमा सीताको २ सय ९४, बुहारी बिनाको ४ सय ८, प्रकाशको ४ सय २६, गंगाको १ हजार २ सय ६८ नम्बरमा उल्लेख छ। र, अरू नेताले पनि यही तरिका अपनाएका छन्।

माओवादी केन्द्रका हेडक्वाटर सदस्य मणि थापाका भनाइमा परिवारका कम सदस्य उपल्लो जिम्मेवारीमा हुनेहरूले जति रचनात्मक क्षमता देखाउन सकेका छन्, श्रीमान्-श्रीमती नै राजनीतिको माथिल्लो जिम्मेवारीमा हुनेहरूले देखाउन सकेका छैनन्। साथै, परिवारका धेरै सदस्य राजनीतिमा हुनेहरूमा बेमेलको मात्रा पनि धेरै छ। केन्द्रीय समितिमा परिवारकै सदस्यको ठूलो उपस्थितिले पार्टी, व्यक्ति कसैलाई पनि फाइदा नभएको उनको भनाइ छ। थापा भन्छन्, "केन्द्रीय समितिमा एउटै परिवारबाट ठूलो संख्या सहभागी गराउनेमा दक्षिण एसियामा रोगकै विकास भएको छ। यो रोगबाट हामी माओवादीहरू पनि मुक्त हुन सकेनौं। तर, यसले क्षतिबाहेक केही दिएको छैन पार्टीलाई।"

दक्षिण एसियामा व्यक्तित्व निर्माण, सामाजिक र आर्थिक हैसियतको विकास पारिवारिक विरासतमै जोडिने भएकाले माओवादी पनि यसबाट अपवाद हुन नसकेको मानवशास्त्री ढकाल बताउँछन्। भन्छन्, "पश्चिममा वैयक्तिक स्वतन्त्रतालाई पहिलो प्राथमिकतामा राखिने भएकाले परिवारका सदस्यहरू आफूखुसी निर्णय गर्न स्वतन्त्र हुन्छन्। तर, यहाँ भने परिवार सँगोलमै बस्ने भएकाले मूलीले जे गऱ्यो, परिवारका अन्य सदस्यले पनि प्रायः त्यही बाटो अपनाउँछन्।"

माओवादी भूमिगत पृष्ठभूमिबाट आएकाले परिवारका प्रायः सदस्य पूर्णकालीन राजनीतिमा होमिए। असुरक्षाका कारण उनीहरूसँग धेरै विकल्प पनि थिएनन्। यसले गर्दा पनि उनीहरू आफ्नो लामो योगदान भएको तर्क अघि सार्दै केन्द्रीय समितिमा पुग्नु अधिकार ठान्छन्। कतिसम्म भने प्रचण्ड-पुत्र प्रकाश नै ०५४ देखि माओवादी आन्दोलनमै भएकाले केन्द्रीय सदस्य बन्नु आफ्नो हक नै भएको ठान्छन्। भन्छन्, "व्यक्तिगत भूमिकालाई बाबु प्रचण्डको सम्बन्धसँग जोडेर हेर्नै हुँदैन।"

समावेशिता र बहुलताको वकालत गर्ने दलले एउटै परिवार र नातागोतालाई उच्च पदमा पुऱ्याउनु आफैंमा विरोधाभासपूर्ण छ। तर, पार्टी, संगठन निर्माणमा महत्त्वपूर्ण भूमिका खेलेको छ भने जिम्मेवारीमा पुग्दा-पुऱ्याउँदा त्यसलाई एक हदसम्म औचित्यपूर्ण मान्न सकिने सांसद श्रेष्ठ बताउँछन्। क्युबामा फिडेल क्यास्त्रोपछि उनका भाइ राउल क्यास्त्रो, नेपालमा मातृका कोइराला र बीपी कोइराला, पुष्पलाल र सहाना प्रधानजस्तालाई नातावादको फ्रेमभित्र राख्न नसकिने उनको भनाइ छ। पार्टीको केन्द्रीय सदस्य हुन कुनै योग्यता र मापदण्ड नै नखोजी केवल बलशाली नेताको आड र उनीहरूको परिक्रमा गरेकै भरमा नेतृत्वमा पुग्नुचाहिँ लोकतान्त्रिक आदर्श र सिद्धान्तबाट विचलनको हद मान्छन्, माओवादी नेताहरू नै। माओवादीका एक केन्द्रीय सदस्य भन्छन्, "माओवादीभित्रको परिवारवादले त सिंगो जनयुद्धको उपलब्धि नै निजीकरण गरिएजस्तो पो देखियो।"

परिवारवाद माओवादी केन्द्रमा मात्रै छैन। नेपाली कांग्रेस, नेकपा एमाले, मधेसवादीलगायतका पार्टीहरूसमेत यो प्रवृत्तिबाट हिजो पनि ग्रस्त थिए, आज पनि छन्। तर, यही परिवारवाद र विकृतिविरुद्ध हतियार उठाएर आन्दोलन गरेको माओवादी केन्द्र आफैं यसरी परिवारवाद/नातावादको जन्जालमा फस्नु विडम्बनापूर्ण छ। ◆

(आवरण स्केच : रवीन्द्र मानन्धर)

खुकुरीको बेथा

माग भए पनि कामदार र कच्चा पदार्थको अभावमा भोजपुरे खुकुरीको घट्दो सान

विद्या राई/भोजपुर

भोजपुरे खुकुरीको ख्याति र माग अझै उस्तै छ। तर, हाल यसको उत्पादनका लागि कामदार र कच्चा पदार्थ पाउनै गाह्रो हुन थालेको छ। भोजपुर सदरमुकाममा उर्मिला, रञ्जिता र न्यु भोजपुरे खुकुरी गरी तीन उद्योग सञ्चालनमा छन्। यसबीच भोजपुर सदरमुकाम, टक्सार, रानीबास, खैराङ, कोट, गोगने र खावा गाविसमा रहेका ६ दर्जन खुकुरी उद्योग बन्द भएका छन्।

न्यु भोजपुरे खुकुरी उद्योगका सञ्चालक सफल सेन्चुरीका अनुसार माग धान्न हम्मेहम्मे छ तर कामदार नभएकाले उत्पादन गर्न सकिएको छैन। रञ्जिता खुकुरी उद्योगका सुनिल गजमेरको अनुभव पनि सेन्चुरीको भन्दा फरक छैन। भन्छन्, "हरेक महिना पाँच सयदेखि एक हजार थान खुकुरीको माग आउँछ। माग पूरा गर्न सके मासिक पाँचदेखि सात लाख आम्दानी गर्न सकिन्थ्यो। तर, कामदार पाउन मुस्किल छ। जान्ने बूढापाकाले बलको काम गर्न सक्दैनन्। बलियाबांगा ठिटा धूलो, फोहोर काम भनेर पन्छिन्छन्। बरू, जोखिमपूर्ण काममा विदेश जान्छन्।"

तस्विरहरू : विद्या राई

भोजपुरमा निर्मित खुकुरी

उद्योगले कामदार अभाव मात्र झेलेका छैनन्। साल, सिसौ र ओखरका बोट काट्न नपाउने वन ऐन लागू भएपछि टिकाउ बिडका लागि काठ र फलाम गाल्ने कोइलाको पनि अभाव छ। विसं १९६५ देखि भोजपुरमा विभिन्न डिजाइनका खुकुरी बनाउने प्रचलन सुरु भएको बताउने स्थानीय ५० वर्षीय उद्यमी गणेश गजमेरका अनुसार उहिले उत्पादित खुकुरी घरायसी प्रयोजनका लागि मात्र प्रयोग हुन्थ्यो। अहिले सजावट र उपहारका लागि पनि प्रयोग हुन्छ। गजमेर भन्छन्, "जिल्लाबाहिरबाट सरकारी तथा गैरसरकारी कार्यालयमा काम गर्न आएका कर्मचारीले गृहजिल्ला फर्कंदा चिनारीस्वरूप खुकुरी नै किन्ने गर्छन्।" जिल्लामा उच्च ओहोदाका व्यक्तिको आगमन र बिदाइका क्रममा खुकुरी नै उपहारस्वरूप दिने चलन छ।

गजमेरका अनुभवमा दशक लामो द्वन्द्वमा जिल्लाबाट धेरै विस्थापित भए। केहीले स्थायी रूपमै बसाइँसराइ पनि गरेपछि दक्ष जनशक्तिको अभाव हुन थाल्यो। उनको अनुभवमा द्वन्द्वले गर्दा स्थानीय लघु र घरेलु उद्योग त नष्ट भए नै, उद्यम गरेर स्वावलम्बी बन्नेभन्दा ठालू पल्टिने चलन बढ्यो।

भोजपुरे खुकुरी आकर्षक, बुट्टादार र कलात्मक शैलीका हुने भएकाले धेरै मानिसको रोजाइमा पर्छ। बुदुना, सिरुपाते र बाँसपाते खुकुरी अत्यधिक किनबेच हुन्छ। बुदुना मोटो र फराकिलो हुन्छ। सिरुपाते खुकुरी सिरुको पात आकारको पातलो हुन्छ। बाँसपाते बाँसको पातजस्तै हुन्छ र यो सिरुपातेभन्दा केही मात्रामा बाक्लो हुन्छ। ◆

प

राजकुमार बानियाँ

तस्बिर : रवि मानन्धर

दुईघन्टे तालिम या दुईवर्षे डिग्रीको कक्षा लिएका विद्यार्थीले बिर्सनै सक्दैनन्, प्राध्यापक रामकृष्ण रेग्मी, ७०, लाई। भलै बुढ्यौलीका कारण उनी आफैँले बिर्सेका हुन सक्छन्। जादूमय प्रस्तुति उनको कक्षाको खास विशेषता हो।

पत्रकारिताको सैद्धान्तिक पाठशालाका यी अनवरत साधक कठोर समयपालक लाग्छन्। न पाँच मिनेट ढिलो, न पाँच मिनेट छिटो। उनको जिन्दगी अनुशासित छ, काम नियमित। नौनीजस्तो नरम लबज र शैलीका कारण रेग्मी सरलाई नरुचाउने कमै भेटिन्छन्। यसो किन हुन्छ भने उनी एक घन्टा पढाउनु छ भने त्यसको दोब्बर तयारी गर्छन्।

तीन पुस्ता पहिले धादिङको मान्खुबाट नरदेवी, काठमाडौँ आएको हो रेग्मी परिवार। बाजे बनारसमै संस्कृतका कहलिएका विद्वान् थिए भने बाबु बुद्धिप्रसाद शर्माले *रामायण* नै लेखे। अभ्यास हाई स्कुल ताहाचल (पछि दरबार हाइस्कुलमा गाभिएको)मा लेखपढ थालेका नाति रेग्मी कति पढैया भने हरक्षण पुस्तकसँगै। पुस्तक र पत्रपत्रिकाको त्यही असामान्य लतले त पत्रकारितामा ल्याइदियो उनलाई।

त्यतिबेला बागी विचारका युवाहरूका निम्ति सिमानाजस्तै थियो, राजनीतिक दलसम्बद्ध भएर भूमिगत हुने या भारत भासिने। रामकृष्णले दुवै गर्न सकेनन्। त्यसैले निरन्तर पढिरहन्थे, अलिअलि लेखिरहन्थे। त्यस्तो खुलेर लेख्न नसक्ने तर लेखिरहने।

गुरु
त्रकार

उनको जमानाको अनौठो जक्सन थियो, बांगेमुढा । नयाँ सडकको पीपलबोटमा जस्तै उभिएर पत्रपत्रिका पढिने अड्डा । त्यहीं भेटिन्थे काठमाडौँका अक्सर बुद्धिजीवी । उनी पनि भारतीय अखबार *स्टेट्सम्यान, टाइम्स अफ इन्डिया, हिन्दुस्तान* पढ्न त्यहीं पुग्थे ।

विद्यार्थी जीवनमै रामकृष्णले तिनै अखबारी शैली हेरेर सिकेका हुन् पत्रकारिता । त्यतिबेला न पत्रकारिताको औपचारिक पढाइ हुन्थ्यो, न पुस्तक नै लेखिएका थिए । “कति किताब भारतको नयाँदिल्लीबाट ल्याएर पढेँ,” उनी सम्झन्छन्, “कति किताब त रत्न पुस्तक भण्डारमार्फत पनि झिकाएँ ।”

गोपालदास श्रेष्ठको अंग्रेजी दैनिक द *कमनर*मा कहिलेकाहीँ लेख्थे रामकृष्ण । पछि चन्द्रलाल झाको *नेपाल टाइम्स* दैनिक र अंग्रेजी साप्ताहिक *द नेपाल क्रोनिकल*मा लेख्न थाले । त्यतिखेरको छापा पत्रकारितामा ‘बाइलाइन’ दिने चलनै थिएन । पत्रकारिता ‘एडिटर-ओरिएन्टेड’ थियो । समाचारदाताको नाम कतै उल्लेख हुँदैनथ्यो । ०३२ मा सरकारी न्युज एजेन्सी राष्ट्रिय समाचार समिति (रासस) छिर्दा पनि त्यही स्थिति दोहोरियो । बल्लतल्ल रासस बुलेटिनमा बाइलाइन घुसाए पनि पत्रपत्रिकाले काटिदिने ।

राससमा बागी क्लब थियो, जयशमशेर राणा, विदुर बस्नेत र उनको । उनीहरूकै सक्रियतामा फिचर सेवा सुरु भयो । ०३६ को जनमतसंग्रहका बेला मिडिया अलिक स्वतन्त्र भयो । पत्रकारिताको सक्रिय अभ्यास त्यसैलाई मानेका छन् उनले । “दलीय प्रतिबन्ध हट्नासाथ कांग्रेस-कम्युनिस्ट नेताका कोट लिन पाइने भयो,” उनी खुसी मान्छन्, “एकै दिन बीपी कोइराला, मनमोहन अधिकारी र तुलसी गिरीजस्ता तीन धारका नेताका भाषणमाथि रिपोर्टिङ हुन सक्यो ।”

त्यो समय रामकृष्णलाई पत्रकार-जीवनकै अभूतपूर्व र चुनौतीपूर्ण कालखण्ड लाग्छ । त्यसको कारण के हुन सक्छ भने उनी कहिल्यै कसैको छातामुनि बसेनन् । राजनीतिक, धार्मिक या वादको जामा पनि पहिरेनन् । उनको सदिच्छा- सबैमाथि न्याय होस् । उनको सिद्धान्त- पत्रकारिता जिन्दावाद !

अंग्रेजी ‘रेडियो कमेन्ट्री’ पनि लेखे धेरै वर्ष रेग्मीले । गौरी केसी, मणि राणाहरूले पढ्थे राती अंग्रेजी समाचारपछि । त्यसमा तीन कुरा बर्जित थिए- राजामाथि प्रश्न उठाउन नपाउने, पञ्चायत (पछि गाउँफर्क पनि) लाई प्रश्न गर्न नपाइने अनि ‘संसदीय’जस्ता शब्द प्रयोग गर्न नपाउने ।

राससको पत्रकार सरकारी कर्मचारी नै भए पनि उनले व्यावसायिक संघर्ष छाडेनन् । समाचार अनुवाद हुनुहुँदैन भन्ने उनको एकलव्य-मान्यता अद्यापि छँदैछ, त्यसमाथि राससलाई पब्लिक ब्रोडकास्टिङ कम्पनी बनाउनुपर्छ भन्ने आवाज पनि उठाए ।

समाचारदातालाई ‘क्यामरा पर्सन’समेत बनाउन खोजिएकामा पनि विमति रह्यो उनको । उनको तर्क के भने एउटै व्यक्तिले दुइटा काम गर्दा दृष्टिकोण पुग्दैन । रेकर्डर नभएकाले र्‍यापिड सर्टह्यान्डमा रिपोर्टिङ गर्नुपर्थ्यो । गैरसरकारी रासस बनाउने प्रयास असफल भएको झोक उनले धेरैचोटि झिके । तर, राजीनामा भने मनमोहन अधिकारीको भारत भ्रमणपछि ‘प्रशासनिक अप्ठ्यारो’ देखाएर दिए, ०५२ मा ।

राससका प्रमुख समाचारदाता रहिसकेका रामकृष्णले जागिर छाड्दा कुनै स्पष्ट गोरेटो थिएन । अरू कतै जोडिन छाड्थे, उनले चाहिँ खालि छाड्नका लागि छाडिदिएका थिए । त्रिभुवन विश्वविद्यालयबाट अर्थशास्त्रमा स्नातकोत्तर गरेपछि उनले केही समय शंकरदेव क्याम्पसमा पढाए पनि त्यो क्रम भंग भइसकेको थियो ।

“पत्रकारिता गरेर नियमित तलब आउँछ भन्ने थिएन । त्यसको विकल्पमा केही न केही पेसा गर्नैपर्थ्यो,” उनी सुनाउँछन्, “राससमा नाइट ड्युटी थियो, साँझ ६ बजेदेखि राती ११ बजेसम्म । कहिले त राती ३ बज्थ्यो । फेरि बिहान ६ बजे नै शंकरदेव क्लास लिन जानुपर्ने ।” उनी पत्रकारिताबाट अलग हुन सकेनन् ।

अहिले उनका साथीभाइ ‘पेन्सन होल्डर’ छन् । रामकृष्णले कतै पढाएनन् भने आम्दानीको स्रोत सुक्छ । “यो आर्थिक विवशताको एउटा पाटो हो तर मलाई पश्चात्ताप छैन,” उनी भन्छन्, “समाचारदाता जागिर मात्र नभएर एक किसिमको सेवा हो । पारिश्रमिक लिए पनि, नलिए पनि ।”

जनमतसंग्रहताका के अनुभूति भयो भने विदेशी आमसञ्चारका सामग्री एक किसिमका देखिने, नेपालका सामग्री अर्कै किसिमका । त्यसका लागि मिडिया शिक्षाको तालिम दिने अठोट गरेर गोपालदास श्रेष्ठसँग उनी विराटनगर पुगे । त्यो पनि अञ्चलाधीशले रोकिदिए ।

न्युजरुमका व्यक्ति प्रशिक्षित, विवेकशील र सीप सम्पन्न नभईकन स्वतन्त्र प्रेसको मिसन पूरा हुन्न भन्ने मान्यता थियो उनको । "न्युजरुमबाटै राष्ट्र चल्छ । राष्ट्रिय मुद्दा न्युजरुम हुँदै अघि बढ्छन्," उनी भन्छन्, "त्यो कति संवेदनशील ठाउँ हो भने अलिकति तलमाथि पर्दा राष्ट्रकै लक्ष्य तलमाथि पर्न जान्छ ।"

त्यसै कारण नेपाल प्रेस इन्स्टिच्युट (एनपीआइ)को दोस्रो वर्षदेखि नै रिसोर्स पर्सनका रूपमा सघाए उनले । राससमै छँदा इन्टरनेसनल इन्स्टिच्युट अफ जर्नालिजम (बर्लिन जर्मनी) र एक्सेटर युनिभर्सिटी (बेलायत)बाट पोस्ट ग्र्याजुएट डिप्लोमा गरेका उनले लामो समय रिपोर्टिङ कला सिकाए । "त्यहाँ अन्य विषयमा धेरै पढेका पनि थिए, मिडियाको सोख पूरा गर्न आएका पनि थिए," उनी भन्छन्, "अहिले हरेक न्युजरुममा उनीहरूलाई नै देख्छु ।"

एनजीओका रूपमा चलेको एनपीआईले दिने तालिमभन्दा पनि उच्च शिक्षाको प्याकेज चाहिरहेका थिए, आमसञ्चार विज्ञ रामकृष्ण । त्यही बेला पूर्वाञ्चल विश्वविद्यालयले अन्तरसंकाय स्नातकोत्तर थाल्यो । त्यसपछि कान्तिपुर सिटी कलेजमा पत्रकारिता तथा आमसञ्चारका प्राध्यापकका रूपमा १६ वर्षदेखि उनी पढाइरहेका छन् ।

तिनै डिग्रीधारी र तालिमेले पत्रकारितामा केही गुणात्मक परिवर्तन ल्याएजस्तो लाग्छ उनलाई । "पत्रकारिता आत्मनिर्भर नभएकाले विज्ञापन, सशस्त्र समूह र राजनीतिमा भर पर्नुपर्ने हुन्छ," उनी सचेत छन्, "त्यस्ता ननस्टेट एक्टरको प्रभावमा प्रेस स्वतन्त्रता कुण्ठित हुन सक्छ ।"

> **पत्रकारिता आत्मनिर्भर नभएकाले विज्ञापन, सशस्त्र समूह र राजनीतिमा भर पर्नुपर्ने हुन्छ, त्यस्ता ननस्टेट एक्टरको प्रभावमा प्रेस स्वतन्त्रता कुण्ठित हुन सक्छ ।**

आचारसंहिताजस्तो न्यूनतम पक्ष पनि परिपालना नभएकामा उनलाई उदेक लाग्छ । थाहा नभएको हो या पालना नगरेको ? "पत्रकारिताले संघीयता भनेको व्यवस्थापकीय पक्ष हो भन्ने बुझाउन सकेको छैन," उनको प्रश्न छ, "चार-पाँचवटा दैनिक पत्रिका पढ्दा म कन्फ्युज हुन्छु, मुलुकमा दलहरूले निर्वाचन गर्ने वातावरण बनाइरहेका छन् या निर्वाचन नगर्ने वातावरण ?"

आफ्नै जीवनमा हातले लेख्ने, टाइप गरेर फ्याक्समा पठाउने र इलेक्ट्रोनिक कलमले लेखेर इमेल गर्ने तीन चरण पार गरेका छन् उनले । उनको बुझाइमा नेपाली पत्रकारितामा विविधता आयो तर पुनःआविष्कार भएन । "कुनै बेला डाडबाट डेस्क सम्पादकलाई आकाशवाणीबाट दंगाली शब्द टिपाउँदा बंगाली छापिएको थियो," उनी भन्छन्, "अहिलेको सूचना सम्पर्क चमत्कारी छ ।"

नेपाली पत्रकारितामा रामकृष्णले मान्ने तीन सम्पादक छन्, गोपालदास श्रेष्ठ, मणिराज उपाध्याय र चन्द्रलाल झा । प्रेसमै पुलिस बस्ने जमानाका पत्रकार । आफ्नो अडानमा टसमस नहुने सम्पादक । दुःख केमा लाग्छ भने पछिल्लो पुस्ताले उनीहरूलाई चिन्नै सकेन । त्यसैले अबिच्युअरीसमेत राम्ररी लेखिएनन् ।

प्रत्यक्ष वा परोक्ष रूपमा ४५ वर्ष सूचनाकै चौतारीमुनि बिताएका रामकृष्णका चाखलाग्दा र कामलाग्दा आठ पुस्तक छन् । एकल लेखनमा *विश्व समाचार प्रणालीमा नयाँ आयाम, फायरिङ करस्पन र समाचारकर्मी* अनि सहलेखनमा *नेपाल टाइगर* आदि । 'बंगाल टाइगर'लाई 'नेपाल टाइगर'का रूपमा न्वारन गरेका यी लेखक चिन्तित छन्, पर्यावरणीय सन्तुलन राख्ने श्रेष्ठ प्राणी बाघ सकिए माछापुच्छ्रेको टुप्पोलाई नै त्यसको प्रतीक मान्नुपर्ने हुन्छ ।

रामकृष्ण नामको भोकमा कहिल्यै परेनन् । कामको विश्वासमा उनले थुप्रै छद्मनाम प्रयोग गरे । कहिले *नेपाल समाचारपत्र*मा 'द्वारपाल'का नाममा, *द मदरल्यान्ड*मा 'पेमा'का नाममा । अरू छद्मनाम उनी सम्झन पनि चाहँदैनन् । रामकृष्णलाई नाम नचाहिने, सम्पादकहरू सम्पादकीय उनैलाई लेखाउन चाहने । उनले धेरै पत्रिकाका लागि सम्पादकीय लेखेका छन् । अहिले ती काममा दाबी गर्नुपर्‍यो भने तिनै सम्पादकबाट पुष्टि गराउनुपर्ने बाध्यता छ ।

*नेपाल समाचारपत्र*मा १६ महिना परामर्श सम्पादक रहेका यी पाका पत्रकारले नेपालन्युजडटकममा डिजिटल पत्रकारिताको अनुभव पनि लिए, स्टक एक्सचेन्ज विश्लेषकका रूपमा । अहिले पनि उनलाई कार्यपत्र र वैचारिकपत्रको टन्टाले छाडेको छैन ।

जनआन्दोलनपछिको पहिलो संसद् बडो रोमाञ्चक लागेको थियो, रामकृष्णलाई । अराष्ट्रिय तत्त्वका रूपमा बन्दी रहेका दुब्लापातला मान्छे कोट, दौरा, सुरुवाल र टोपीमा ठाँटिएर संसद् भवन पस्दा नयाँ युग नै पसेजस्तो लागेको थियो उनलाई । कुनै बेला त्यही भवनमा राष्ट्रिय पञ्चायत थियो । 'संसदीय' शब्द उच्चारण गरिँदा उनलाई स्पष्टीकरण सोधिएको थियो ।

"इतिहास देख्ने पहिलो मान्छे पत्रकार हो, उसले देखेपछि नै अरूले देख्छन्," उनी भन्छन्, "औपचारिक शिक्षाका लागि मानिस एकपटक विश्वविद्यालय जान्छ तर मिडियामा हरेक दिन ज्ञान लिइरहेको हुन्छ । प्रेस कहिल्यै नरोकिने विश्वविद्यालय हो ।"

उनको भनाइमा व्यापारीले पैसा हुने व्यक्तिलाई मात्र वस्तु र सेवा बिक्री गर्छ तर पत्रकारले पैसा नहुनेलाई पनि सूचना दिनुपर्छ, यही नै सामाजिक उत्तरदायित्व हो । पछिल्लो समय सोसल मिडिया र अनलाइन 'लाइकप्रिय' भइसकेका छन् । राससलाई 'चिफ रिपोर्टर' बनाएर भए पनि अनगन्ती अनलाइन आएका छन् । पत्रिका, रेडियो र टेलिभिजनको 'डेडलाइन' भत्किएर बनेको छ, 'एनी टाइम इज डेडलाइन ।' "अब एकै ठाउँ बसेर रेडियो सुन्ने र एकै ठाउँ बसेर टीभी हेर्ने दिन रहेनन्," उनी भन्छन्, "तपाईं जहाँ, मिडिया त्यहाँ । हरेकका हातहातमा मिडिया ।"

वैज्ञानिक दुर्गा मानन्धरसित रामकृष्ण सरले अन्तर्जातीय विवाह गरे ४० वर्ष पहिले । शिक्षा मन्त्रालयबाट अवकाशप्राप्त दुर्गा र रामकृष्णकी एक्ली छोरी छन्, अस्ट्रेलियामा । तत्कालीन समाजमा अन्तर्जातीय विवाह भनेकै प्रेम सम्बन्ध हो । यद्यपि, उनी व्यक्तिगत जिन्दगीका अन्तरकुन्तर खोतल्न चाहन्नन् ।

दुई वर्षअघि प्रेस काउन्सिल गोपालदास पत्रकारिता पुरस्कार पाएका रामकृष्णको वैयक्तिक विवरण (सीभी)मा मोबाइल नम्बर छ तर त्यसमा लेखिएको छ, 'वन्ली फर एसएमएस ।' उनी मोबाइल उठाउँदैनन् । उनलाई लाग्छ, फोन नउठाए गर्नेलाई अपमान, फोन उठाए कुरा गरिरहेकाको अपमान ।

फुर्सदमा उनको हातमा किताब नै हुन्छ । नारायण गोपालको गायकीका प्रशंसक रेग्मी सर निकै सरल छन् । "म सीधासादा मान्छे हुँ, अशिष्ट पनि छैन तर कसैलाई रिझाउन सक्दिनँ," उनी भन्छन्, "आत्मशुद्धिको बाटो खुलापन मात्र हो ।" ♦

KMG
KANTIPUR MEDIA GROUP

Radio
Kantipur
रेडियो राष्ट्रको

We are Radio Kantipur, Radio Rastrako

Transforming ourselves to flourish the bond connected from heart to heart. We have become the change to embellish every new relationship. Now, we'd like to strengthen our bond, embracing the changing time and circumstances.

खेलाडीजति चीनतिर

विश्व चर्चित खेलाडीहरू चिनियाँ लिगमा जान थालेपछि फुटबल क्लबहरू समस्यामा

ज्ञानेन्द्र आचार्य

प्रिमियर लिगको गेमविक २१ । अंक तालिकाको शीर्ष स्थानमा रहेको चेल्सीलाई अघिल्लो सिजनको विजेता लेस्टर सिटीसँग खेल्नु थियो, लेस्टरकै घरेलु मैदान किङ पावर स्टेडियममा। लेस्टरसँगको खेलका लागि जब चेल्सीका प्रशिक्षक एन्टोनियो कोन्टेले टिम सार्वजनिक गरे, त्यसपछि चर्चा सुरु भयो डियगो कोस्टाको । किनभने, कोस्टाको नाम अचानक टिममा थिएन । टिम सार्वजनिक गर्नुअघि कोस्टा घाइते भएको पनि कसैलाई थाहा थिएन। यस विषयमा प्रशिक्षक कोन्टेले नै मुख खोले, “कोस्टाको ढाडमा समस्या देखिएकाले उनी टिममा छैनन् ।” कोन्टेले कोस्टा घाइते भएकाले लेस्टरसँगको खेल नखेल्ने बताउँदा उता अर्कै हल्ला फैलिएछ । कोस्ट पनि चीन जाँदै छन् भनेर । म्याच खेल्नुअघि र पछि यसैसँग सम्बन्धित प्रश्नहरूको वर्षात् हुने गर्छ चेल्सीका प्रशिक्षक कोन्टेमाथि। गेमविक २२ मा चेल्सीले हल सिटीसँग खेल्दा कोस्टा टिममा फर्किए र एक गोल पनि गरे। तर, उनी चीन जाने हल्ला अझै सेलाएको छैन । फुटबलको ट्रान्सफर मार्केटमा डियगो कोस्टा अहिलेको सिजन सकिएपछि आउने समर ट्रान्सफर विन्डोमा चीन जाने अफवाह फैलिएको छ।

अचेल युरोपका ठूला लिगमा खेल्ने स्टार खेलाडीबारे यस्ता हल्ला फैलिनु सामान्य भइसक्यो । किनभने, चिनियाँ सुपरलिगका क्लबहरूले अथाह पैसा खर्च गरेर स्टार खेलाडीलाई भित्र्याउन लागिपरेका छन्। अंग्रेजी नयाँ वर्ष लागेपछि युरोपेली लिगको विन्टर ट्रान्सफर सुरु हुन्छ । जुन एक महिनासम्म चल्छ। यो सिजनको विन्टर ट्रान्सफर विन्डो सुरु नहुँदै सनसनीपूर्ण खबर आयो । चेल्सीकै मिडफिल्डर ओस्कार चिनियाँ लिग खेल्न गए भनेर। सन् २०१२ मा चेल्सी आउँदा ओस्कारले राम्रै सम्भावना देखाएका थिए । तर, यसै सिजनबाट कोन्टे चेल्सीको प्रशिक्षक नियुक्त भएपछि उनले टिममा कमै मात्र मौका पाए।

पहिलो टिममा कम मौका पाउन थालेपछि खेलाडीले अर्कै क्लब रोज्नु सामान्य मानिए पनि जुन हिसाबमा सांघाई इन्टरनेसनल पोर्ट ग्रुपले उनलाई भित्र्यायो, त्यसले युरोपका ठूला र धनी क्लबलाई झस्काएको छ । चेल्सीबाट ओस्कारलाई किन्न उनको क्लबले अनुमानित ६ करोड पाउन्ड खर्च गरेको छ। त्यहाँ ओस्कारले तलबबापत वार्षिक दुई करोड पाउन्ड पाउने बुझिएको छ। यो उनले चेल्सीमा हुँदा पाउने भन्दा झन्डै चार गुणा बढी हो।

हाइप्रोफाइल खेलाडीलाई भित्र्याउन चिनियाँ क्लबहरूले युरोपका धनी क्लबले भन्दा फरक रणनीति अपनाउँदै छन्। युरोपमा ठूला क्लबले राम्रा खेलाडी ल्याउन ट्रान्सफरमा मोटो रकम खर्चिन्छन् । चिनियाँ क्लबहरूले खेलाडीको तलबमा। यसको प्रत्यक्ष उदाहरण बनेका छन्, ओस्कारसँगै अहिले चिनियाँ लिगमा खेल्ने हाइप्रोफाइल खेलाडी कार्लोस टेभेज, इजिकेल लाभेजी, हल्क, रामिरेस, पाउलिन्हो, डेम्बा बा, जर्भिन्हो, ग्राजियानो पेले आदि । यसअघि चेल्सीबाटै खेलेका निकोलस एनेल्का र डिडियर ड्रोग्बाले पनि चिनियाँ सुपर लिग खेलेका थिए। टेभेज अहिलेकै विन्टर ट्रान्सफर



चिनियाँ क्लबमा आबद्ध विदेशी प्रशिक्षक

विन्डोमा चीन गएका हुन् । भनिन्छ, सांघाई सिन्ह्वाबाट खेलेबापत उनले साताको ६ लाख १५ हजार पाउन्ड बुझ्छन् । यसलाई हिसाब गर्ने हो भने एक सेकेन्डको एक पाउन्ड बराबर हुन आउँछ ।

उनीहरूको पारिश्रमिकबारे मिडियामा आएका कुरा सत्य हुन् भने ओस्कारकै तलब रोनाल्डो वा मेसीको भन्दा पनि बढी हुन्छ । यस्तो ठूलो पारिश्रमिकबारे कुनै खेलाडीले मुख खोलेका छैनन्, न त उनीहरूका क्लबले कुनै आधिकारिक कुरा नै सार्वजनिक गरेका छन् । तर, मोटो पारिश्रमिक नपाई कोही खेलाडी चिनियाँ लिग खेल्न जानु असम्भव छ ।

खेलाडी मात्रै होइन, नाम चलेका प्रशिक्षक पनि चिनियाँ क्लबमा छन् । सन् २००२ मा ब्राजिललाई विश्वकप जिताएका लुइस फिलिपे स्कोलारी अहिले ग्वान्झाओ एभरग्रान्डेका प्रशिक्षक छन् । उनी २०१४ को विश्वकपमा पनि ब्राजिलकै प्रशिक्षक थिए । त्यस्तै, चेल्सी र टोटेन्हामका पूर्वप्रशिक्षक आन्द्रेस भियास बोअस र म्यानचेस्टर सिटीका पूर्वप्रशिक्षक म्यानुअल पेलेग्रिनी पनि चीनमै छन् । इटालीले २००६ मा विश्वकप जित्दाका कप्तान फाबियो कानाभारो अहिले ती आन्जिन क्वानजिआनमा प्रशिक्षक छन् । २००६ मै इटालीका प्रशिक्षक रहेका मार्सेलो लिप्पी एक समय ग्वानझाओका प्रशिक्षक थिए । अहिले उनले चीनको राष्ट्रिय टिम सम्हालिरहेका छन् ।

गुणस्तर र प्रतिस्पर्धात्मक हिसाबमा चिनियाँ लिग निकै पछि छ । यस्तो लिग खेल्न जाने खेलाडीले आफ्नो देशको राष्ट्रिय टिममा पनि मौका पाउन गाह्रो पर्छ । ब्राजिलका हल्क र पाउलिन्हो यसको प्रत्यक्ष मारमा परेका छन् । यी दुवैले २०१४ को विश्वकप खेलेका थिए । ग्वानझाओ एभरग्रान्डेका प्रशिक्षक स्कोलारी भने यसमा सहमत छैनन् । उनले चिनियाँ सुपर लिग विश्व फुटबलमा उदाउँदो लिग भएका कारण यहाँ खेल्ने खेलाडीले राष्ट्रिय टिममा पनि मौका पाउनुपर्छ भन्ने तर्क राख्छन् । अर्जेन्टिनाका लाभेजीले हिबेई चाइना फोर्चुनसँग आबद्ध भएपछि पनि राष्ट्रिय टिममा मौका पाए । उनले अर्जेन्टिनाबाट गत वर्ष भएको कोपा अमेरिका सेनटेनारियो खेलेका थिए ।

टेभेज वा एनेल्काले जस्तै उमेर ढल्केपछि चीनमा गएर खेल्नु ठीकै हो । तर, ओस्कार, पाउलिन्होजस्ता युवा खेलाडीले राष्ट्रिय टिममा नपरिने डरका बाबजुद चिनियाँ क्लब रोज्नुले युरोपलगायत फुटबलका सबै महाशक्ति राष्ट्रलाई झस्काएको छ । खेलाडीको पारिश्रमिकमा चिनियाँ क्लबले अन्धाधुन्द खर्च गर्दा राम्रा खेलाडी लालायित भएर उतै गए फुटबलको पावर हाउस युरोप नभएर चीन हुन सक्ने सम्भावना बढी थियो । धन्न त्यहाँको फुटबल संघले एउटा टिममा तीन जनाभन्दा बढी विदेशी खेलाडी खेलाउन नपाउने नियम बनायो । यसअघि बढीमा चार विदेशी खेलाडी खेलाउन पाउने नियम थियो ।

चिनियाँ लिगका क्लबले महँगो पारिश्रमिक दिएर नाम चलेका खेलाडी भित्र्याउँदैमा चीनको फुटबलले ठूलो फड्को मार्न सक्दैन । यो कुरा त्यहाँको फुटबल संघले बेलैमा बुझेको छ । त्यसैले हरेक क्लबले बढीमा तीन विदेशी र कम्तीमा २३ वर्ष मुनिका दुई चिनियाँ खेलाडी खेलाउनुपर्ने नियम ल्यायो । चिनियाँहरूको लक्ष्य भनेको २०५० को विश्वकप फुटबल जित्नु हो । यो धेरै चर्चामा आइसकेको कुरा हो । सायद अबको नियमले चीनलाई यो लक्ष्य भेट्टाउन सहयोग गर्ला कि ?

विदेशी खेलाडीको संख्या घटाउन नियम ल्याए पनि त्यहाँका क्लबले युरोपमा खेलिरहेका स्टार खेलाडीलाई ताक्न भने छाडेका छैनन् । त्यसैले कहिले कोस्टा त कहिले रुनी चीन जाने हल्ला बाहिर आउँछ । हुँदाहुँदा रियल म्याड्रिडका डिफेन्डर पेपे पनि यो सिजनपछि चिनियाँ क्लबमा आबद्ध हुन सक्ने कुरा बाहिर आएको छ । चिनिया क्लबसँग बेलाबेलामा रोनाल्डो र मेसीको नाम पनि नजोडिएको होइन । ◆



लोकसाहित्यमा समाज



लोकसाहित्य : सामाजिक प्रतिविम्ब

लेखक	:	मनोहर लामिछाने
प्रकाशक	:	अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन
पृष्ठ	:	२११
मूल्य	:	२९० रुपियाँ

मधुसूदन गिरी

सामाजिक-राजनीतिक मात्र होइन, भूगोलकै संरचना पनि बदलिँदो रहेछ । पृथ्वीको एउटै आदिभूखण्ड प्याँगिया पनि लोरेसिया र गोन्डवाना हुँदै आजका महादेशहरूमा टुक्रिएको छ । अर्थात् मानिसले मात्र यो पृथ्वीलाई आफ्नो रगतले धार लगाएर संरचना वा पुनःसंरचना कोरेको होइन रहेछ । जोडिनु र टुक्रिनु त सायद प्रकृतिकै अन्तःधर्म, आत्मसात् गर्नसक्नु र नसक्नुको भिन्नतामा मात्र हो । हो, हामी जतिसुकै पुरातन, जड हुन चाहे पनि अन्ततः यो पृथ्वीलाई सूर्यको वरिपरि घुम्नबाट रोक्न सक्दा रहेनछौँ । नेपाल र नेपाली समाजमा पनि उहिलेदेखि अहिलेसम्म समाज, संस्कृति, परम्परा र भूगोलको संरचनामा अनेक हेराफेरी हुँदै आएको छ । भोलि केके हुने हो, आज वर्तमानमा छौँ । वर्तमानलाई इलेक्ट्रोन र प्रोट्रोन भएर क्रिया र प्रतिक्रिया गति दिन नसके पनि न्युट्रोन भएर भार दिनु र गतिलाई स्वीकार्नुको विकल्प छैन ।

लोकसाहित्य क्रिया, प्रतिक्रिया गतिको यही वाहक पनि रहेछ, विम्ब पनि । अझ भनौँ गतिको मनोभूमि निर्माता । शास्त्रीयताका अभिजात बन्धनबाट मुक्त भोग, बोध वा जीवनका तीता, टर्रा आदि यावत् भारी बोक्नुको बोझबाट हल्का हुन आफूलाई पोख्छ लोक यसमा । जुन पोखाइमा उसका व्यष्टि, समष्टि, भूत र वर्तमानहरू आउँछन् आद्य टोटेम अनि दृष्टि, दृष्टिकोण, भाषामा, संस्कृतिमा, लोकसाहित्यमा । यसैले हामी यो ऐनामा हाम्रो विगत नियाल्छौँ वर्तमान स्याहार्छौं र भविष्यको बाटो तय गर्छौं । तर, जतिसुकै प्रिय भए पनि न बाल्यकालमा फर्कन सक्छौँ, न वर्तमानमा जमिरहन सक्छौँ । मात्र माया गर्छौं, यसैले बाल्यकालीन वेशभूषादिलाई पहिचान वा मायाको चिन्हो सुरक्षित राख्छौँ, कन्तुरमा पट्याएर । लोकवार्ताको क्षेत्रकार्य र यसको अध्ययन, विश्लेषण सत्यापनका आज डेलहाइम्सेली कथनको जाति तत्त्वदेखि रिचार्ड बाउम्यानको सम्पादन, हाउरी हाङ्काको पर्यावरणादि थुप्रै सिद्धान्त, पद्धति र प्रक्रियाहरू छन् । यहाँ नेपाली लोकसाहित्यको भण्डारका रूपमा रहेको मध्य तथा सुदूरपश्चिमका प्रायः पहाडी र बस्तीहरूमध्ये सल्यान जिल्ला परिसरका लोकगीत, लोककथा, लोकनाटक र केही उखान-टुक्का र गाउँखाने कथाहरूको विश्वविद्यालयीय परम्परित विधिद्वारा संकलन, व्याख्या र विश्लेषण गर्ने कार्य यस क्षेत्रको लोकसाहित्यको संकलन र अध्ययनमा संलग्न लेखक तथा कवि मनोहर लामिछानेबाट गरिएको छ, *लोकसाहित्य सामाजिक प्रतिविम्ब* शीर्षक पुस्तकमा ।

स्वतन्त्र संकलक र लेखक लामिछानेको लेखनमा पनि विश्वविद्यालयीय पद्धतिको प्रभाव छ । यसैले लोकसाहित्यको परिचयदेखि लोकसाहित्यको व्याख्यासम्म ६० पृष्ठको सैद्धान्तिक विवेचना खण्ड छ ।

आज विश्वविद्यालयीय अनुसन्धानात्मक समीक्षालाई लाग्ने गरेको रूढ सूत्रबद्धताको आरोपमा केही सत्यता भए पनि प्रभावपरक स्वच्छन्द अभिव्यक्तिका सट्टा विश्वव्यापी व्यवस्थित र अनुशासित पद्धतिको महत्त्व अरूभन्दा कम छैन ।

यसपछि लोकसाहित्यका विभिन्न विधाका संकलित सामग्रीको व्याख्या छ । 'जनयुद्ध र लोकसाहित्य'मा विचारभन्दा जनयुद्धकालको लोकसाहित्यको अवस्था र त्यस कालका लोकसाहित्यिक प्रस्तुत गर्न सके राम्रो हुने थियो । उद्देश्यमूलक प्रायोजित ढंगले कुनै व्यक्तिले कोठामा पसेर रचिएका नभई लोकद्वारा लोकमै स्वतःस्फूर्त रूपमा व्यक्त भएर लोकका हृदयमा बसी लोक प्रचलनमा जीवित साहित्य लोकसाहित्य हुनुको स्थापित मान्यता छ । जनयुद्धकालमा जनसेना र शान्तिसुरक्षा तथा अमनचैन दुवै धारबाट मारिएका करिब १५ हजारका आफन्त एवं त्यसबाट पीडित, प्रभावितहरूका अनुभव र अनुभूति पनि त्यस कालका लोकसाहित्यमा व्यक्त छन्, जसको खोजी आवश्यक छ ।

त्यस कालमा त्यसो त जनयुद्धकर्मीद्वारा लोकगीत, लोकनाटक, लोकगाथा र लोकसांस्कृतिक कार्यक्रमलाई जनचेतना विस्तारको माध्यम बनाइएको मात्र नभई सम्पूर्ण लोकसाहित्य र संस्कृतिलाई सामन्ती परम्पराको अवशेष भनेर बन्द गराएको पनि देखिन्छ । लोकसाहित्यमा वास्तवमा सामन्तभन्दा लोकको धुकधुकी बढी पाइन्छ । जस्तो कि, यही समाजको विषम सामाजिक संरचनाको विम्ब प्रस्तुत गर्न अघि सारिएको एउटा लोकगीत छ :

कोइ खान्या जरनको भात, कोइसँग कोद्या नाइँ
कोइ लाउन्या कम्पनी माला, कोइसँग पोत्या नाइँ ।

यो विषमता सल्यानी लोकजीवनका मुटुमा गढेको किला मात्र होइन, दैलेख-अछामजस्ता कतिपय ठाउँमा त पठान्तरसहित यसरी व्यक्त हुन्छ :

कसैती खुर्सानी छैन, कैकै घिअइ मस्त !

कसैका भागमा खुर्सानी छैन र कसैलाई घिउ नै बढी हुनुको विषमताबोध लोकले स्वयं गरेको हो । हो, त्यसो त कतैकतै 'विपत्तिमा झन् चम्कन्या ठूलाको प्रणाली' (योगी नरहरिनाथ, *इतिहास प्रकाश*-३, २०१३) जस्ता ठूला अर्थात् सामन्तवादकै गरिमा गायन गर्ने लोकसाहित्य र संस्कृति पनि छ, जसको विकल्पमा परिवर्तित परिस्थिति अनुरूपको नयाँ प्रगतिशील संस्कृतिको निर्माण भई त्यसले प्रभावकारी विकल्पको स्थान लिन नसकेको अवस्थामा सस्ता उपभोक्तावादी संस्कृतिले हाम्रा सम्पूर्ण सभ्यता, संस्कृतिलाई चाटेर एकछत्र प्रभुत्व कायम गर्ने खतरा छ । त्यसैले आज हाम्रा स्थानीय लोकसंस्कृतिको रक्षा आवश्यक छ र नै यो पुस्तकको औचित्य अझ बढी छ । ♦

*(**सच्याइएको** : गतांकको पृष्ठ २० को स्वास्थ्य सामग्रीमा 'नेपाली जीनको अवैध निकासी' हुनुपर्नेमा अन्यथा भएकामा सच्याइएको छ । - प्रधान सम्पादक)*

KMG
KANTIPUR MEDIA GROUP
गुनासो,
जानकारी,
परामर्श
सुझाव...
कान्तिपुर मिडिया ग्रुपको
सेवासँग सम्बन्धित केही
गुनासो गर्नुपरेमा वा
कुनै पनि सेवा सम्बन्धी
जानकारी चाहिएमा
नि:शुल्क टोल फ्रि
नम्बर मार्फत हामीलाई
सम्पर्क गर्नुहोला ।
नि:शुल्क टोल फ्रि नम्बर
1660 01 22222 NTC
9801 57 2222 Ncell
अथवा हामीलाई csd@kmg.com.np मा ईमेल गर्नुहोस् ।
KANTIPUR PUBLICATIONS PVT. LTD.
Radio Kantipur
KANTIPUR TELEVISION NETWORK (P) LTD.
KANTIPUR DIGITAL CORP
KANTIPUR FOUNDATION
A Philanthropic Initiative of Kantipur Media Group
कान्तिपुर
The kathmandupost
साप्ताहिक
नेपाल
नारी
WWW.EKANTIPUR.COM
सेवा समय – बिहान ६ बजेदेखि बेलुकी ६ बजेसम्म।
www.kmg.com.np

सम्झना

॥ विमल आचार्य

कदी : साले नम्बर ८६

कमल दीक्षित। महिना दिनअघि दिवंगत उनीबारे धेरैले धेरै कुरा लेखिसके। तैपनि, यो अनुच्छेद औपचारिक भूमिका नै भयो। केही न केही ऐतिहासिक तथ्य उद्घाटन गरेका अनुसन्धात्मक ६२ निबन्ध/प्रबन्ध पुस्तकका लेखक। *सूक्तिसिन्धु, जंगबहादुरको बेलाइत यात्रा, बुइँगल, वीरचरित्र*लगायत दुई दर्जन उस्तै पुस्तकका सम्पादक/भूमिका लेखक। नेपाली भाषाका दुर्लभ लेखोट तथा ३७ हजार पुस्तकका संग्रहक। ५७ वर्षदेखि निरन्तर *नेपाली* त्रैमासिकका संस्थापक/सम्पादक। धेरैओटा सर्वेक्षणले 'टप फाइभ' भनेका *आमाको सपना, घामका पाइलाहरू, माधवी, शिरीषको फूल, एब्स्ट्र्याक्ट चिन्तन प्याज*जस्ता पुस्तकलाई जन्मँदै चिनेर मदन पुरस्कारले प्रेरणा दिने निष्पक्ष 'न्यायाधीश'। समग्रमा भन्दा नेपाली भाषालाई संकलन गरेर हुन्छ कि, सम्पादन/प्रकाशन गरेर हुन्छ कि, लेखकहरूलाई पुरस्कार दिएर हुन्छ कि, यस्ता अनेक तरहले नेपाली भाषाको संवर्द्धन र प्रवर्द्धनमा अहोरात्र सक्रिय सिपाही। यहाँ नेपाली भाषा भन्नाले नेपालमा बोलिने सबै भाषा भनिएको होइन, केवल यो लेख लेखिएको भाषाका संरक्षक।

दीक्षितले विसं ०१६ देखि एउटा पत्रिका निकाल्न सुरु गरे, *नेपाली* त्रैमासिक। अहिलेसम्म यसका २ सय २५ अंक छापिइसकेका छन्। सुरुमा तीन अंकसम्म कदीले यसमा कविता पनि छापे। बालकृष्ण समका कविता। तर, पछि उनलाई के लाग्यो भने त्यतिबेलाका सबैजसो पत्रिकामा कि कविता कि त कथा मात्रै छापिएका हुने। उनलाई अनुसन्धानमूलक लेख/निबन्ध लेखिनु/छापिनुपर्छ भन्ने लाग्यो। र, सूचनै निकाले, '*नेपाली*मा कथा र कविता छापिँदैन।'

सूचना छापिएपछि काल्पनिक कहानी लेखनी गर्ने केही साहित्यकारहरू तर्सिए र तिनले कथा-कविता पनि छाप्न आग्रह गरे। तर, कदीको जोड के रह्यो भने, कथा-कविता छाप्ने पत्रिका धेरै छन्, *नेपाली*ले यथार्थ सूचना र ज्ञान पस्किनुपर्छ। अनुसन्धान, अभिलेख, सम्भाषण, पर्चा-पम्प्लेट, चिट्ठी, निमन्त्रणा (पारिवारिक नै पनि) जस्ता ताथ्यिक महत्त्वका 'जे पायो त्यही' (जेपीटी) छाप्नुपर्छ। यसरी *नेपाली* साहित्यिक पत्रिकाबाट जेपीटी जर्नलमा रूपान्तरित भयो। जेपीटी किन भने यसमा कथा-कविता छापिएन मात्र होइन, कथा-कविताबाहेक जे पनि छापियो। समीक्षा, निबन्ध, यात्रा, जीवनी, संस्मरणदेखि कानुन, दर्शन, कृषि, विज्ञान जे पनि छापियो र यो भयो- इन्टरडिसिप्लिनरी जर्नल। कदीका शब्दमा हातहातै नबिक्ने छाप्नलाई मात्र छापिने नपढिने रुखो *नेपाली*लाई कसले विज्ञापन दिने ? विज्ञापन माग्दा पनि नपाएपछि ठूलो कुरा किन नगर्ने भनेर उनलाई जङ चल्यो। र, उनले फेरि सूचनै छापे, '*नेपाली*मा विज्ञापन लिइनेछैन।'

कथा र कविता नछाप्ने भनेपछि उनलाई तीन महिनामा पनि ४० पृष्ठ भर्न गाह्रो भयो। तर, अहिले हेर्दा उनको निर्णय ठीक थियो। काल्पनिकीको सट्टा त्यसमा यथार्थिक-ताथ्यिक सामग्री छापिए। पेज भर्नकै लागि छापिएका हावादारी चिट्ठी र भाषणहरू त्यतिबेला कम महत्त्वका भए पनि अहिले ती पढेर हामी तत्कालीन समाज, शासन, सम्बन्ध, चिन्ता र चिन्तन पहिचान्न सक्छौं।

दाइ जंगबहादुर राणाले आफ्ना भाइ कायममुकायम प्रधानमन्त्री बमबहादुरलाई बेलायतबाट लेखेको चिट्ठी *नेपाली*मै छापिएको छ। राजा त्रिभुवनका पिता पृथ्वीले चन्द्रशमशेरलाई 'माइ डियरेस्ट महाराजा मामा' सम्बोधन गरी नेपालीमा लेखेको चिट्ठी पनि *नेपाली*मै छ। १९९७ सालमा जेलमा सँगै बसेका पुष्करनाथ पन्त (डोटी)लाई जिउँदो सहिद रामहरि शर्माले लेखेको पारिवारिक चिट्ठी पनि कम महत्वको छैन। सत्ताबाट हट्दा जुद्धशमशेरले ००२ मा दिएको अन्तिम शासकीय भाषण पनि नेपालीमै पढ्न पाइन्छ। कथा र कविताभन्दा यस्ता अभिलेखीय सामग्री छाप्ने *नेपाली*को योगदान नेपालीमा *शारदा* र *रूपरेखा*भन्दा कम छैन।

कदीले भनेथे, 'मेरा किताब कसैले पढ्दैन किनकि ती कुनै कथा, उपन्यास होइनन्। किताब नै लेख्छु भनेर मैले एकैचोटि लेखेको पनि हैन। फुटकर रूपमा लेख्दै-छाप्दै गरेर पछि संकलन गरिएका हुन्।' कदीको यो भनाइले धेरै संकेत गर्छ। साहित्यकार

परिचय कोश पुस्तक निकाल्दा पाँच हजार पृष्ठले पनि नपुग्ने देशमा साहित्यिक/ऐतिहासिक अनुसन्धानात्मक लेखनीले पाँच जना पाठक पाउन पनि मुस्किल हुनुले हाम्रो जग कति गहिरो र त्यसमाथि उठेको घर कति दरिलो छ भन्ने बोल्छ ।

हामी कदीलाई उनले लेखेका भन्दा सम्पादन गरेका र भूमिका लेखेका पुस्तकबाट बढी चिन्छौँ । *घुम्ने मेचमाथि अन्धो मान्छे*मा भूपी शैलीमै उनले लेखेको भूमिका होओस् या *सेतो बाघ*मा । *सेतो बाघ*को भूमिकाका कारण त दरबारमा टिप्पणी नै उठेछ, साझा प्रकाशन सरकारी अनि त्यहीँबाट सरकारविरोधी पुस्तक छापियो भनेर । कदीले बडो चलाखीसाथ लेखेको भूमिकाका कारण उनी जोगिए । गोर्खा भाषा प्रकाशिनी समितिको उत्तराधिकारी साझाका पहिलो अध्यक्ष उनले भूमिका लेख्दै पुस्तक छाप्दै गरे त्यहाँबाट । 'लाइब्रेरी भ्यालु'का पुस्तक आफ्नो जगदम्बाबाट र 'मार्केट भ्यालु' भएका पुस्तक साझा प्रकाशनबाट छापे । निजी संस्थाभन्दा सार्वजनिक संस्थालाई बढी दरिलो र भरिलो बनाउनुपर्छ भन्ने ठानेको देखिन्छ उनले । चिन्दै नचिनेका, भेट्दै नभेटेका लेखक रणशूर लिम्बूको *बर्माको सम्झना* (०१८), लीलबहादुर क्षत्रीको *बसाइँ* (०१४) उनैले साझा नजन्मिँदै छापिदिए जगदम्बाबाट ।

*गोरखापत्र*को पहिलो अंक 'नेपाल सम्वत् १९५८ मिति ज्येष्टवदी ३ सोमबार' (१९५८ वैशाख २४) निस्केको भनेर कदीले नै पत्ता लगाएका हुन् । त्यसभन्दा अघि वैशाख १ गते वर्ष फेर्थ्यो *गोरखापत्र* । *गोरखापत्र*बारे उनका *कागतीको सिरप* (०२६), *चार कन्था* (०५३), *शाखासन्तान* (०६१) पुस्तक विशेष पठनीय छन् ।



अहिलेको विशाल पुस्तकालय र सम्मोहनकारी पुरस्कारको रचनागर्भ पनि कम्ती रोचक छैन । दरबार स्कुलमा पढ्दा कदी दिनको आठ पैसा खाजा खर्च पाउँथे । त्यही पैसा जम्मा गरेर उनले पुस्तक किन्न थाले । 'कमलको नेपाली संग्रह' भनेर रबर स्ट्याम्प नै बनाए । असनमा रहेको मानदास (चित्तधर) मानन्धरको पुस्तक पसलबाट उनले बढी किताब बटुले । भनेका छन्, 'पुस्तकालयमा ल्याएर राख्नलाई मैले धेरै लेखोट चोरेको, मागेको, पैँचो लिएको र नफर्काएको पनि छ ।'

च्वाँचे/चण्डालमणि (एक जर्नेलले उनलाई दिएको नाउँ)ले पुरस्कारका लागि गरेको चलाखी पनि कम्ती रमाइलो छैन । केटौले जोसका उनले आफ्नो १० हजार रुपियाँ हालेर आफ्नी आमाका नाममा 'विद्यादेवी नेपाली निबन्ध प्रतियोगिता' आयोजना गरे । जित्नेलाई १ सय २० रुपियाँ दिइने भयो तर एकैपटक होइन, प्रत्येक महिनामा १०/१० रुपियाँ गरेर १२ महिनामा दिइसक्ने । कदीकै शब्दमा 'सम्पादक बाजे' प्रेमलाल पौडेलले *गोरखापत्र*मा पहिलो पृष्ठमा समाचार मात्र छापिदिएनन्, सम्पादकीयसमेत लेखेर प्रशंसा गरिदिए । कदीका बाबुले जगदम्बालाई *गोरखापत्र* देखाएर, 'नजर होओस् त, यस्तो फुच्चेको यत्रो तारिफ ! रानीसाहेबले नै केही गरिबक्से झन् कत्रो तारिफ होला !' भनेर उक्साएको परिणाम नै आज हाम्रा धेरै लेखकको ८ हजार ८ सय ४८ मिटरको गन्तव्य-उचाइ अर्थात् अन्तिम इच्छा भइदिएको छ, मदन पुरस्कार ।

> **"नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान स्थापना र कमलमणि संस्थाकरण भएको लगभग सँगसँगैजस्तो हो । दुवै संस्थाको क्षेत्र उही भाषा-साहित्य । आज कमलादी कहाँ छ भने कमल-दी कहाँ ?"**

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान स्थापना र कमलमणि संस्थाकरण भएको लगभग सँगसँगैजस्तो हो । अलिकताले मदन पुरस्कार/पुस्तकालय जुम्ल्याहा जेठो/जेठी हो । दुवै संस्थाको क्षेत्र उही भाषा-साहित्य । आज कमलादी कहाँ छ र कमल-दी कहाँ ? प्राज्ञिकता र विश्वसनीयतामा कमलादीको ओरालो यात्रा र कमल-दीको विस्तारित, व्यवस्थित, संगठित र उल्लेखनीय उकालो यात्राबारे बिनापूर्वाग्रह विवेचना किन गर्दैनौँ हामी ? हाम्रो तिरोबाट बाँडिने/चल्ने कमलादीका भागबन्डे पद, पुरस्कार, पुस्तकालय, प्रकाशन, प्राज्ञको गरिमा कस्तो छ ? पाँच लाखको पृथ्वी प्रज्ञा पुरस्कार र दुई लाखको मदन पुरस्कार दुवै पाएका क्रान्तिकारीदेखि मण्डले लेखकसम्मले पनि 'तपाईंले पाउनुभएको ठूलो पुरस्कार ?' भनेर सोध्दा मदन पुरस्कार नै भन्छन्, पृथ्वी प्रज्ञा पुरस्कारको नाम लिँदैनन् । किन ?

मैले कदीलाई सोधेथेँ, 'मदन पुरस्कार पुस्तकालयमा पहिले ज-जसले आफ्ना किताब दिए, अहिले उनीहरूले नै हेर्नसमेत पाउँदैनन् रे ! जो-कोहीलाई सहज पहुँच छैन, किन ?' उनले भनेका थिए, 'मदन हाम्रो पुस्तकालयभन्दा बढी अभिलेखालय हो । राष्ट्रिय पुस्तकालय, केशर पुस्तकालय, राष्ट्रिय अभिलेखालय, प्रज्ञा पुस्तकालय, त्रिवि पुस्तकालय व्यवस्थित नभएरै हामीलाई बढी व्यवस्थित हुनुपरेको हो । कत्रो महत्त्वका, संसारभरि नै एक प्रति मात्रै भएका लेखोटलाई पीपलबोटमा बसेर पत्रिका पढेजस्तो सजिलो बनाइदियो भने कति दिन जोगिन्छ ?'

हुन पनि हो, हाम्रा धेरै पुस्तकालय बोरामा छन् अझै । हामीलाई थाहै छ, केशर पुस्तकालयबाटै कति पुस्तक हराए ? त्रिवि पुस्तकालयका कति किताब प्राध्यापकले पचाए ? संसद् पुस्तकालयका कति पुस्तक सांसद-कर्मचारीले झ्याप पारे ? यहाँ कतै नपाइने अभिलेख अमेरिका र युरोपका पुस्तकालयमा कसरी पुगे ? हाम्रा सन्धि, अभिलेख र पत्रको सक्कल कपी खोज्न अमेरिका-युरोपका पुस्तकालय धाउनुपर्ने कति लाजमर्दो बेवास्ता/व्यवस्था छ हामीसँग !

अब अलिकति आफ्नो कुरा । त्रिचन्द्र कलेजमा पढ्दा विभागबाट वार्षिक रूपमा प्रकाशन हुने *आकुञ्चन*को सम्पादन गर्ने मौका जुरेको थियो मलाई । खै, मेरो खप्परमा के-के अन्टसन्ट फुर्छ बेलाबेला । मैले पाँच जना ज्येष्ठ-श्रेष्ठ विधानायक छानेँ र घरघरै पुगेर अन्तर्वार्ता गरेँ । आवरणमा छापियो- उपन्यासशमशेर राणा, कविताप्रसाद घिमिरे, नाटकबहादुर मल्ल 'गोठाले', निबन्धचन्द्रसिंह प्रधान र साहित्यिकसंस्थामणि दीक्षितसितका निवार्ता । अब यीमध्येका एक मात्र जीवित छन् र सबैभन्दा कान्छा पात्र थिए, कदी ।

कदीको हास्यचेत पनि तीक्ष्ण थियो । अनुसन्धानजस्तो रुखो विषयलाई कसरी पढूँपढूँ बनाउने भन्ने प्रश्नको जवाफ पनि कदी नै हुन् । उनी ०१५ मा धनकुटा गएका थिए । त्यहाँ उनलाई सोधियो, 'कुन साले पर्नुभो तपाईं ?' कदी अकमक्क परे । अनुहार हेर्दा र सोधाइको लबज सुन्दा बडो विनम्रता झल्किन्छ तर पहिलो भेटमै 'कुन साले' भन्छ यार ! कदीलाई हुनुसम्म तनाव भो !

कुरो बुझेपछि उनले भने, 'म ८६ साले, साले नम्बर ८६ । अनि, हजुरचाहिँ फेरि कुन साले पर्नुभो नि ?' ◆

पोकेमनले ल्यायो नयाँ गेम



स्मार्टफोन प्रयोगकर्ताका लागि पोकेमनले नयाँ गेम पोकेमन डिउल ल्याएको छ । यो नयाँ गेम पोकेमनले नै ल्याएको अघिल्लो गेम पोकेमन गोबाट प्रभावित छ । तर, यो खेल्ने तरिका भने बिलकुल फरक छ ।

सबैभन्दा पहिला आफ्नो पोकेमन टिम बनाउनुपर्छ । यसमा पोकेमनका विभिन्न ६ वटा फिगर हुन्छन् । यिनको आफ्नै तागत र क्षमता हुन्छ । यो खेलको मुख्य उद्देश्य एउटा खेलाडीले आफ्नो पोकेमन टिम बनाएर अर्काको क्षेत्रमा प्रवेश गर्नु हो । साथै, अर्को खेलाडीको पोकेमन टिमलाई आफ्नो क्षेत्रमा प्रवेश गर्नबाट रोक्नुपर्छ । अर्काको क्षेत्रमा प्रवेश गर्ने एउटा निश्चित रूट हुन्छ । र, आफ्नो पोकेमन त्यो रूट भएर अर्काको क्षेत्रमा प्रवेश गर्न जाँदा युद्ध हुन्छ । त्यसैले पोकेमनको कुन फिगरलाई कतिबेला बनाउने र कुन रूटबाट अर्काको क्षेत्रमा पठाउने भन्नेमा निकै दिमाग खियाउनु पर्छ ।

गत वर्ष पोकेमन गो सबैभन्दा बढी रूचाइएको मोबाइल गेम थियो । सन् २०१६ मा मात्रै यसले करिब एक अर्ब डलर कमाएको थियो । अहिले आएको नयाँ मोबाइल गेम पोकेमन डिउल पनि रूचाइने अनुमान छ ।

यसकारण पड्कियो नोट सेभेन

सन् २०१६ सामसुङका लागि निकै खराब रह्यो । सामसुङको नोट सेभेन स्मार्टफोन अहिलेसम्मकै सबैभन्दा खराब प्रोडक्ट साबित भएको छ । नोट सेभेनको दुर्घटनाबाट सामसुङले कम्तीमा १ खर्ब ७० अर्ब डलर भन्दा बढीको नोक्सानी बेहोरेको अनुमान छ ।



१० माघमा मात्रै सामसुङले यो दुर्घटना हुनुको कारण सार्वजनिक गरेको छ । अनुसन्धानकर्ता र इन्जिनियरहरूको टोलीले यो कुरा पत्ता लगाउन दुई लाख नोट सेभेन स्मार्टफोन र ३० हजार ब्याट्री जाँच गरेको थियो । अनुसन्धानबाट नोट सेभेनको ब्याट्रीभित्रको इलेक्ट्रिक सर्किटमा भएको त्रुटिका कारण पड्किने समस्या आएको देखिएको छ ।

नोट सेभेन पड्किने समस्या बाहिर आएलगत्तै सामसुङले ब्याट्री परिवर्तन पनि गरेको थियो । तर, ती दोस्रो लटका ब्याट्रीमा भने बेग्लै त्रुटि थिए, जसका कारण नोट सेभेन पड्किने समस्या समाधान भएन । उत्पादन गर्दाका त्रुटिका कारण ती ब्याट्रीका इन्सुलेसन लेयर च्यातिएर भित्रै सर्ट सर्किट भयो । यसरी सामसुङले एक लटका खराब ब्याट्री साटेर अर्को खराब लट ल्याएका कारण यो दुर्घटना भएको हो ।

यो दुर्घटनाको अनुसन्धानको जिम्मा सामसुङले तीन प्राइभेट कम्पनीलाई पनि दिएको थियो । र, सबैबाट एउटै निष्कर्ष निस्किएको छ । यसपश्चात् सामसुङले अबका उत्पादनको ब्याट्रीलाई आठ फरक तरिका र बिन्दुमा जाँच गरेर मात्रै बजारमा ल्याउने तयारी गर्दै छ ।

अब माइक्रोसफ्टको सर्फेस फोन

माइक्रोसफ्टले यसै वर्ष विन्डोज अपरेटिङ सिस्टम (ओएस) चल्ने सर्फेस फोन ल्याउने तयारी गरेको छ । पहिला पनि माइक्रोसफ्टले विन्डोज ओएसमा चल्ने फोनहरू बजारमा ल्याएको थियो । तर, स्मार्टफोनमा विन्डोज ओएस चलाउन एन्ड्रोइड वा आईओएस जति सजिलो नभएका कारण त्यसले राम्रो बजार लिन सकेन । तर, अब आउने सर्फेस फोनले भने आईफोन र एन्ड्रोइड स्मार्टफोन सबैलाई ठूलै चुनौती दिने अनुमान छ । किनभने, यसमा विन्डोज टेन प्रयोग हुँदै छ । र, कम्प्युटरमा चल्ने विन्डोज टेनमा आधारित जुनसुकै एप सर्फेस फोनमा पनि चल्ने बताएको छ ।

सर्फेस फोन दुई, ६ वा आठ जीबी र्‍याममा उपलब्ध हुनेछन् । र, यसमा ३२



आयो मारुती इग्निस

मारुती सुजुकीले भारतीय बजारमा नयाँ कार मारुती इग्निस लन्च गरेको छ । ह्याचब्याक वर्गमा पर्ने यो सन् २०१७ मा मारुती सुजुकीले ल्याएको पहिलो कार हो । डिजेल र पेट्रोल दुवै इन्जिनमा उपलब्ध यो कारको मूल्य ४ लाख ५९ हजार भारतीय रुपियाँबाट सुरू छ ।

यो कारको डिजेल र पेट्रोल संस्करणमा फरक क्षमताका इन्जिन प्रयोग भएका छन् । मारुती इग्निस डिजेलमा १३ सय र पेट्रोलमा १२ सय सीसीको इन्जिनमा उपलब्ध छ । म्यानुअल र अटोमेटिक दुवै किसिमका ट्रान्समिसनमा उपलब्ध मारुती इग्निसमा पाँच गियर छन् ।

माइलेजका हिसाबमा पेट्रोलभन्दा डिजेल इन्जिन किफायती मानिन्छ । औसतमा इग्निसको डिजेल इन्जिनले २६ र पेट्रोल इन्जिनले २० किलोमिटर प्रतिलिटरको माइलेज दिने अनुमान छ । मारुती इग्निजमा एन्टिलक ब्रेकिङ सिस्टम, पावर स्टेरिङ, एयर ब्यागलगायत आधुनिक कारमा हुने थुप्रै फिचर छन् । र, यसमा चालकसहित पाँच जनाका लागि सिट छ ।

देखि ५१२ जीबीसम्म आन्तरिक मेमोरी हुनेछ । स्क्रिन साइज अहिले नै यकिन नभए पनि यसको स्क्रिन र डिस्प्लेमा अरूमा नभएका नयाँ फिचर रहने अनुमान छ । त्यस्तै यसको ब्याट्री, क्यामेरा र बाह्य डिजाइनले अन्य जुनसुकै स्मार्टफोनलाई गतिलै चुनौती दिनेछ । यसका फिचरबारे अहिले जे जति चर्चा चलेका छन्, यदि ती सबै साँचो हुन् भने लन्च हुँदा सर्फेस फोन यस वर्षको सबैभन्दा उत्कृष्ट स्मार्टफोन बन्न सक्नेछ ।

लिङ्कडइनमा परिवर्तन



बिजनेस र रोजगारीसँग सम्बन्धित सोसल नेटवर्क लिङ्कडइनले आफ्नो डिजाइन परिवर्तन गरेको छ । नयाँ डिजाइनमा प्रयोगकर्तालाई एकापसमा घुलमिल हुन र चलाउन पनि सजिलो बनाइएको छ । डेस्कटप अर्थात् वेब भर्सनमा आएका यी परिवर्तनले लिङ्कडइनका प्रयोगकर्ताको संख्या उल्लेख्य मात्रामा बढाउने अनुमान गरिएको छ ।

लिङ्कडइनका फिचर चलाउनका लागि निकै सरल ट्याब राखिनु नै यो नयाँ डिजाइनमा आएको मुख्य परिवर्तन हो । प्रयोगकर्ताका न्युजफिडमा उनीहरूसँग सम्बन्धित पोस्ट देखाउनका लागि लिङ्कडइनले नयाँ एल्गोरिदम प्रयोग गरेको छ । सर्च अप्सन र म्यासेजिङमा आएका परिवर्तन प्रयोगकर्ताले सबैभन्दा रुचाउने खालका छन् । लिङ्कडइनमा अब अन्य प्रयोगकर्ता र कम्पनीका प्रोफाइल, नयाँ रोजगारीका अवसरलगायत अन्य सर्च सीधै सर्च बक्सबाट गर्न सकिनेछ । त्यस्तै यसको म्यासेजिङ फेसबुकको म्यासेन्जर जस्तै छ । अर्थात् न्युज फिडमै रहेर पनि अरूलाई म्यासेज गर्न वा च्याट गर्न मिल्नेछ ।

गत वर्ष माइक्रोसफ्टको स्वामित्वमा आएपछि लिङ्कडइनले प्रयोगकर्ता रिफाउन नयाँ नयाँ उपाए रच्दै छ । र, चाँडै नै आर्टिफिसियल इन्टेलिजेन्समा आधारित फिचर थप्ने घोषणा पनि गरेको छ ।

संयोजन : ज्ञानेन्द्र आचार्य

अक्करमा ट्र्याक्टर



विमल खतिवडा

चितवनलाई जति सुगम जिल्ला मानिन्छ, भौगोलिक विकटताले त्यति नै यसलाई दुर्गम बनाएको छ । यहाँ पहाडी गाविस आठवटा छन् । अधिकांश गाउँमा मोटरबाटो निर्माण गरिएको छ । तर, ती सबै मोटरबाटोमा सहज रूपमा यातायातका साधन चल्दैनन् । ट्र्याक खोलिएका मोटरबाटोमा समेत अहिले ओहोरदोहोर गर्न समस्या छ ।

फिस्लिङदेखि शक्तिखोर जोड्ने ४७ किलोमिटर सडकको ट्र्याक खुलेको तीन वर्षभन्दा बढी भयो । तर, यो सडकमा अहिले कतै/कतै मात्र गाडी चल्छन् । जिल्ला प्राविधिक कार्यालयको ग्रामीण पुनःनिर्माण तथा पुनःस्थापना कार्यक्रम अन्तर्गत १५ करोड ४५ लाख २१ हजार १ सय ५५ रूपियाँ खर्च भएको छ । यही मोटरबाटो निर्माणका क्रममा ढुंगा बोक्न पुर्‍याइएको ना३त ६९६९ नम्बरको ट्र्याक्टर बाटैमा अड्किएको छ । मोटरबाटो बन्दै गर्दा पुगेको ट्र्याक्टर त्यही बाटो बन्द भएपछि फर्कन सकेन र फिस्लिङ-शक्तिखोर ग्रामीण सडक अन्तर्गत चण्डीभञ्ज्याङ-१, बयरडाँडामा अड्किएको छ ।

अहिले त यो ट्र्याक्टर बालबालिकादेखि वृद्धवृद्धासम्मको रमाउने साधन बनेको छ । "घरछेउमा यो मोटर रोकिएको वर्षौं भयो," ट्र्याक्टरमा चढेर रमाउँदै गरेका हर्कबहादुर चेपाङ, ७३, भन्छन्, "सडक भत्किएर फिर्ता जान सकेन, हाम्रो मोटर चढ्ने धोको यसले पूरा गरिदिएको छ ।" ◆



विश्रामको खोजी

कुनै समय थियो, दयाहाङ राईलाई फिल्म पाउनै महाभारत थियो । सहायक भूमिका भेटे पनि मक्ख पर्थे । तर, लुटपश्चात् ठ्याक्कै उल्टो भयो । अफर यति आउन थाल्यो कि उनी आफैँलाई दिक्क लाग्न थाल्यो । तैपनि, 'राजेश हमाल स्टाइल'मा भ्याएजति खेल्न थाले । पारिश्रमिक आठ लाख रूपियाँसम्म पुऱ्याए । *कबड्डी* र यसको सिक्वेलपछि उनको भाउ झन् बढ्यो तर हरेक भूमिकालाई जीवन्तता दिन यथेष्ट गृहकार्य गरेर मञ्चमा उभिने पृष्ठभूमिका दयाहाङलाई अब भने साँच्चै विरक्त लाग्न थालेछ आफ्नो काम र व्यस्ततादेखि । *लुट २, लप्पन-छप्पन, लाल्टिन, ह्याप्पी डेज*लगायतका आधा दर्जन फिल्म त रिलिज हुनै बाँकी छ । *ह्याप्पी डेज*को सुटिङ अनि *सेतो सूर्य* र *पुरानो डुंगा*को सोका कारण बेलायत, अस्ट्रेलिया, हङकङ ओहोरदोहोर गर्नुपर्दा धपेडी झन् बढ्यो । सोही कारण यतिबेला उनी विश्रामको खोजीमा छन् । गोफ्ले, काजीजस्ता चरित्रबाट चिनिएका यी अभिनेताले भने, "कति भूमिका मन परेर, कति सम्बन्ध जोगाउन त कति पैसाका लागि खेल्नुपर्ने बाध्यता आइलायो । अबचाहिँ केही समय 'रिफ्रेस' हुन्छु ।" ◆

'ट्र्याक चेन्ज'

सत्य हो, स्टारडममा रेखा थापालाई पल्टाउन सक्ने अरू हिरोइन जन्मिएका छैनन् । सत्य यो पनि हो, फिल्ममा रेखाको क्रेज दिनानुदिन ओरालो झरिरहेको छ । एकै शैलीका फिल्म र भूमिकामा रम्दै गएपछि उनका 'हार्डकोर' फ्यान बिच्किन लागेका हुन् । दर्शकको परिवर्तित मनोकांक्षालाई सम्बोधन गर्न नसकेको गुनासो छ उनीसँग । सायद यही हेक्का भएर होला, माओवादी केन्द्र छोडेर नयाँ पार्टी राप्रपा नेपाल रोजेसँगै फिल्मको निर्देशक र हिरो पनि नयाँ नै रोजेकी छन् । उनले आगामी फिल्म *रूद्रप्रिया*को निर्देशकमा सुदीप भूपाल सिंह अनि अभिनेतामा अर्पण थापा र सुदर्शन थापालाई रोजेकी छन् । सुदीप, सुदर्शन र अर्पण खास गरी सहरिया पुस्तामाझ प्रिय मानिन्छन् । अर्थात्, उनले सबिर श्रेष्ठ मार्काका निर्देशक र सबिन श्रेष्ठ, किशोर खतिवडा मार्काका हिरोलाई छोडेर 'ट्र्याक-चेन्ज' गरेकी छन् । *रूद्रप्रिया*का लागि घोषणा गरिसकेको *फेरि कसले चोऱ्यो मेरो मनलाई* थाती राखेकी छन् । अब के बदलिएको पार्टी र फिल्मी बाटो रेखाका लागि सुखद होला त ? ◆

तस्बिरहरू : महेश प्रधान

घैंटोमा घाम लागेपछि...

करिअर सुरू गर्दा सुरविना कार्कीलाई लाग्थ्यो, जति कामुक भएर र द्वैअर्थी संवादसहित पर्दामा प्रस्तुत भइन्छ, त्यति धेरै हिट भइन्छ । डेब्यु फिल्म *झेली* यही सोचको परिणाम थियो । तर, जसै यो फिल्म प्रदर्शन भयो, उनको भ्रम पनि तोडियो । *झेली*ले दिएको सिर्फ एउटै हो, चौतर्फी गाली र गाली । *नाइके*, *सुश्री* र *लुकामारी*बाट आफ्नो धमिलिएको छवि सुधार्ने प्रयत्न गरिन् तर समय घर्किसकेको थियो । कुनै राम्रा ब्यानरले पत्याएनन्, कति गिनेचुनेका अभिनेता उनीसँग काम गर्न अप्रत्यक्ष रूपमा अस्वीकार नै गर्थे । यसरी फिल्मबाटै पलायन हुने अवस्था आएपछि सुरविनाको घैंटोमा घाम लागेको छ । उनी अभिनय प्रशिक्षणका लागि मुम्बई पुगेकी छन् । त्यहाँको अनुपम खेर स्टुडियोमा क्लास लिएको अपडेट उनको *फेसबुक* वालमा नियमित देख्न पाइन्छ । मुम्बईबाट अभिनयको बुटी लिएर आएपछि सुरविनालाई काम गराउन निर्माता/निर्देशकबीच हानथाप होला त ? समयले नै बताउला । तर, देखिसकेको कुराचाहिं, यसअघि मुम्बईमा छोटा पहिरन लगाएर फोटोसुट गराउँदा माखो मरेको थिएन । ◆

जताततै खाली हात

चलेको स्टारसँग फिल्म खेल्न पाउँदा को-एक्टरलाई फाइदा नै हुन्छ । प्रमोसन र पारिश्रमिक त बढ्छ नै, सँगै धेरैको नजरमा पनि परिन्छ । त्यसैले त *किङ*मा एक्सन स्टार निखिल उप्रेतीसँग जोडी कस्न पाएपछि बेनिशा हमालको भुइँमा खुट्टो थिएन । निखिलका पछिल्ला फिल्म *भैरव* र *लुटेरा*ले बक्स अफिसमा कमाल मच्चाएकाले पनि बेनिशा फुरुंग थिइन् । तर, उनले हेक्का नगरेको पाटो के थियो भने ठूलो स्टारसँग काम गर्दा आफू छायामा पर्ने खतरा पनि हुन्छ भन्ने । उनको सवालमा त्यस्तै भइदियो, न *किङ*को प्रमोसनमा उनलाई प्राथमिकता दिइयो, न फिल्मले मनग्य पैसा नै कमायो । २८ पुसमा प्रदर्शित यस फिल्मले लगानीसमेत जोगाउन सकेन । त्यसमाथि पहिल्यै घोषणा गरिएको *ब्लाइन्स रक्स*को छायांकनको पत्तो छैन । अब त म्युजिक भिडियोका लागि पनि रोजाइमा पर्न छाडेकी छन् बेनिशा । अर्थात्, जताततै खाली हात । ◆

मात्र स्टारडम



फिल्म ● रइस

*ह्याप्पी न्यु इयर*यता बलिउडका बादशाह शाहरुख खानका फिल्मले न यथेष्ट दाम कमाएका छन्, न दर्शकको माया नै । *दिलवाले* र *फ्यान*पछि यही कोटिमा मिसिन आइपुगेको छ, *रइस* । फिल्मलाई राहुल धोलकियाले निर्देशन गरेका हुन्, जसमा शाहरुखलाई गुजरातका नामुद रक्सी माफियाका रूपमा देख्न पाइन्छ । यसको कथा कुख्यात अपराधी अब्दुल लतिफको जीवनमा आधारित भनिए पनि निर्माण पक्षले 'पूर्ण काल्पनिक' भएको दाबी गरेको छ । संवाद भने चोटिलो छ ।

गरिब परिवारमा हुर्किएको रइस (शाहरुख) बच्चैदेखि रक्सीको धन्दामा संलग्न हुन्छ । उसको स्कुल ब्यागमा किताब होइन, रक्सीको बोतल हुन्छ । जवान भएपछि उसलाई आफैँ धन्दाको मालिक बन्ने हुटहुटी चल्छ । उसको धन्दा सबैभन्दा अगाडि भएकै बेला प्रहरी अधिकृत मजुम्दार (नवाजउद्दिन सिद्धिकी) गुजरातमा खटिन्छन् । निष्ठावान् मजुम्दार जसरी पनि रक्सीको माफियालाई सिध्याउने अभियानमा सक्रिय भएकै बेला रइस संकटमा फस्छन् । स्थानीय चुनाव पनि जितिसकेको रइस एसपी मजुम्दारको पन्जाबाट उम्केलान् त ? क्लाइमेक्स यसकै वरपर घुमेको छ ।

सन् '८० को दशकको कथा हो *रइस* । पात्रहरूको भेषभूषा, बोल्ने शैली, गाडीको आकृतिलगायतका पक्षबाट तत्कालीन समयको झल्को हुन्छ । तर, कथामा जुन रोचकता चाहिने हो, त्यो सुरुबाटै गडबड भएको छ । रइसको बाल्यकालमा खिचिएका दृश्य आफैँमा सशक्त छन् तर त्यसलाई आत्मसात् गर्न नपाउँदै निर्देशक उनलाई जवानका रूपमा देखाउन हतारिएका छन् । भर्खर नाचिरहेकी रइस-पत्नी आशिया (माहिरा खान)को काखमा एक्कासि बच्चा देखिन्छ । न उनीहरूको रइस र माहिराकै सम्बन्धलाई आत्मीय रूपमा पर्दामा पस्किएको नै छ ।

क्राइम-थ्रिलर विधाको भएपछि हरेक दृश्यमा कौतूहल थप्नु निर्देशकको मुख्य जिम्मेवारी र धर्म हुन्छ । यसो हुँदा कथा र पात्रतिर दर्शक तानिन्छन् तर विडम्बना ! यसका लागि निर्देशकले कुनै विशेष 'ट्रिटमेन्ट' गरेका छैनन्, सिर्फ शाहरुखको स्टारडममा भर परेका छन् । 'ब्याट्री' भन्नासाथ शाहरुखमा एकाएक देखिने आक्रोश र आवेग पनि विश्वसनीय लाग्दैन । रइसको रसायन न आशियासँग जर्बजस्त लाग्छ, न एसपी मजुम्दारसँग नै । शाहरुखले आफ्नो पात्रलाई जीवन्त बनाउन नवाजउद्दिन जतिको 'होमवर्क' गरेको पनि महसुस हुन्न ।

मनोरञ्जनको पूर्ण प्याकेजका रूपमा रइसको पूर्ण प्याकेजका रूपमा रइसको प्रमोसन गरिएको थियो । रक्सी आफैँमा बिकाउ विषय भइहाल्यो । त्यसमाथि सन्नी लियोनको आइटम डान्स । तर, कथालाई मार्मिक र विश्वसनीय बनाउन मात्र होइन, सन्नीको कामुकतालाई 'क्यास' गर्न पनि निर्देशक चुकेको भान हुन्छ । माथि गोली हानाहान भइरहेको हुन्छ, तल सन्नी मस्त नाचिरहेकी हुन्छिन् । रइस र आशियाको मनमुटाव परेको मिनेट बित्न नपाउँदै रोमान्टिक गीत घुसाइएको छ । यस्ता बेमेल दृश्यको चाङ छ *रइस*मा । तत्कालीन समयको अपराधको 'नेक्सस' बुन्न भने निर्देशक केही हदसम्म सफल भएका छन् ।

शाहरुखका अघिल्ला फिल्ममा झैँ मुखमा झुन्डिने खालका गीत पनि छैनन्, *रइस*मा । 'जालीमा...' भने तुलनात्मक रूपमा श्रुतिमधुर छ । सिनेमाटोग्राफी र सम्पादन पनि शाहरुखकेन्द्रित मात्र छ । तर, संवाद यसको सशक्त पक्ष हो । धन्दाबारे रइसलाई आमाले सिकाएको कुरा अनि अपराधी भईकन पनि जनताप्रति रइसको प्रेम लोभलाग्दो छ । धर्म र धन्दालाई अलग राख्ने सोच प्रशंसनीय छ ।

खासमा रइस नायक र भिलेनको समिश्रण हो तर यही विपरीत व्यवहार र मनोविज्ञानलाई केन्द्रमा राखेर रइसको चरित्रचित्रण गरिएको छैन । शाहरुखको लुक्समा मात्र थोरै सही, नयाँपन आभास हुन्छ । नवाजउद्दिनको चरित्र र अभिनय बलियो छ । पात्रको 'डिटेलिङ'मा जाने शैलीलाई उनले यसपटक पनि पछ्याएका छन् । माहिराको सुन्दरता मन लोभिने भए पनि अभिनय औसत छ । शाहरुखको साथीका रूपमा देखिएका मोहम्मद अयुब र मालिक बनेका अतुल कुलकर्णीले सम्झनलायक काम गरेका छन् ।

कन्टेन्ट र कलात्मकताभन्दा स्टारडममा भर परेकाले *रइस* हेर्दा आँत भरिन्न ।

गोकर्ण गौतम

अचानक

'उद्योग बन्दै छन् पुस्तक'

भारतको सिपाही विद्रोह दबाउन अंग्रेजलाई सघाएबापत जंगबहादुरले सुगौली सन्धिमा गुमेको बाँके, बर्दिया, कैलाली र कञ्चनपुर उपहारस्वरूप फिर्ता ल्याए । यसमध्येकै नेपालगन्जको आफ्नै इतिहास भए पनि गहन अध्ययनका कुनै पुस्तक अहिलेसम्म प्रकाशनमा छैनन् । कथाकार एवं प्रज्ञा-प्रतिष्ठानका पूर्वसदस्य-सचिव **सनत रेग्मी**ले त्यो कमी पूरा गर्दै छन् । असोज ०७४ मा जन्मोत्सवको छेको पारेर विमोचन गर्ने गरी उनले पुस्तक लेखनलाई तीव्रता दिएका छन् । रेग्मीसँगको कुराकानी :

नेपालगन्जबारे के लेख्दै हुनुहुन्छ ?

यो एउटा पुरानो सहर हो । काठमाडौँका तीन सहर, पोखरा र पाल्पापछि नेपालगन्ज बसेको हो । वीरगन्ज र विराटनगरभन्दा जेठो छ । ०३६ सालतिर उपन्यास लेख्न मैले इतिहास खोजेँ । थुप्रै पुराना व्यक्तिसँग अन्तर्वार्ता लिएँ । तर, उपन्यास लेख्न सकिनँ । मेरो मथिंगलमा नेपालगन्ज भने घुमिरह्यो । त्यही नलेखिएको इतिहास लेख्दै छु ।

के यो सहरको कथा हो ?

हो तर यो सहर कथा मात्र होइन । मैले म जन्मेको सहरका रूपमा नेपालगन्ज, यहाँको इतिहास, किंवदन्ती र आफ्नो आत्मसंस्मरण लेखिरहेको छु । म साहित्य, राजनीति र समाजसेवामा सक्रिय भएँ । राजनेताहरू बीपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, मनमोहन अधिकारीसँगका अनुभूतिहरू पनि पुस्तकमा समेटेको छु ।

कसरी आयो यो सोँच ?

म ७० वर्ष लागेँ । यो आफैँमा ठूलो अनुभव रहेछ । जन्मोत्सव मनाइरहँदा एउटा सम्झनलायक पुस्तक लेख्नेबारे मैले साहित्यकारहरूलाई बताएँ । कवि श्यामलले ७० वटा संस्मरणको पुस्तक लेख्न सल्लाह दिए । लेख्न बस्दा यो सहरकेन्द्रित आफ्नै आत्मसंस्मरण बन्यो । फागुन दोस्रो साता एकसरो लेखन पूरा गर्छु ।

तपाईं कथाकार । अहिले बजारमा आएका कथा-साहित्यलाई कसरी हेर्नुभएको छ ?

म कथाकारभन्दा पहिले पाठक पनि हुँ । मैले घरमै पुस्तकालय बनाएको छु । पाठकका आ-आफ्नै रुचि हुन्छन् । हिजो बौद्धिक पुस्तक आउँथे । त्यसले बौद्धिक वर्गलाई मात्र आकर्षित गर्थ्यो । अहिले पुस्तक उद्योग बन्दै छन् । लेखक, साहित्यकार र पब्लिकेसन्सहरू उपभोक्ता हेरेर पुस्तक बजारमा ल्याउँछन् । गहन विषयवस्तुभन्दा संस्मरण र मनोरञ्जनात्मक कथा र उपन्यास बढी बिकिरहेका छन् । पुस्तक किन्यो, पढ्यो, आनन्द लियो, बिर्स्यो खालका । युवा पुस्ता लक्षित यी पुस्तकको खास आयु छैन । तर, गम्भीर साहित्यलाई ओझेलमा पारेको छ ।

अर्को कथासंग्रह कहिले आउँछ ?

तराई जीवनका कथाहरूको एउटा संग्रह छिट्टै प्रकाशन गर्दै छु । त्यसमा *लछमनियाको गौना* (०५१)का कथाहरू पनि रहने छन् । *लछमनियाको गौना*मा छोटो फिल्म पनि बन्दै छ ।

राजधानीबाहिर पनि साहित्य महोत्सव सुरु भएका छन् । कसरी लिनुहुन्छ ?

एकदमै राम्रो । विदेशीले मात्र होइन, स्वदेशीले पनि काठमाडौँ खाल्डोलाई मात्र नेपाल देखे । नेपाल भनेको हिमालदेखि तराईसम्म र मेचीदेखि महाकालीसम्म फैलिएको छ भन्ने देखाउन पनि सबै क्षेत्र, भाषा र समुदायका साहित्य, संस्कृति र कला खोजिनुपर्छ । पोखरा, झापा र अन्यत्र पनि भइरहेका साहित्य महोत्सवले नेपालगन्जलाई पनि पक्कै प्रेरित गरेको छ ।

॥ जनक नेपाल

रामबहादुर रावल

यी सुधीर बस्नेतहरू

सहकारीमार्फत सर्वसाधारणको रकम ठगी गरेको अभियोगमा ओरियन्टल सहकारीका सञ्चालक सुधीर बस्नेत जेल गए । कारण, उनले ठूलाबडाको रकम डुबाए । तर, यहाँ सर्वसाधारण, गृहिणी, स-साना कुटिर उद्योग र नाङ्लो पसलेलाई हाकाहाकी ठग्ने सुधीर बस्नेत प्रवृत्तिहरू सडकमा ढुक्रेर हिंडेका छन् ।

नयाँ पसल वा सानोतिनो उद्यम खुल्न पाएको छैन, एजेन्टहरू आइपुग्छन् । एक दिन होइन, दुई दिन होइन । एक जना होइन, दुई जना होइन । न मान्छे चिनेको छ, न उनीहरूको संस्थासँग कुनै साइनो छ । भन्छन्, 'लौ शुभकार्यमा किन ढिला ? एउटा खाता खोलिहालौं ।'

कोही भन्छन्, हामी पाँच प्रतिशत ब्याज दिन्छौं । ६-६ महिनामा हातैमा ब्याज । दसैंमा बोनस । लगत्तै अर्को आउँछ, हामी त तीन-तीन महिनामै ब्याजमा स्याज जोड्छौं । ब्याज पनि चार-पाँच होइन, सात प्रतिशत । फेरि अर्को आएर भन्छ, 'हामी दस प्रतिशत ब्याज दिन्छौं ।' झन् अर्को भन्छ, 'पाँच वर्षमा तपाईंको पैसा दोब्बर ।'

आफ्नो पैसाको पैसा, त्यसमाथि ब्याज, स्याज र बोनस । ससानो रकम बचत हुँदै जाने, परी आउँदा गर्जो टर्ने । मक्ख परेर बचत गर्न थाल्छन् सर्वसाधारण । भोक लाग्यो भन्दै कराउने बालबच्चाको मुखमा मुड्की बजारेर भए पनि सहकारीको खातामा पैसा भर्छन् ।

वर्ष-दुई वर्ष दुहिसकेपछि सहकारीवाला बटारिन थाल्छन् । खोइ ब्याज ? 'अहिले किन चाहियो ? समस्या परे ऋण लिनूस् न !' खोइ बोनस ? 'आउँछ भनेपछि आउँछ । तपाईंको पैसा खाएर भाग्छौं ?' बचतकर्ताको अन्तिम आग्रह हुन्छ, त्यसो भए मेरो पैसा फिर्ता लेऊ ।

अन्ततः उनीहरूले खोजेकै यही हुने रैछ । भाका पूरा नगरी बीचैमा खाता बन्द गर्न बचतकर्ता तम्सिन्छ, त्यसपछि क्यालकुलेटर थिच्न थालिहाल्छन् । र, जम्मा भएको रकम घटाउन थाल्छन्, एकएक गरी । खाता खोलेबापत दुई सय रुपियाँ । बीचैमा खाता बन्द गरेबापत हर्जाना पाँच प्रतिशत । ब्याज, बोनस पाएको छ भने त्यो पनि फिर्ता ।

वर्षभरि बचतकर्ताबाट रकम उठायो, २३-२४ प्रतिशतसम्म ब्याजमा लगायो । बचतकर्तालाई भने दिन्छु भनेको ब्याज पनि नदिई बीचैमा आफैं निहुं खोजेर उल्टै हर्जाना कटाएर पठायो । यस्तो काइदाको धन्दा हो, सहकारी ।

सहकारी एक संगठित ठगी

यस्तै एक सहकारीको कारोबार बुझ्ने मौका पाइयो । दैनिक १ सय ७० रुपियाँका दरले बचत उठाउने । तीन वर्षमा दुई लाख रूपियाँ डल्लै फिर्ता दिने । यस अवधिभर हरेक दसैंमा चार हजार बोनस, ६-६ महिनामा ब्याज हातैमा दिने । यस्तैयस्तै प्रलोभनका पोका बाँड्दै रकम उठाउँदो रहेछ, बानेश्वरस्थित वाराही बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड ।

दसैंमा दिन्छु भनेको कथित बोनस तिहार र छठ बितेपछि पनि दिन आनाकानी गर्‍यो । ६-६ महिनामा दिने भनेको ब्याज एक वर्ष बित्दा पनि दिने सुरसार गरेन । पासबुकमा हेर्‍यो, तीन-तीन महिनामा ब्याज दिने लेखिएको छ । सोधियो, 'लेखेको त यस्तो छ नि ?' जवाफ रेडिमेड थियो, 'यो त सरकारलाई देखाउन पो लेखेको । नियम पूरा गर्नुपरेन ?'

नियम पुर्‍याउने यो काइदाले झनै शंका उब्जायो । बचत फिर्ता माग्नुपर्ने भयो । सहकारीका कर्मचारी-व्यवस्थापक सुरूमा त कहाँ बीचैमा पैसा झिक्न पाइन्छ भन्दै बटारिए । केही दिनको गलफत्तीपछि 'ब्याज-स्याज केही नपाउने, मूल धनबाट पाँच प्रतिशत हर्जाना कटाउने' कागजमा सही गर्न दबाब दिन थाले ।

सहकारी विभागका एक पूर्वरजिस्ट्रारलाई फोन गरियो । उनले भने, 'यी सहकारीवाला कतिखेर भाग्छन्, ठेगान छैन । पहिला जति पैसा दिन्छन्, लिइहाल्नोस् । बाँकी रकमका लागि पछि कानुनी लडाइं लड्नुहोला ।' नेपाल सरकारका सहसचिवको यो भनाइ खोजेको समाधान थिएन । त्यसले झन् बेचैन बनायो ।

प्रहरी गुहारियो । प्रहरीले दुवै पक्षलाई छलफलका लागि बोलायो । छलफलमा कर्मचारी-सञ्चालक मात्र थिएनन् । कानुन व्यवसायी र आफूलाई पत्रकार भन्नेसम्म सहकारीको पक्षमा वकालत गर्न पुगेका थिए । म भन्छु, 'यो त सरासर ठगी हो । ठगीमा मुद्दा चलाइयोस् ।'

प्रहरीको प्रश्न, 'कसरी ठगी भयो ?'

एक, सहकारीले आफ्नो इलाकाभन्दा बाहिर गएर रकम उठाउन पाउँदैन । यसका एजेन्ट मोटरसाइकलमा उपत्यकाभरि डुल्छन् र घरघरै गएर रकम असुल्छन् । दुई, सहकारीले बचत उठाउन होस् वा ऋण लगानी गर्न, आफ्ना सेयर सदस्यसँग मात्र कारोबार गर्नुपर्छ । यस संस्थाले अहिलेसम्म हामीलाई सेयर सदस्यता दिएको छैन । एउटा पनि साधारण सभामा बोलाएको छैन र वित्तीय अवस्थाबारे जानकारी गराएको छैन । सेयर सदस्यता नै नभएपछि लाभांश दिने कुरै भएन । तीन, सहकारीले ठूलो ब्याज वा बोनसको प्रलोभन दिएर रकम जम्मा गर्ने योजना सञ्चालन गर्न पाउँदैन । चार, यसले दिन्छु भनेको ब्याज, बोनस त दिएन नै, उल्टै बचत रकममा हर्जाना कटाउँछु भन्नु सरासर सहकारी सिद्धान्तविरुद्ध छ । यो जालसाजी हो, सरासर मुद्दा चलाइपाऊँ ।

प्रहरी भने आफैं न्यायाधीशजस्तो भएर मेलमिलाप गराउन तम्सिन्छ । पीडकतिर फर्केर भन्छ, तपाईंले यतिसारो गर्न कहाँ पाउनुहुन्छ ? पीडितलाई सम्झाउँछ, तपाईंले भनेजस्तै पनि हुँदैन ।

सांसदको ध्यान कता ?

बुझ्दै जाँदा थाहा भो, प्रायः सहकारीको त धन्दा नै यस्तै रहेछ । तिनका सिकार बजारभरि रहेछन् । मीठामीठा प्रलोभन दिएर बचत उठाउने, लामो अवधिका खाता खोल्न लगाउने अनि अवधि पूरा नहुँदै कुनै न कुनै निहुं पारेर बचतकर्तालाई बीचैमा रकम झिक्न लगाउने । ब्याज, बोनस दिनु नपर्ने । उल्टै साँवा रकममा पाँच प्रतिशत हर्जाना कटाउने । बचतकर्ताको बाध्यता र अज्ञानता अनि नियमनकारी निकायको नालायकीलाई मजैले कमाउने धन्दा बनाएका रहेछन् सहकारीहरूले । सहकारीलाई सरकारले छुन नपाउने कानुनका पैरवीकर्ता माननीयहरूले यतातिर पनि ध्यान दिने कि ! ◆

NEPAL'S NO.1 FOOTWEAR BRAND
SHIKHAR
हाम्रो परिवार, शिखर परिवार . . .
SHIKHAR
१५%* छुट कमालको
चप्पल र जुत्ता धमालको
नयाँ वर्ष २०१७ को
शुभ-अवसरमा
शिखर शुको कुनैपनि
जुत्ता वा चप्पलको खरिदमा
पाउनुहोस् १५%
नगद छुट ।
यो योजना पुष १८ गतेसम्म शिखर शुको शोरूममा मात्र लागू गरिएको छ ।
An ISO 9001:2008 Certified Company
Shikhar Shoe Industries Pvt. Ltd., Ranibari - 3, Kathmandu, Nepal
For Trade Inquiry: New Road, Guccha Tole, Tel: 01 4252234, 01 4259133, Mob: 9801015827
www.shikharshoe.com I www.facebook.com/shikharshoe I Email: shikharshoe@gmail.com

END OF SEASON SALE

FLAT 25% OFF*

*T&C apply. VAT extra.

Available at over 120 Exclusive Brand Outlets across India.

Exclusive Brand Outlet: Shop No. 001, Ground Floor, Labim Mall, Pulchowk, Lalitpur, Kathmandu, Ph.: +977 - 5538294

Online Partners: amazon.in flipkart.com myntra.com snapdeal JABONG.COM abof.com AJIO.COM